सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ जेठ २०८०, बुधबार (17 May 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ३४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

नक्कली शरणार्थी बनाउन फाराम भर्न र पैसा उठाउन ललितपुरमा कार्यालय नै खोलेका थिए आङटावाले

भुटानी शरणार्थी बनाउन भन्दै जुटाइएका युवालाई विश्वास दिलाउन तत्कालीन गृहसचिव टेकनारायण पाण्डे पनि पुग्थे वेलावेला शेर्पाको कार्यालय

पीडित उजुरी लिएर आएका थिए, आङटावाले दुई महिनाभित्र सबैको पैसा तिर्ने प्रतिबद्धता जनाएका थिए

● **ल्हाक्पा शेर्पा,** महासचिव, शेर्पा संघ



भुटानी शरणार्थी बनाएर विदेश पठाइदिने भन्दै आङटावा शेर्पाले रकम असुल गर्‍यो, तर हालसम्म न परिचय पत्र बनाइदियो, न रकम फिर्ता गर्‍यो भनेर पीडितहरू संघमा उजुरी लिएर आएका थिए। हामीले आङटावालाई बोलाएर छलफल पनि गर्‍यौं। दुई महिनाभित्र सबैको रकम फिर्ता गर्छु भनेका थिए। तर, पछि रकम फिर्ता गरे कि गरेनन् त्यस विषयमा अपडेट छैन।



दानबहादुर कार्की
प्रमुख, काठमाडौं प्रहरी परिसर

आङटावा शेर्पामाथि हामी अनुसन्धान गरिरहेका छौं। वास्तविकता के हो खुल्दै जाला।

टेकराज थामी/नयाँ पत्रिका

भुटानी शरणार्थी बनाएर विदेश पठाइदिने भन्दै पैसा उठाउन तथा कागजात मिलाउने प्रयोजनका लागि कांग्रेस पूर्वसांसद आङटावा शेर्पाले ललितपुरमा कार्यालय नै सञ्चालन गरेको पाइएको छ। यसरी पैसा उठाउन तीन लटमा तीन ठाउँमा कार्यालय राखिएको पीडितहरूले बताएका छन्। यही प्रकरणमा शेर्पा अहिले हिरासतमा छन्।

ठगी धन्दाका लागि खोलिएको कार्यालयमा पूर्वसांसद शेर्पा आफैं बस्थे। उनको

» पृष्ठ ११ मा क्रमशः

■ एक वर्षअघि शरणार्थीको फाराम भर्न सानेपास्थित शेर्पाको कार्यालयमा पुगेका युवा



■ अहिले त्यो कार्यालय शेर्पाले छाडिसकेका छन्, नयाँ भाडामा नलागेकाले रित्तो छ





● **सोमबार आफैं प्रहरी परिसर टेकु पुगेका शेर्पा साँझ तारेखमा छुट्ने तयारीमा थिए। तर, महानगरीय प्रहरी कार्यालय रानीपोखरीबाट अनुसन्धान गर्नुपर्ने भएकाले उनलाई हिरासतमै राख्न निर्देशन आएपछि रोकिएका थिए। उनीमाथि अनुसन्धानका लागि मंगलबार तीन दिनको म्याद थप गरिएको छ।**

अनुसन्धान अन्तिमतिर, दबाबमा प्रहरी

नयाँ पत्रिका

राज्यकै संलग्नतामा नेपाली नागरिकलाई शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै भएको संगठित ठगी घटनाको अनुसन्धान अन्तिम चरणमा पुगेको छ। बिहीबारभित्र रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाउने प्रहरी तयारी छ।

अनुसन्धान अन्तिम चरणमा पुगे पनि यो प्रकरणका कतिपय पक्ष अझै खुल्न सकेका छैनन् भने थप उच्चपदस्थमाथि पनि प्रहरीले बलिया प्रमाण जुटाउन सकेको छैन। अनुसन्धानको हदम्याद सकिन लाग्दा प्रहरी दबाबमा परेको छ। यद्यपि, पक्राउ परिसकेका व्यक्तिविरुद्ध भने प्रहरीले बलिया प्रमाण जुटाइसकेको छ।

१३ जना हिरासतमा रहेको यो मुद्दामा १२ जनाको बयान सम्पन्न भइसकेको छ। मंगलबार प्रहरीमा उपस्थित भएका पूर्वसभासद् आङटावा शेर्पाको बुधबार बयान हुनेछ। उनको बयान सकिएपछि बिहीबार रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउने तयारी भइरहेको प्रहरीले जनाएको छ। जिल्ला सरकारी वकिल कार्यालयले छिटो प्रतिवेदन बुझाउन प्रहरीलाई आग्रह गरेको छ।

'अब एकजनाको मात्र बयान बाँकी भएकाले बिहीबारसम्म प्रतिवेदन आउँछ भन्ने छ,' जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपाने भन्छन्, 'अनुसन्धान प्रतिवेदन हेरेर कुन-कुन मुद्दामा अभियोजन गर्ने तय गर्नेछौं।'

पक्राउ परेका सबैलाई संगठित अपराध र ठगी मुद्दा चल्ने

» पृष्ठ ११ मा क्रमशः

खाण निलम्बनको विषयले कांग्रेसमा दुई धार

संस्थापन समूह अनुसन्धानको टुंगो नलागेसम्म पर्खने, इतर समूह तत्काल निलम्बन गर्नुपर्ने पक्षमा



● **गगन थापा,** महामन्त्री, कांग्रेस

नक्कली भुटानी शरणार्थी प्रकरणमा पार्टीका केन्द्रीय तहदेखि विभिन्न जिम्मेवारीमा रहेका व्यक्तिहरू संलग्न रहेको आरोपमा पक्राउ परिसकेपछि अब यो पक्राउ परेका व्यक्तिको निजी विषय हो। पार्टीमा क्रियाशील कुनै व्यक्ति भ्रष्टाचार वा अपराधमा संलग्न हुन सक्छ। तर, थाहा भएको दिन पार्टीले त्यसको भारी बोक्न सक्दैन, बोक्नु हुँदैन। पार्टीको तर्फबाट हामीले भन्ने यति मात्र हो- अनुसन्धान निष्पक्ष हुनुपर्छ, निर्दोष पर्नुहुन, दोषीले सजाय पाउनुपर्छ। दोषी र निर्दोष छुट्याउने कानुनी प्रक्रियाबाट हो।



● **डा. प्रकाशशरण महत,** प्रवक्ता, कांग्रेस

नक्कली शरणार्थी प्रकरण गम्भीर विषय हो। पार्टीले गम्भीरताका साथ लिएको छ। आरोपित व्यक्तिमा बालकृष्ण खाण पनि हुनुहुन्छ। उहाँले आफूलाई निर्दोष साबित गर्नु भन्नुभएको छ। नक्कली शरणार्थी प्रकरणमा दूधको दूध पानीको पानी होस्। पार्टी स्पष्ट छ, निर्दोष नफसून्, दोषी नउम्किऊन्। परिपक्व अनुसन्धानबाट नतिजा आइसकेपछि हामी के गर्ने भन्ने निर्णय गर्छौं।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

नक्कली शरणार्थी प्रकरणमा पक्राउ परेका नेता बालकृष्ण खाणलाई पार्टी केन्द्रीय सदस्यबाट निलम्बन गर्ने विषयमा कांग्रेस केन्द्रदेखि तल्लो तहसम्म विभाजित बनेको छ। पूर्वगृहमन्त्रीसमेत रहेका खाणलाई मुद्दाको किनारा नलागेसम्म पार्टीको जिम्मेवारीबाट अलग राख्ने विषयमा कांग्रेसमा दुई धार देखिएको हो। संस्थापन समूह तत्काल निलम्बन नगर्ने पक्षमा छ भने इतर समूहले निलम्बन गर्दा पार्टी हितअनुकूल हुने मत राख्दै आएको छ। हालसम्म यस विषयमा कांग्रेसले आधिकारिक धारणा सार्वजनिक भएको छैन।

प्रवक्ता डा. प्रकाशशरण महतले खाणको विषयमा अनुसन्धान टुंगो नलागेसम्म

» पृष्ठ ११ मा क्रमशः

■ चुनाव भएको ६ महिनापछि सुरु भए संसदीय समितिका कामकारबाही

नेतृत्व चयन बाँकी, आचारसंहिता बनाउन माग



■ सार्वजनिक लेखा समिति : **समितिका गतिविधिको प्रत्यक्ष प्रसारण गर्ने निर्णय**

■ अर्थ समिति : **आगामी बजेटबारे अर्थमन्त्रीसँग छलफल गर्ने**

■ राज्य व्यवस्था तथा सुशासन समिति : **नक्कली भुटानी शरणार्थी प्रकरणबारे छलफल**

■ कानुन समिति : **कार्यविधिको मस्यौदा पेस गर्न सचिवालयलाई निर्देशन**

■ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति : **समितिको कार्यक्षेत्रबारे छलफल**

■ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति : **पूर्वसदस्यहरूसँग अन्तर्क्रियाको माग**

■ कृषि, सहकारी तथा प्राकृतिक समिति : **सम्बन्धित मन्त्री र सचिवसँग छलफल गर्ने निर्णय**

■ महिला तथा सामाजिक मामिला समिति : **आयोगहरूसँग छलफल गर्ने निर्णय**

■ पूर्वाधार विकास समिति : **सम्बन्धित मन्त्री र सचिवलाई बोलाएर छलफल गर्ने निर्णय**

■ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति : **समितिको कार्यक्षेत्रको विषयमा छलफल**

■ टीकापुर घटनामा रेशम चौधरीले सर्वोच्चबाट पनि पाएनन् राहत



सर्वोच्चद्वारा पूर्वसांसद रेशम चौधरीलाई जन्मकैद हुने उच्च अदालतको फैसलालाई सदर

(विस्तृत पृष्ठ ३)

विद्युतीय चुरोटभित्र लुकाएर विमानस्थलबाट ६ करोडको सुन तस्करी, भन्सार कर्मचारीकै मिलेमतो

नवराज मैनाली/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फेरि कर्मचारीको मिलेमतोमा करिब ६ करोड मूल्यबराबरको सुन तस्करी भएको छ। विमानस्थलस्थित भन्सारकै कर्मचारीसँगको मिलेमतोमा ६ किलो सुन तस्करी भएको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले विमानस्थल भन्सारका नायब सुब्बा रेवन्त खड्कासहित चारजनालाई पक्रिएर अनुसन्धान गरिरहेको छ। पक्राउ पर्ने अन्यमा एक भन्सार एजेन्ट र दुई सुन व्यापारी छन्।

[विद्युतीय चुरोटभित्र लुकाएर ल्याइएको सुन विमानस्थल भन्सारले बरामद गऱ्यो, तर भन्सारकै नासुले तस्करसँगको मिलेमतोमा चुरोट साटफेर गरेर पास गराए]

प्रारम्भिक अनुसन्धानमा मिलेमतोमा तस्कर समूहले विद्युतीय चुरोटभित्र लुकाएर सुन तस्करी गरेको खुलेको छ।

घटना केही दिनअघिको हो। विमानस्थल भन्सार कार्यालयले विद्युतीय चुरोट राखिएका दुई सुटकेस बरामद गरेको थियो। एकै व्यक्तिले ठूलो मात्रामा विद्युतीय चुरोट विदेशबाट ल्याएको देखेपछि भन्सारले अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो। ती सुटकेस चीनबाट ल्याइएको थियो। सुटकेस भन्सारमा रहेका वेला नासु खड्काले अर्को विद्युतीय चुरोट साटफेर गरेर त्यसलाई पास गराएका थिए। खड्का भन्सारको मुद्दा शाखाका कर्मचारी हुन्।

'नासु रेवन्त खड्काले नै भन्सारको गोदामबाटै विद्युतीय चुरोट साटफेर गरेको पुष्टि भएको छ,' भन्सार कार्यालय स्रोतले भन्यो। व्यापारीले भन्सार एजेन्टमार्फत नासु खड्कालाई आर्थिक प्रभावमा पारी सुन तस्करी गराउन सफल भएका थिए। साटफेर गरिएको विद्युतीय चुरोट पनि प्रहरीले बरामद गरेको छ। भन्सार कार्यालयकै आन्तरिक छानबिनमा अनुसन्धानमा रहेको विद्युतीय चुरोट साटफेर भएको देखिएको थियो। त्यसको थप छानबिनका लागि उसले सिआइबीलाई पत्राचार गरेपछि वास्तविकता बाहिर आएको हो।

विमानस्थल भन्सार कार्यालयका प्रमुख अरुण पोखरेलले नासु खड्का पक्राउ परेको जानकारी भए पनि अनुसन्धानको विस्तृत विषय प्रहरीले जानकारी नगराएको बताए। सिआइबीका प्रवक्ता एसपी नवराज अधिकारी अनुसन्धानका लागि नासुसहित चारजनालाई पक्राउ गरिएको बताउँछन्। तर, अनुसन्धान पूरा भएपछि मात्र विस्तृत

» पृष्ठ ११ मा क्रमशः

संघीय मामिलामन्त्री मोदीले पिएलाई बनाए प्रतिष्ठानको कार्यकारी निर्देशक



अमनलाल मोदी
मन्त्री



कानुनलाल चौधरी
स्वकीय सचिव

● स्थानीय विकास कार्यसँग सम्बन्धित स्थानीय तहका व्यक्तिका लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्य बोकेको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा विषयविज्ञ र अनुभवीलाई प्राथमिकता नदिई राजनीतिक पहुँचका आधारमा कानुनलाल चौधरीले नियुक्ति पाएका हुन्।

● स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को दफा १२ मा नेपाल सरकारले प्रशिक्षणसम्बन्धी काममा विशेष अनुभव प्राप्त व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न वा तोक्न व्यवस्था छ। यसमा चौधरीको अनुभव छैन। तर, उनले विशिष्ट श्रेणीबराबरको तलब सुविधा हुने गरी प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्त पाएका छन्।



सुवास भट्ट/नयाँ पत्रिका

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले आफ्ना प्रमुख स्वकीय सचिवलाई मन्त्रालयअन्तर्गतको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्ति दिलाएका छन्। मन्त्री मोदीको प्रस्तावमा मन्त्रिपरिषद्को गत १४ चैतको बैठकले प्रतिष्ठानको कार्यकारी निर्देशकमा कानुनलाल चौधरीलाई नियुक्त गरेको हो।

स्थानीय तहका जनप्रतिनिधि र राजपत्र अनंकित कर्मचारीलाई प्रशिक्षण दिने प्रतिष्ठानमा यस विषयमा अनुभव तथा

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ANKURAM
अङ्कुरम् Academy
"School For Life"
World Class Education in Chitwan
Outstanding Achievement in IOE & AFU Entrance-2079
ADMISSIONS OPEN Grade 1 to 9
Limited SEATS
Bimala Sapkota
Full Scholarship
BE, Pulchowk
Shishir Dahal
Full Scholarship
BE, Pulchowk
Akrurmani Paudel
Full Scholarship
BE, Pulchowk
Anupa Ranabhat
Full Scholarship
BE, Pulchowk
Anu Thapa Magar
2nd Position
Full Scholarship
B.V.SC. & A.H.
Simran Chapagain
5th Position
Full Scholarship
B.V.SC. & A.H.
Bharatpur-7, Krishnapur, Chitwan | info@ankuram.edu.np | 9801567404/9801567405

अस्ट्रेलियाले फिर्ता गऱ्यो रत्नेश्वरको टुँडाल

काठमाडौं/ विभिन्न माध्यमबाट अस्ट्रेलिया पुगेको पाटनको १३औँ शताब्दीको रत्नेश्वर मन्दिरको टुँडाल ४८ वर्षपछि फिर्ता भएको छ। ललितपुरको सुलिमा टोलस्थित मन्दिरको उक्त टुँडाल अस्ट्रेलियाले नेपाललाई मंगलबार फिर्ता गरेको हो।

आर्ट ग्यालरी न्यु साउथ वेल्सका निर्देशक माइकल ब्रान्ड र नेपाल भ्रमणमा रहेका अस्ट्रेलियाका सहायक परराष्ट्रमन्त्री माननीय टिम वाट्सले मन्दिरका मुख्य पुजारी हेरम्बराज राजोपाध्यायलाई फिर्ता गरेका हुन्। टुँडाल हस्तान्तरण कार्यक्रममा संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारी र ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन सहभागी थिए। सहायक परराष्ट्रमन्त्री टिम वाट्स मंगलबार नेपाल भ्रमणमा आएका हुन्। टिम वाट्सले आर्ट ग्यालरी न्यु साउथ वेल्सको प्रशंसा गर्दै अस्ट्रेलियाले उच्च नैतिक व्यवहार र अन्तर्राष्ट्रिय मान्यताअनुसार काम गर्न प्रतिबद्ध रहेको तथ्य प्रदर्शन गरेको बताए।

टिम वाट्सले भने, 'आज उत्सव मनाउने समय हो, किनभने यो स्पष्ट भयो कि अस्ट्रेलिया र नेपालको सम्बन्ध फस्टाउँदै छ,' उनले भने, 'नेपालमा जलवायु परिवर्तन, प्रकोप पूर्वतयारी र सुशासनका क्षेत्रमा सहकार्य गर्न पाउँदा हामीलाई खुसी लागेको छ। अस्ट्रेलिया र नेपालबीच सीधा हवाई उडान गर्नेलगायत पहल गर्न उत्साहित छौं।'

आर्ट ग्यालरी न्यु साउथ वेल्सका निर्देशक माइकल ब्रान्डले नेपालको महत्त्वपूर्ण सम्पदा फिर्ता गर्न पाउँदा खुसी लागेको बताए। ०३२ मा चोरी भएर विभिन्न माध्यमबाट टुँडाल गैरकानुनी तरिकाले अस्ट्रेलियासम्म पुगेको थियो।

कोन्ज्योसोमवासी भन्छन्-
गाउँपालिकाले नै भेदभाव गऱ्यो

नयाँ पत्रिका

ललितपुरको कोन्ज्योसोम गाउँपालिकामा मंगलबार सम्पन्न सार्वजनिक सुनुवाइमा सहभागीले पालिकाले नै भेदभाव गरेको आरोप लगाएका छन्। उनीहरूले पालिकाले सबै क्षेत्रलाई समान रूपले नहेरेको बताएका हुन्।

गाउँपालिकाले कुनै क्षेत्रलाई काखा र कुनै क्षेत्रलाई पाखाको व्यवहार गर्दा सर्वसाधारणले सास्ती भोग्नुपरेको बताए। स्थानीय महेन्द्र लामाले कोन्ज्योसोम गाउँपालिकाका कारण पालिकाका सबै क्षेत्रमा खानेपानीको समान वितरण नभएको बताए। 'यस क्षेत्रमा समस्या धेरै छन्, खानेपानी, शिक्षा, स्वास्थ्यमा यो क्षेत्र पछि नै परेको छ,' उनले भने, 'अझ गाउँपालिकामा सेवा लिन आउँदा कर्मचारी नै हुँदैनन्।'

यो गाउँपालिका ललितपुरको लगनखेलदेखि करिब ४६ किमि टाढा पर्छ। तर, यहाँ काम गर्ने सबैजसो कर्मचारी सहरी क्षेत्रबाट नै ओहोरदोहोर गर्छन्। टाढाको कार्यालय भएपछि कतिपय कर्मचारी नियमित कार्यालय जाँदैनन्। कर्मचारी नियमित कार्यालय नजाँदाको असर सेवाग्राहीलाई परेको छ। स्थानीय डोल्मा तामाङले भनिन्, 'एउटै काममा पनि बारम्बार



गाउँपालिकाले मंगलबार आयोजना गरेको सार्वजनिक सुनुवाइमा सहभागिता जनाउँदै सर्वसाधारण। तस्बिर : नयाँ पत्रिका

आउनुपर्छ। सडक र खानेपानीको समस्या ज्युँका त्युँ छ।' उनले यस क्षेत्रमा बालविवाह र आत्महत्याका घट्ना बढेकाले त्यसलाई रोकथाम गर्नतिर पालिकाले चासो दिनुपर्ने बताइन्। 'यस क्षेत्रमा कृषि र पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले खासै चासो दिएको छैन,' उनले भनिन्, 'बालविवाह पनि बढेको छ, यसबारे गाउँपालिकाले चासो दिन आवश्यक छ।' असारयता प्रहरी तथ्यांक हेर्दा कोन्ज्योसोममा ११ जनाले आत्महत्या गरेका छन्। अर्का स्थानीय चन्द्रमान लामाले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घटेकाले यसतर्फ चासो दिनुपर्ने बताए। यहाँ रहेका सामुदायिक विद्यालयलाई सुधार गर्न आवश्यक रहेको लामाले बताए। 'विद्यालय पनि पायक पर्ने स्थानमा छैनन्, भएका विद्यालयमा पनि राम्रो पढाइ हुँदैन, स्थानीय भाषामा पनि पढाउन सुरु गरिएको छैन,' उनले भने।

पालिका अध्यक्षको प्रतिबद्धता : स्थानीयको माग आगामी वर्ष पूरा हुन्छन्



पालिकाका अध्यक्ष कृष्णमान लामाले सुशासनलाई प्राथमिकतामा राखेर काम गरेको र सडक, यातायात, शिक्षा, स्वास्थ्यजस्ता विषयका योजनाअनुसार नै काम भइरहेको दाबी गरे। उनले स्थानीयले उठाएका सवाललाई आगामी वर्षको नीति तथा कार्यक्रममा समावेश गरिने प्रतिबद्धता जनाए। 'हामीले नगरपालिकालाई चुस्त र व्यवस्थित बनाउने गरी काम गरिरहेका छौं,' उनले भने, 'यस वर्षका धेरै काम सञ्चालनकै चरणमा छन्, अहिले उठेका महत्त्वपूर्ण विषयलाई आगामी वर्षको कार्यक्रममा समावेश गर्छौं।' पालिकाले तामाङ भाषामा पठनपाठन गराउन पाठ्यक्रम तयार पारेको उनले बताए। त्यसका लागि शिक्षक अभाव रहेकाले शिक्षक व्यवस्थापनमा लागिरहेको बताए। उनका अनुसार पालिकाले आगामी वर्ष अपांगमैत्री शौचालय निर्माण, स्थानीय सडक व्यवस्थापन, खानेपानी, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत विषयलाई प्राथमिकतामा राखेर काम गर्ने बताए।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा प्रा.फ.र.नं. ३२९/५१९३/०७१/०७२ अन्तर्गत मिति २०७१/११/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ४ स्थित **बैजनाथ पोल्ट्री फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता: मिना पुन**	१) देवी प्रसाद उपाध्यायको छोरी, जय प्रसाद उपाध्यायको बुहारी, चन्द्र प्रसाद उपाध्यायकी पत्नी बाँके जिल्ला, गाउँफर्क गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ६ बस्ने गंगा कुमारी उपाध्यायको नाममा मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, सितापुर गा.वि.स. वडा नं. ३ (हाल खजुरा गा.पा. वडा नं. २) स्थित कित्ता नं. ४९५, ५०४, ५०१, ४७६, ४९१, ४८२, ४८५, ४८८, ५००, ४७९, ५०३, ४९४, ४९७ र ५०६ को क्षेत्रफल क्रमश: १७०, १७०, १७०, १४२.५०, १७०, २३३.६२, १७०, १७०, १७०, १८०, १७०, १७०, १७० र १७० (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जय प्रसाद उपाध्यायको नाती, चन्द्र प्रसाद उपाध्यायको छोरा बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ४ बस्ने कृष्ण प्रसाद उपाध्यायको नाममा मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, रम्भेना गा.वि.स. वडा नं. ७ क (हाल कोहलपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३७५ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३)बैजनाथ पोल्ट्री फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) मिना पुन स्थायी ठेगाना: सल्यान जिल्ला, निगालचुला गा.वि.स. वडा नं. ७ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ४ बाबु : ऐन बहादुर पुन ससुरा : चन्द्र प्रसाद उपाध्याय पति : कृष्ण प्रसाद उपाध्याय	**२) कृष्ण प्रसाद उपाध्याय** स्थायी ठेगाना : बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ४ बाबु : चन्द्र प्रसाद उपाध्याय बाजे : जय प्रसाद उपाध्याय	**३) गंगा कुमारी उपाध्याय** स्थायी ठेगाना : बाँके जिल्ला, गाउँफर्क गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ६ बाबु : देवी प्रसाद उपाध्याय ससुरा : जय प्रसाद उपाध्याय पति : चन्द्र प्रसाद उपाध्याय

	ऋणीको विवरण	धितोको विवरण
२)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं. १५०४/२८४ स्थानीय, अन्तर्गत मिति २०६९/०९/२५ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, लक्ष्मिनिया गा.वि.स. वडा नं. २ (हाल फतुवा विजयपुर न.पा. वडा नं. ९) स्थित, **कौशर किराना पसल** **प्रोप्राईटर तथा जमानीकर्ता: महमद कैस देवान**	१) नथु देवानको नाति, मईनुदीन देवानको छोरा, रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ९ बस्ने महमद सोचैव देवानको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स वडा नं. २ख (हाल फतुवा विजयपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३६५ को क्षेत्रफल ०-१५-१५ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नथु देवानको नाति, मईवुदिन देवानको छोरा, रौतहट जिल्ला, लक्ष्मीनिया दो. गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ९ बस्ने महमद कैस देवानको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स वडा नं. ५/ख (हाल फतुवा विजयपुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६९ र १६७ को क्षेत्रफल क्रमश: ०-०-१० र ०-१-१० (विगाहा)को जग्गा र चपुर न.पा. वडा नं. ७ (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १३४८ र १११३ को क्षेत्रफल क्रमश: ०-०-४$^{१/८}$ र ०-०-८$^{१/२}$ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) कौशर किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) जैसुन खातुन स्थायी ठेगाना: रौतहट जिल्ला, लक्ष्मीनिया दो. गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ९ बाबु: मोताल्लीफ देवान ससुरा: मईनुदीन देवान पति: महमद सोचैव देवान	**२) शाहावुदिन नेसा** स्थायी ठेगाना: रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ९ बाबु: हविवुल्लाह देवान ससुरा: मईवुदिन देवान पति: महमद कैस देवान
३) महमद सोचैव देवान स्थायी ठेगाना: रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ९ बाबु: मईनुदीन देवान बाजे: नथु देवान	**४) महमद कैस देवान** स्थायी ठेगाना: रौतहट जिल्ला, लक्ष्मीनिया दो. गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ९ बाबु: मईवुदिन देवान बाजे: नथु देवान

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

भक्तपुर र चामुण्डा बिन्द्रासैनीका मेयरबीच भेटवार्ता

काठमाडौं/ भक्तपुर नगरपालिका मेयर सुनील प्रजापति र दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिकाका मेयर गणेशकुमार शाहीबीच भेटघाट भएको छ। देशका विभिन्न स्थानीय तहबीच अनुभव आदान-प्रदान गर्ने क्रममा भक्तपुरका मेयर प्रजापति र मेयर शाहीबीच भेट भएको हो। सो क्रममा मेयर प्रजापतिले नगरक्षेत्रमा भइरहेको घरदैलो नर्सिङ, वडा-वडामा स्वास्थ्य केन्द्र, ख्वप अस्पताल सञ्चालन र निःशुल्क अक्सिजनलगायत व्यवस्थाबारे जानकारी गएका थिए। उनले भक्तपुर नगरपालिकाको भौगोलिक अवस्था, शैक्षिक विशेषता, स्वास्थ्य क्षेत्रको उपलब्धि र विकास निर्माणमा उपभोक्ता मोडलबारे जानकारी दिएका थिए।

भेटमा चामुण्डा बिन्द्रासैनीका मेयर शाहीले जनप्रतिनिधिबीचको अनुभव आदान-प्रदानले आपसमा सिक्दै अगाडि बढ्न ऊर्जा मिलेको बताए। भक्तपुर नगरपालिकाले विशेषतः शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको उपलब्धिबाट आफूहरूले पनि सिक्न चाहेको बताए। उनले कलेज सञ्चालन गर्न र विद्यालयको व्यवस्थापन गर्न भक्तपुर नगरपालिकाले बनाएको शिक्षा ऐनबारे समेत जिज्ञासा राखेका थिए।

सर्टिफिकेट हरायो

मिति २०८०/१/१५ गते न्युरोडदेखि स्वयम्भुसम्म जाने क्रममा निम्न व्यहोरा भएको +2 को प्रोभिजनल, ट्रान्सक्रिप्ट र माईग्रेशन सर्टिफिकेट हराएकोले भेटाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ।

नाम : खेमराज मगर
ठेगाना : बाँडकेदार गा.पा.-३, डोटी
रजिष्ट्रेशन नं. : ७७७०२९०११
सिम्बोल नं. : २७००११०४
सम्पर्क : ९८४०६३९१४२

मंगलबार उपत्यकामा

ठमेल : काठमाडौं महानगरपालिका-२६, ठमेल नरसिंह चोकस्थित जयबहादुर मोक्तानको स्कुटी डान्स रेस्टुरेन्टमा जुवातास खेलिरहेको अवस्थामा मोक्तानसहित आठजनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरीवृत्त लैनचौरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४४ हजार रुपैयाँ र १० बुक तासमहित पक्राउ गरेको हो। यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

लैनचौर : काठमाडौंका विभिन्न विद्यालय, कलेज, कम्पनी, व्यापारी, उद्योग, कलकारखाना, बैंक्वेटलगायतबाट अवैध रूपमा चन्दा असुली गरेको अभियोगमा प्रहरीले लैनचौरबाट दुईजनालाई पक्राउ गरेको छ। बैतडी नगरपालिका-३ घर भई ललितपुर चाँगाथली बस्ने ४२ वर्षीय अमृत कार्की र सल्यान बागचौर नगरपालिका-६ घर भई काठमाडौं जोरपाटी बस्ने ३२ वर्षीय डिबी चन्द भन्ने धनबहादुर चन्द प्रक्राउ गरेको हो। अवैध रूपमा चन्दा असुली गरेको भन्दै उजुरी परेपछि जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। अमृतले अखिल नेपाल ट्रेड युनियन मजदुर संघको केन्द्रीय सदस्य र धनबहादुरले अखिल क्रान्तिकारी केन्द्रीय सचिवालय सदस्य बताउँदै आएका थिए।

बल्खु : काठमाडौं महानगरपालिका-१४, बल्खुस्थित पप्पु महर्जनको टहरामा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने सिन्धुली सुनकोसी गाउँपालिका-२ घर भएका २५ वर्षीय रामबहादुर सिजालीसहित नौजनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरीवृत्त कालीमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ५२ हजार पाँच सय रुपैयाँ र १६ बुक तासहित पक्राउ गरेको हो। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: बनस्थली, काठमाण्डौ
फोन: ०१- ५२०४९८२/८३

को

शाखा कार्यालय: ४ नं. जीतपुर, कपिलवस्तु
फोन: ०७६- ५५०४३३/४३

शाखा कार्यालय बनस्थली, काठमाण्डौको तपसिलका ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/०३ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बनस्थली, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने एवं ७ (सात) दिने सार्वजनिक सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७४/०५/०५ मा दर्ता नं. १७३५२१/०७४/०७५ कायम भई दर्ता भएको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २२, न्युरोड स्थित **श्री म्याक्स टेली प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खडक बहादुर उचै ठकुरीको नाति, मन बहादुर उचै ठकुरीको छोरा, कपिलवस्तु जिल्ला, गाजेहडा गा.वि.स/न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **शिब बहादुर उचै ठकुरी (ना.प्र.प.नं. ४७१२६, कपिलवस्तु)**
२. मन बहादुर उचै ठकुरीको बुहारी, शिब बहादुर उचै ठकुरीको पत्नी, कपिलवस्तु जिल्ला, गाजेहडा गा.वि.स/न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **सीता उचै ठकुरी (ना.प्र.प.नं. ३८३००२/२५, कपिलवस्तु)**
३. खडक बहादुर उचै ठकुरीको बुहारी, मन बहादुर उचै ठकुरीको पत्नी, कपिलवस्तु जिल्ला, गाजेहडा गा.वि.स/न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **फुल कुमारी उचै (ना.प्र.प.नं. ३८-१३८०, कपिलवस्तु)**

धितोमा रहेको सम्पतिको विवरण

फुल कुमारी उचैको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगातमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ४ (साविक गाजेहडा गा.वि.स.-२ख) स्थित कित्ता नं. ८९९, ८९७, ८८५, ८९१, ८९३, १५५६ र ८८९ को क्रमश : क्षेत्रफल ०-१-१२, ०-०-१५, ०-१-२, ०-०-११.५, ०-२-१९.५, ०-१-१९ र ०-४-७ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०२/०३ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु बनस्थली, काठमाण्डौ र ४ नं. जीतपुर, कपिलवस्तुबाट प्राप्त गर्न सकिनेछ ।
२. खुद्टाखुद्टै धितोको लागि खुद्टाखुद्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी ब

चुनाव भएको ६ महिनापछि सुरु भए संसदीय समितिका कामकारबाही

नेतृत्व चयन बाँकी, आचारसंहिता बनाउन माग

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचन भएको करिब ६ महिनापछि संसदीय समितिका कारबाही सुरु भएका छन् । १५ वैशाखमा गठन भएका प्रतिनिधिसभातर्फका समितिले मंगलबारदेखि कार्य प्रारम्भ गरेका हुन् । ४ मंसिरको चुनावबाट आएको प्रतिनिधिसभाले पाँच महिनापछि १० वटा विषयगत समिति गठन गरेको थियो । त्यसको १८ दिनमा संसदीय समितिका पहिलो बैठक बसेका छन् । पहिलो बैठकमा अघिल्लो कार्यकालको समीक्षा र थाती रहेका विषय अगाडि बढाउनेबारे ब्रिफिङ भएको छ ।

बैठकमा सदस्यहरूले आचारसंहिता बनाएर समिति प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । यसबाहेक समितिको कार्यक्षेत्रबारे सचिवालयले जानकारी गराएको छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार पहिलो बैठकमा सदस्यहरूबीच परिचय तथा समितिको कार्यविधि निर्माणबारे छलफल भएको छ, यसको मस्यौदा पेस गर्ने जिम्मा सचिवालयलाई दिइएको छ । सदस्यहरूले पहिलो बैठकमा भुटानी शरणार्थी प्रकरण, वाइडबडी, निजगढ विमानस्थल निर्माण, आर्थिक संकट, आगामी बजेट निर्माणलगायत सार्वजनिक सरोकारका विषयमा धारणा राखेका थिए । सभामुखले निर्वाचन मिति तोकेपछि समितिको नेतृत्व चयन हुनेछ ।



कानुन समितिको बैठकमा उपस्थित सांसदहरू

■ सार्वजनिक लेखा समिति : समितिका गतिविधिको प्रत्यक्ष प्रसारण गर्ने निर्णय

सचिव एकराम गिरीका अनुसार पहिलो बैठकले समितिका गतिविधिको प्रत्यक्ष प्रसारण गर्ने निर्णय गरेको छ । सदस्यहरूले बैठक लाइभ गर्नुपर्ने धारणा राखेपछि अध्यक्षता गरिरहेका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले समितिले गरेका काम आमजनताले थाहा पाउने गरी सार्वजनिक गर्न निर्देशन दिएका थिए । बैठकमा प्रेम आलेले नक्कली भुटानी शरणार्थी प्रकरणमा खेद प्रस्ताव पारित गर्ने आग्रह गरेका थिए । उनले वाइडबडी र क्यासिनोमा कारबाही नभएको, तत्कालीन सरकारले सहयोग नगरेको भन्दै राज्यको सम्पत्ति दोहनमा एकजुट भएर खबरदारी, छानबिन र कारबाही गर्नुपर्ने बताएका थिए ।

■ अर्थ समिति : आगामी बजेटबारे अर्थमन्त्रीसँग छलफल गर्ने निर्णय

बैठकको अध्यक्षता गरेका ज्येष्ठ सदस्य सन्तोष चालिसेका अनुसार समितिले आगामी बजेटको विषयमा अर्थमन्त्री प्रकाशशरण महतसँग छलफल गर्ने निर्णय गरेको छ । 'अहिलेको आर्थिक अवस्थाको विषयमा आगामी बैठकमा अर्थमन्त्रीलाई बोलाउने र आगामी बजेटको विषयमा छलफल गर्ने निर्णय गरियो,' उनले भने, 'त्यसअनुसार अर्थमन्त्रीलाई आगामी बैठकका लागि निमन्त्रणा पठाउने काम भयो । उहाँले समय दिएपछि अर्को बैठक बस्छ ।'

बैठकमा सदस्यहरूले मुलुकको आर्थिक अवस्था कमजोर भएकाले अनावश्यक खर्च कटौती गरेर अर्थतन्त्र सुधार गर्ने खालको बजेट ल्याउनुपर्नेमा जोड दिएका थिए । स्वार्थ बाझिने सदस्यहरू आफैं बाहिरिनुपर्ने विषय पनि उठेको थियो । २५ सदस्यीय समितिको पहिलो बैठकमा विनोद चौधरी, अमर रायमाझी, दीपक बोहरा, मेटमणि चौधरी, वीरेन्द्रप्रसाद महतो अनुपस्थित थिए ।



■ राज्य व्यवस्था तथा सुशासन समिति : नक्कली भुटानी शरणार्थी प्रकरणबारे छलफल

समिति सचिव सुरजकुमार दुराका अनुसार सदस्यहरूले नक्कली भुटानी शरणार्थी प्रकरण, दुर्गाममा कर्मचारी नजाने विषय, आचारसंहिता बनाउने र समय व्यवस्थापनको विषय उठाएका छन् । समितिले दिने निर्देशन कार्यान्वयन हुने खालको व्यावहारिक हुनुपर्ने धारणा सदस्यहरूको थियो । बैठक बोलाउनुअघि सबै सदस्यसँग सरसल्लाह हुनुपर्ने, २४ घन्टाअगाडि सूचना दिनुपर्ने र तोकिएकै समयमा बैठक सञ्चालन हुनुपर्ने कुरा सदस्यहरूले उठाएका थिए । सभापतिको चुनाव चाँडो गरेर प्रभावकारी रूपमा समिति अगाडि बढाउनुपर्ने सदस्यहरूको जोड थियो । ज्येष्ठ सदस्य चित्रबहादुर केसीको अध्यक्षतामा बसेको २६ सदस्यीय बैठकमा लीलानाथ श्रेष्ठ, बुद्धिमान तामाङ र उपेन्द्र यादव अनुपस्थित थिए ।

■ कानुन समिति : कार्यविधिको मस्यौदा पेस गर्न सचिवालयलाई निर्देशन

समिति सचिव अधिराज राईका अनुसार बैठकमा समितिको कार्यक्षेत्रको विषयमा छलफल भएको थियो भने कार्यविधिको मस्यौदा पेस गर्न सचिवालयलाई निर्देशन दिइएको छ । बैठकले प्रतिनिधिसभाबाट आएको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (तेस्रो संशोधन) विधेयक टुंग्याउन बिहीबार उपसमिति गठन गर्ने निर्णयसमेत गरेको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले ज्येष्ठ सदस्यका हैसियतमा बैठकको अध्यक्षता गरेको २४ सदस्यीय समितिमा किरणकुमार साह अनुपस्थित थिए ।

■ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति : समितिको कार्यक्षेत्रबारे छलफल

समिति सचिव बबिता मिश्रका अनुसार परिचय, समितिको कार्यक्षेत्रबारे छलफल भएको बैठकले कार्यविधि निर्माणको लागि सचिवालयलाई मस्यौदा पेस गर्न निर्देशन दिने निर्णय गरेको थियो । पहिलो बैठकमा सदस्यहरू केपी शर्मा ओली, एकनाथ ढकाल, नारायण खड्का, प्रभु साह, वर्षमान पुन, भीमप्रसाद आचार्य र मोहन आचार्य अनुपस्थित थिए । बैठकमा नक्कली भुटानी शरणार्थी प्रकरणमा सदस्यहरूबीच घोचपेच भएको थियो ।

■ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति : पूर्वसदस्यहरूसँग अन्तर्क्रियाको माग

समिति सचिव रामकुमार पौडेलका अनुसार पहिलो बैठकमा परिचयात्मक कार्यक्रम र कार्यक्षेत्रबारे छलफल भएको थियो । सदस्यहरूले विगतको कामकारबाहीबारे जानकारी लिन पूर्वसदस्यहरूसँग अन्तर्क्रियाको माग गरेका छन् । 'पहिलाको सदस्यसँग अन्तर्क्रिया भए समस्याको पहिचान गर्थ्यौं । विषय नै बुझ्नुपर्छ । अध्ययन नै जरुरी छ भन्ने भयो,' उनले भने, 'कार्यविधि र कार्यतालिका सभापति आएपछि बनाउने भन्ने भयो ।' ज्येष्ठ सदस्य रणेन्द्र बरालीले अध्यक्षता गरेको २४ सदस्यीय समितिमा किशोरसिंह राठोर, कृष्णकुमार श्रेष्ठ, डोलप्रसाद अर्याल, महेन्द्रबहादुर शाही, रघुवीर महासेठ, राजु थापा र लालप्रसाद साँवा लिम्बू अनुपस्थित थिए ।

■ कृषि, सहकारी तथा प्राकृतिक समिति : सम्बन्धित मन्त्री र सचिवसँग छलफल गर्ने निर्णय

समिति सचिव हृदयराम महर्जनका अनुसार परिचयात्मक कार्यक्रमका साथसाथै अर्को बैठकमा सम्बन्धित मन्त्री र सचिवलाई बोलाएर छलफल गर्ने निर्णय भएको छ । सदस्यहरूले भारतबाट विषादी तरकारी आयात भएकाले परीक्षण गर्न सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराएका थिए । विषादी तरकारी आयातमा कडाइ गर्न ध्यानाकर्षण गराए ।

■ महिला तथा सामाजिक मामिला समिति : आयोगहरूसँग छलफल गर्ने निर्णय

ज्येष्ठ सदस्य रोशन कार्कीका अनुसार समितिले तीनवटा आयोगलाई छलफलका लागि बोलाउने निर्णय गरेको छ । 'राष्ट्रिय महिला आयोग, दलित आयोग र समावेशी आयोगलाई हिजो के काम भयो, कुन काम हुन सकेन, किन हुन सकेन ? बजेट रकमान्तर किन भयो ? अहिले बजेट के छ ? आगामी कार्यक्रम के छ भनेर छलफल गर्न बोलाउने निर्णय भएको छ,' उनले भनिन् ।

■ पूर्वाधार विकास समिति : सम्बन्धित मन्त्री र सचिवलाई बोलाएर छलफल गर्ने निर्णय

समिति सचिव उदयकुमार भण्डारीका अनुसार आन्तरिक कार्यविधि र कार्ययोजना तयार गर्ने निर्णय भएको छ । त्यसैगरी सम्बद्ध मन्त्रालयका सञ्चालनका रहेका ठूला आयोजनाको अवस्था के छ, प्रगति के छ, काम कहाँ पुगेको छ भन्ने विवरण १० दिनभित्र माग गर्ने निर्णय भएको छ । २७ सदस्यीय समितिको ज्येष्ठ सदस्य लालवीर चौधरीले अध्यक्षता गरेका थिए ।

■ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति : समितिको कार्यक्षेत्रको विषयमा छलफल

सचिव पुष्पप्रकाश खनालका अनुसार पहिलो बैठकमा समितिको कार्यक्षेत्रको विषयमा छलफल भएको थियो । बैठकमा उपस्थित स्वास्थ्यमन्त्री मोहन बस्नेतले पैसा तिर्न नसकेर बिरामी मर्नुपरेको समस्याबाट छुटकारा दिलाउन प्रयास गरिरहेको बताएका थिए । ज्येष्ठ सदस्य कालुराम राईले अध्यक्षता गरेको २५ सदस्यीय समितिमा ६ जना अनुपस्थित थिए ।

टीकापुर घटनामा रेशम चौधरीले सर्वोच्चबाट पनि पाएनन् राहत

जन्मकैदकै फैसला सदर, दुईजनालाई सफाइ

काठमाडौं/ सर्वोच्च अदालतले पूर्व सांसद तथा टीकापुर घटनाका मुख्य अभियुक्त रेशम चौधरीलाई जन्मकैद हुने उच्च अदालतको फैसलालाई सदर गरेको छ । सर्वोच्चका न्यायाधीश आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले गरेको फैसलाले रिहाइका लागि कानुनी लडाइँ लडिरहेका चौधरी र उनकी पत्नीले नेतृत्व गरेको नागरिक उन्मुक्ति पार्टीले गरिरहेको पहलमा ठेस लागेको छ ।

कैलालीको टीकापुरमा ७ भदौ ०७२ मा भएको झडपमा एक नाबालकसहित आठजनाको ज्यान गएको घटनामा सर्वोच्च अदालतको संयुक्त इजलासले मंगलबार फैसला गरेको हो । सर्वोच्चको फैसलासँगै रेशम चौधरी, हरिनारायण चौधरीसमेत, श्रवण चौधरी, रामकुमार कठरिया, राजकुमार कठरियासमेत र प्रदीप चौधरी पक्ष रहेको ६ वटा मुद्दामा उच्च अदालत दिपायलकै फैसला सदर भएको छ । उनीहरू सबै विभिन्न मितिमा उच्च अदालत दिपायलको फैसलाविरुद्ध सर्वोच्च पुगेका थिए ।



सर्वोच्चले आफ्नो फैसलामा भनेको छ, 'अरू प्रतिवादीहरूको हकमा अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन ।' चौधरीको मुद्दा फिर्ता लिने गरी सरकारले २६ वैशाखमा मुलुकी फौजदारी कार्यविधि संहिता संशोधन गर्न संसद् सचिवालयमा केही नेपाल ऐन संशोधन विधेयक दर्ता गराएको थियो । राजनीतिक नेता-कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै विचाराधीन मुद्दा फिर्ता लिन मिल्ने गरी आएको विधेयक सदनमा कानुन निर्माणको प्रक्रियामा नजाँदै सर्वोच्च अदालतले फैसला सुनाएको हो ।

प्रतिवादी रेशम चौधरी मंसिर २०७४ को प्रतिनिधिसभा निर्वाचनमा कैलाली १ बाट तत्कालीन राष्ट्रिय जनता पार्टीका तर्फबाट निर्वाचित भएका थिए । एक नाबालक तथा सातजना सुरक्षाकर्मीको ज्यान जाने गरी भएको टीकापुर घटनामा कर्तव्य ज्यानको अभियोग दर्ता भएलगत्तै फरार रहेका रेशम चौधरी फागुन ०७४ मा पक्राउ परेका थिए । त्यसयता उनले जेलबाटै चुनाव लडे र जितेपछि आत्मसमर्पण गरेका थिए । उनलाई उच्च अदालतले जन्मकैदको फैसला (२० वर्ष) सुनाएको थियो । सर्वोच्च अदालतले समेत सोही फैसला सदर गरेपछि अब अझै १५ वर्ष कैद सजाय भोग्नुपर्नेछ । यद्यपि, उनले सर्वोच्चकै फैसलामाथि पुनरावलोकनको निवेदन दिन सक्नेछन् । निस्सा पाएमा पुनः यो मुद्दाको सुनुवाइ हुन सक्नेछ । संयुक्त इजलासले पुनरावेदन आएका नौजनामध्ये दुईजनालाई सफाइ दिने र बाँकी ६ जनामाथि कसुर कायम हुने फैसला गरेको हो । साधकको रोह (तल्लो अदालतले गरेको फैसलाको जानकारी दिन वा सही भए-नभएको हेर्न वा पुनरावलोकन गर्न माथिल्लो अदालतमा तल्लो अदालतले पठाउने कार्य)मा सर्वोच्च पुगेका लक्ष्मण थारू (चौधरी) को हकमा भने उच्च अदालतको फैसलामा केही उल्टी भएको छ ।

उच्च अदालत दिपायलले लक्ष्मणलाई ज्यान मार्ने उद्योगमा कसुरदार ठहर गर्दै पाँच वर्षको कैद हुने गरी सजाय तोकेकोमा सर्वोच्चले तीन वर्ष कैद हुने रायव्यक्त गरेको छ । यद्यपि, उनी सजाय काटेर कैदमुक्त भइसकेका छन् । सीताराम चौधरी र गंगाराम चौधरीलाई ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ दिने फैसला भएको छ । उनीहरूलाई उच्च अदालतले २ पुस ०७७ मा जिल्ला अदालत कैलालीकै फैसला सदर गर्दै पाँच वर्ष कैद सजाय सुनाएकोमा सर्वोच्चले सफाइ दिएको हो ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
वनस्पति अनुसन्धान केन्द्र, कैलाली

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८०/०२/०३

यस केन्द्रको मिति २०७९/१२/३० मा आव्वान गरिएको बोलपत्र PRC/KAILALI/NCB/WORK/2079/80-2 (Construction of Laboratory Building (Construction up to Columns without beam & slab)) (E-Bid) अनुसार रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुमध्ये पूर्वी हिमशिखर कन्स्ट्रक्सन धनगढी-५, कैलालीको मु.अ.कर र PS बाहेक रू. २४,९४,४०८।७५ (अक्षरेपी चौबीस लाख चौरानब्बे हजार चार सय आठ पैसा पचहत्तर मात्र)को बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

केन्द्र प्रमुख

Government of Bagmati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Dhulikhel, Kavrepalanchok, Nepal

Invitation for Bids

Invitation for Bids No: 108/IDOKAVRE/NCB/W/2079-80
Date of publication: - Wednesday, May 17, 2023

1. ***The Government of Bagmati Province has allocated funds*** towards the cost of ***Construction of Kaushaltar Biruwa Road , Bhaktapur***. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Infrastructure Development Office, Dhulikhel, Kavrepalanchok*** invites electronic bids from eligible bidders for the construction of ***Construction of Kaushaltar Biruwa Road , Bhaktapur Chainage: 1+800-3+800 section***. About nearly 2 KM upgrading of road in Asphalt Concrete, including drainage structures (Hume pipe culvert, Sewer line, tick drain) and retaining structure (Stone masonry, Gabion wall, Plum Concrete wall) , kerb stone and footpath. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 115 million.***
   - Minimum Work experience of similar size and nature: ***At least one number of Bituminous Road project with value of project at least NRs 69 million.***
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Name: Infrastructure Development Office, Kavrepalanchowk, Location: -Dhulikhel, Kavre, Email Address: -idokavrepalanchok1@gmail.com, Telephone: -011-490713,490459** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 10,000.00 of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Rastriya Banijya Bank, Name of Office: Infrastructure Development Office, Kavrepalanchok, Office Code no.: 3370126013, Account Name :- Ko Le Ni Ka Ekal Rajaswa Khata, Account no.: 1000200010000 , Rajaswa (revenue) Shirshak no. : 14229
5. Pre-bid meeting shall be held at **Infrastructure Development Office, Kavrepalanchowk, Dhulikhel, Kavre, at *2* PM, Monday, June 6, 2023**
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00 o'clock*** on ***Friday, June 16, 2023.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on ***Friday, June 16, 2023.*** at the office of **Infrastructure Development Office, Kavrepalanchowk, Dhulikhel, Kavre.** Bids must be valid for a period of ***[120 days]*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, \amounting to a minimum of **Nrs. 2.9 million**, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e.,* November 13, 2023)**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्रि गर्न डाँक बढाबढ आह्वान सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाबाट ऋण लिएका तपशिलमा उल्लेखित ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वकृतिपत्रको शर्तमा तोकीए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज र हर्जनाको रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उलङ्घन गरेको र यस संस्थाबाट पटक पटक मौखिक तथा ७ दिन, ३५ दिनको लिखित सूचना दिई तर ताकेता गर्दा समेत आफ्नो ऋणको दायित्व फर्स्छ्यौट गर्न पुर्ण वेवास्ता गर्नु भएकोले धितो लिलाम विक्रि गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपाई ऋणिले तिर्न/बुझाउन बाँकी रहेको रकम तिर्न/बुझाउन आउनुहोला, नआएमा तपाई ऋणिले ऋण कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति/धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सहकारी ऐन २०७४ एवं सहकारी नियमावली ०७५ बमोजिम डाँक बढाबढको माध्यमबाट लिलाम विक्रि गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरिलिने भएकोले डाँक बढाबढमा भाग लिन ईच्छुक व्यक्तिहरुले आजको मितिले ३६ (छत्तिसऔं) दिन कार्यालय समय शुरु भएपछी दिनको २ बजे सम्म यस संस्थाको कार्यालय सानेपा, ललितपुरमा उपस्थित भई कायमी चलन चल्ती (न्युनतम मूल्य) मूल्यलाई आधार मानी आफुले बोल्न चाहेको डाँक अङ्क उल्लेख गरी खुल्ला रुपमा डाँक बढाबढको फारम भरी पेश गर्नुहुन आह्वान गरिन्छ । धितो लिलाम विक्रिका क्रममा धितोको सम्पत्ति कसैले पनि डाँक बोलकबोल गरि नलिएमा सहकारी ऐन तथा नियमावली बमोजिम सो सम्पत्ति संस्था आफैले सकार गरी स्वामित्व लिन सक्नेछ । यसरी लिलाम वा सकार हुँदा हाम्रो/मेरो सम्पत्ति कम मूल्यमा वा यथोचित मुल्याङ्कन नगरी लिलाम/सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै धितो बन्धकीमा रहेको अचल सम्पत्ति विक्रि गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन, नियम अनुसार ऋणि तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल जायजेथा/श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

क्र. स.	ऋणिको तिनपुस्ते नाम र ठेगाना	व्यक्तिगत जमानीकर्ताहरु	धितोको बिवरण	ऋणिले बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना रकम (एकमुष्ट) (मिति २०८०/२/२ सम्मको)
	नाम : सुशिला खनाल बाबु : ऋषिराम खनाल बाजे : लेखनाथ खनाल ठेगाना : गोरखा जिल्ला साविक बुङकोट गा.वि.स. वडा नं. ४ घर भई हाल सुर्यविनायक नगरपालिका वडा नं. १, सिरुटार, भक्तपुर	नाम : रामशरण राउत बाबु : हरि बहादुर राउत बाजे : मकर ध्वज राउत ठेगाना : सुर्यविनायक नगरपालिका वडा नं. १, सिरुटार, भक्तपुर नाम : नविन खनाल बाबु : शिवराम खनाल बाजे : चिरन्जीवी खनाल ठेगाना : पटिहानी वडा नं ५, चितवन	जिल्ला काठमाडौं जितपुरफेदी वडा नं. २ नक्सा सिट नं. २ क कित्ता नं. २७३ क्षे.फ. ०-६-०-१ जिल्ला काठमाडौं जितपुरफेदी वडा नं. ३ नक्सा सिट नं. ३ ख कित्ता नं. १०६५ क्षे.फ. ०-४-०-१ जिल्ला काठमाडौं धर्मस्थली वडा नं. ७ नक्सा सिट नं. ७ क कित्ता नं. ८७३ क्षे.फ. ०-३-२-०	रु. १०६७०५३५.८७/- अक्षेरुपी : एक करोड छ लाख सत्तरी हजार पाँच सय पैँतिस रुपैया र सतासी पैसा मात्र ।

१. डाँक बढाबढ आवेदन फाराम संस्थाको कार्यालय सानेपा, ललितपुर बाट रु. ५०० (पाँच सय) (फिर्ता नहुने गरी) तिरि खरिद गर्न सकिनेछ ।
२. डाँक बढाबढ फारममा आफुले पहिलो पटक कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ भने क्रमश बढाबढ रकम समेत सोही फारममा थप गर्दै जानुपर्नेछ । डाँक बोल्नेले आफुले लिन चाहेको चल अचल सम्पत्तिको विवरण प्रकाशित सूचनाको आधारमा भर्नुपर्नेछ ।
३. सबैभन्दा बढी डाँक बोलकबोल गर्नेले आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम सोहि दिन यस संस्थामा जम्मा गरी उक्त भौचरको प्रति वा संस्थाको नाममा जारी गरेको गुड फर पेमेन्ट चेकको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्रि हुने धितो निरिक्षण गर्न चाहेमा लिलाम गरिने दिन भन्दा अगावै संस्थाको कार्यालयमा सम्पर्क राखी धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ ।
५. डाँक बोली स्वीकार भएको पत्र पाएको मितिले ७ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. डाँक बोलपत्र दाखिल भईसकेपछि बोल कबोल गरिएको रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै डाँक बोलकबोल स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको देखिएमा त्यस्तो डाँक बोलकबोल स्वतः रद्द हुनेछ ।
८. डाँक बोलकबोल पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ । बोलकबोल स्वीकृत भएमा उक्त सम्पत्ति बोलकबोल वालाको नाममा नामसारी, दाखिल खारेज गर्दा लाग्ने शिफारिस/रजिष्ट्रेशन दस्तुर वा अन्य सबै प्रकारको सरकारी शुल्क डाँक बोलकबोल कर्ता स्वयमले तिर्नु/व्यहोर्नु पर्नेछ ।
९. डाँक बोलपत्र सदर/बदर हुनु अगावै ऋणिले सम्पूर्ण रकम बुझाएमा प्राप्त डाँक बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।
१०. डाँक बोलकबोल गरिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोहि स्थानमा दिनको २:०० बजे उपस्थित प्रतिनिधिहरुको रोहबरमा डाँक बोलकबोल गरिनेछ, साथै सबै प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलकबोल गर्न बाधा पर्ने छैन ।

डाँक बोलकबोल गरिने मिति : २०८०/३/६ गते
समय : दिनको २:०० बजे
स्थान : संस्थाको कार्यालय, सानेपा, ललितपुर

Radiant Multipurpose Co-operative Ltd.
रेडियन्ट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
सानेपा, ललितपुर, फोन : ०१-५४२६२९३, ०१-५४२६३८१

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश नेपाल

बोलपत्र स्वीकृतका लागि छनोट गरिएको आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०३

मिति २०७९-१२-१२ गतेको नयाँ पत्रिका दैनिकमा र सार्बजनिक खरिद अनुगमन कार्यालयको Website मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचनामा उल्लेखित अन्तिम म्यादभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई तपशिल बमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट गरिएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) प्रयोजनार्थ सम्बधित सबैलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र. स.	बोलपत्र नं	कामको विवरण	बोलपत्र दाताको नाम	ठेगाना	कबोल रकम भ्याट र पि.स. बाहेक (अंक)	कैफियत
1	URM/RCH/Agriculture and Veterinary Equipment's/ NCB/14/2079/080	Procurement Supply and Delivery of Agriculture and Veterinary Equipment's	Muktinath Agriculture Company Pvt. Ltd	Basundhara Kathmandu Nepal	2899670.00	

प्रमुख प्रशासकीय अधिकृत

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुवाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समेय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीवाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानावाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनावाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

भुमही शाखा, नवलपरासी

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. १६८/५०४० अन्तर्गत मिति २०७०/०४/३० मा दर्ता कायम भएको **प्रिन्स गल्ला स्टोर्स**
फर्मको ठेगाना: रामग्राम न.पा.-८, नवलपरासी
स्थायी लेखा नं. ६००४५९६७१, मिति २०७०/०४/३०
प्रोप्राईटर : अमरजित गिरी
ना.प्र.नं. ४२१७, जारी मिति २०४२/११/१०, जि.प्र.का. नवलपरासी
बाबुको नामु : धनपत गिरी
बाजेको नाम : कोदई गिरी
स्थायी ठेगाना : पाल्ही-२, नवलपरासी हालको ठेगाना : रामग्राम-८, नवलपरासी
कर्जा शिर्षक : ओभरड्राफट तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

माधुरी गिरी
ना.प्र.नं. ३६१०६४/५९
जारी मिति २०६७/०६/०४, जि.प्र.का नवलपरासी
बाबुको नामु : रामनगिना गिरी
पतिको नाम : अनिश कुमार गिरी
ससुराको नाम : अमरजित गिरी
स्थायी ठेगाना : पाल्ही-२ नवलपरासी
हालको ठेगाना : रामग्राम-८ नवलपरासी

अनिश कुमार गिरी
ना.प्र.नं. ७४०३०
जारी मिति २०६१/०४/२९, जि.प्र.का नवलपरासी
बाबुको नामु : अमरजित गिरी
बाजेको नाम : धनपत गिरी
स्थायी ठेगाना : पाल्ही-२, नवलपरासी
हालको ठेगाना : रामग्राम-८, नवलपरासी

ऋणीको विवरण

२. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २०९१३२/०७५/०७६ अर्न्तगत मिति २०७५/११/०९ मा दर्ता कायम भएको **प्रिन्स इम्पोर्ट एक्सपोर्ट प्रा.लि.**
कम्पनीको दर्ता ठेगाना : रामग्राम न.पा.-८, नवलपरासी
स्थायी लेखा नं. ६०६६९०७९९, मिति : २०७५/११/०९
संचालक : अनिश कुमार गिरी
कर्जा शिर्षक : ओभरड्राफट तथा डिमाण्ड कर्जा

३. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.नं. १४७७९८/०७५/७६ अर्न्तगत मिति २०७६/०२/०८ मा दर्ता कायम भएको **पि एस के सप्लायर्स**
फर्मको ठेगाना: का.म.न.पा-१५, काठमाडौं
स्थायी लेखा नं. ६१०५२८५५६, मिति : २०७५/१२/२९
प्रोप्राईटर : अनिश कुमार गिरी
कर्जा शिर्षक : ओभरड्राफट कर्जा

संचालक/प्रोप्राईटर

अनिश कुमार गिरी
ना.प्र.नं. ७४०३०, जारी मिति २०६१/०४/२९, जि.प्र.का नवलपरासी
बाबुको नामु : अमरजित गिरी
बाजेको नाम : धनपत गिरी
स्थायी ठेगाना : पाल्ही-२, नवलपरासी हालको ठेगाना : रामग्राम-८, नवलपरासी

व्यक्तिगत जमानत दिनेको विवरण

राज कुमारी गिरी
ना.प्र.नं. ३४५५
जारी मिति २०६१/०४/२९, जि.प्र.का नवलपरासी
बाबुको नामु : पृथ्वी लाल गिरी
पतिको नाम : अमरजित गिरी
ससुराको नाम : धनपत गिरी
स्थायी ठेगाना : पाल्ही-२, नवलपरासी
हालको ठेगाना : रामग्राम-८, नवलपरासी

अमरजित गिरी
ना.प्र.नं. ४२१७
जारी मिति २०४२/११/१०, जि.प्र.का. नवलपरासी
बाबुको नामु : धनपत गिरी
बाजेको नाम : कोदई गिरी
स्थायी ठेगाना : पाल्ही-२, नवलपरासी
हालको ठेगाना : रामग्राम-८, नवलपरासी

माधुरी गिरी
ना.प्र.नं. ३६१०६४/५९, जारी मिति २०६७/०६/०४, जि.प्र.का नवलपरासी
बाबुको नामु : रामनगिना गिरी
पतिको नाम : अनिश कुमार गिरी
ससुराको नाम : अमरजित गिरी
स्थायी ठेगाना : पाल्ही-२, नवलपरासी हालको ठेगाना : रामग्राम-८, नवलपरासी

धितोको विवरण

१) कोदई गिरीको नाती, धनपत गिरीको छोरा, अमरजित गिरीको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, उनवच गा.वि.स./न.पा. वडा नं. ८ क स्थित कित्ता नं. ३२० को क्षेत्रफल २-०-१-० विगाहा वा १३५६०.२५ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२) रामनगिना गिरीको छोरी, अमरजित गिरीको बुहारी, अनिश कुमार गिरीको पत्नी, माधुरी गिरीको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको

क) नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, उनवच गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ८७ को क्षेत्रफल ०-११-५-० विगाहा वा ३८०९.६९ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ख) नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, देवगाउ गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. १००९, ९६९ र ९७१ को क्षेत्रफल क्रमश: ०-५-१०-०, ०-१-०-० र ०-०-१०-० विगाहा वा १८६२.५२, ३३८.६४ र १६९.३२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ग) नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, गुठी सुर्यपुरा गा.वि.स./न.पा. वडा नं. ३ क स्थित कित्ता नं. ४८९ को क्षेत्रफल ०-७-८.५-० विगाहा वा २५१४.३२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

चैनपुर शाखा, संखुवासभा

ऋणीको विवरण

१. ईश्वरचन्द्र खत्री
ना.प्र.नं. ९९९६/६७४,
जारी मिति २०६२/०५/०६, जि.प्र.का. संखुवासभा
बाबुको नाम : धन बहादुर खत्री
बाजेको नाम : बम बहादुर खत्री
स्थायी ठेगाना : सिद्धकाली-३ संखुवासभा
हालको ठेगाना : चैनपुर-८ संखुवासभा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

धन बहादुर खत्री
ना.प्र.नं. १४५६/२७३६२,
जारी मिति २०३९/११/१६, जि.प्र.का. संखुवासभा
बाबुको नाम : बम बहादुर खत्री
बाजेको नाम : राम चन्द्र खत्री
स्थायी ठेगाना : सिद्धकाली-३ संखुवासभा
हालको ठेगाना : चैनपुर-८ संखुवासभा

व्यक्तिगत जमानत दिनेको विवरण

सुजता कालाखेती
ना.प्र.नं. १०१००२/७८
जारी मिति २०६५/३/३१, जि.प्र.का. संखुवासभा
बाबुको नाम : भरत कालाखेती
पतिको नाम : ईश्वरचन्द्र खत्री
ससुराको नाम : धन बहादुर खत्री
स्थायी ठेगाना : धुपू-६ संखुवासभा
हालको ठेगाना : चैनपुर-८ संखुवासभा

सरस्वोती माया खत्री
ना.प्र.नं. १४५७/१०३७
जारी मिति २०४३/०३/०९, जि.प्र.का. संखुवासभा
बाबुको नाम : हेमलाल आचार्य क्षेत्री
पतिको नाम : धन बहादुर खत्री
ससुराको नाम : बम बहादुर खत्री
स्थायी ठेगाना : सिद्धकाली-३ संखुवासभा
हालको ठेगाना : चैनपुर-८ संखुवासभा

धितोको विवरण

राम चन्द्र खत्रीको नाति, बम बहादुर खत्रीको छोरा, धन बहादुर खत्रीको नाममा मालपोत कार्यालय, चैनपुर, संखुवासभामा दर्ता श्रेष्ठा कायम रहेको संखुवासभा जिल्ला, बानेश्वर गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ७१५ र २०३३ को क्षेत्रफल क्रमश: ८९४.०० र ६,७६०.०० व.मि. को जग्गा र सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

भद्रपुर शाखा, झापा

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.वि. ८२/४१/१००६१ अन्तर्गत मिति २०६८/०६/०६ मा दर्ता कायम भएको **शाक्य ज्वेलर्स**
फर्म दर्ता ठेगाना : भद्रपुर न.पा. वडा नं. ९, झापा
स्थायी लेखा नं. ३००६१५५१३, मिति २०५८/०९/०८
प्रोप्राईटर : रोशन शाक्य
ना.प्र.नं. ११८०४१२,
जारी मिति २०४२/१२/१४,
जि.प्र.का. झापा
बाबुको नाम : चिनिया रत्न शाक्य
बाजेको नाम : रत्न शाक्य
स्थायी ठेगाना : भद्रपुर न.पा. वडा नं. ४, झापा
हालको ठेगाना : भद्रपुर न.पा. वडा नं. ८, झापा

कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

दिना साक्य
ना.प्र.नं. ११८०३९३९
जारी मिति २०५३/०३/०४,
जि.प्र.का. झापा
बाबुको नाम : मोतीमान साक्य
पतिको नाम : रोशन शाक्य
ससुराको नाम : चिनिया रत्न शाक्य
स्थायी ठेगाना : भद्रपुर न.पा. वडा नं. ४, झापा
हालको ठेगाना : भद्रपुर न.पा. वडा नं. ८, झापा

रजल शाक्य
ना.प्र.नं. ०४-०१-७१-००१०७
जारी मिति २०७१/०१/०४
जि.प्र.का. झापा
बाबुको नाम : रोशन शाक्य
बाजेको नाम : चिनिया रत्न शाक्य
स्थायी ठेगाना : भद्रपुर न.पा. वडा नं. ४, झापा
हालको ठेगाना : भद्रपुर न.पा. वडा नं. ८, झापा

धितोको विवरण

रत्न शाक्यको नाती, चिनिया रत्न शाक्यको छोरा, रोशन शाक्यको नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेष्ठा कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ४ स्थित कित्ता नं. १० को क्षेत्रफल ५७९.८९ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुन: लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुन: निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०२/१७ गते (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०२/१८ गते
समय : दिउँसो ३:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सरकारले अयोग्य लडाकुलाई रकम बाँड्न नपाउने

निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन अन्तरिम आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले अयोग्य लडाकुलाई रकम बाँड्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। निवेदक ज्ञानेन्द्रराज आरणसमेत रहेको रिटमाथि सर्वोच्चका न्यायाधीश कुमार रेग्मीको इजलासले मंगलबार अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो।

अन्तरिम आदेश दिने-नदिने सम्बन्धमा छलफलका लागि अदालतले दुवै पक्षलाई डाकेको छ। ३१ वैशाखमा दायर रिटमाथि कारण देखाउ आदेशसमेत जारी भएको छ। अल्पकालीन अन्तरिम आदेशसँगै ६ चैतमा सरकारले गरेको निर्णय तत्कालै कार्यान्वयनको चरणमा नजाने भएको छ।

मन्त्रिपरिषद्को ६ चैतमा बसेको बैठकले युनाइटेड मिसन इन नेपाल (अनमिन)को प्रमाणीकरणमा अयोग्य ठहर भएका माओवादी लडाकुलाई दुई-दुई लाख रुपैयाँका दरले वितरण गर्ने निर्णय गरेको थियो। यसका लागि सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७९ पनि स्वीकृत भइसकेको छ। उक्त कार्यविधि तथा मन्त्रिपरिषद्को निर्णय खारेज हुनुपर्ने माग रिट निवेदकहरूले गरेका छन्। जसमा प्रधानमन्त्री, मन्त्रिपरिषद् को कार्यालय, मुख्यसचिव, अर्थ तथा गृह मन्त्रालय, कानुन मन्त्रालय, संसद्, संसद् सचिवालय, सभामुखलगायतलाई विपक्षी बनाइएको छ।

यसअघि ०७३/७४ को बजेटमा पनि उक्त रकम वितरणको विषय उल्लेख थियो। तर, सर्वोच्चमा रिट परेकाले तत्काल रोकिएको थियो। यद्यपि, सर्वोच्चकै फैसलाले उक्त रकम वितरण गर्ने बाटो पूर्णपाठमार्फत खोलिदिएको छ। फैसलामा सर्वोच्चले उक्त रकम वितरण कार्य संविधान तथा कानुनविरुद्ध नभएको ठहर गरेको थियो। पुनः रकम वितरण हुन थालेपछि एक दर्जनभन्दा बढी व्यक्तिले संयुक्त रूपमा सर्वोच्चमा रिट दायर गरेका हुन्। रिटमा द्वन्द्वपीडितले राहत तथा न्याय नपाइरहँदा मुलुक विषम आर्थिक परिस्थितिमा रहेको बखतसमेत लडाकुलाई रकम बाँड्नु उचित नभएको दाबी गरिएको छ।

मुकेश कायस्थलाई सहिद घोषणा गर्ने सरकारको निर्णय

काठमाडौं/ हालै मृत्युवरण गरेका जनआन्दोलनका घाइते मुकेश कायस्थलाई सरकारले राष्ट्रिय सहिद घोषणा गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले कायस्थलाई सहिद घोषणा गर्ने निर्णय गरेको हो।

बैठकले बुटवल-लमही ४०० केभी प्रसारण लाइनअन्तर्गतको मोतीपुर सबस्टेसन निर्माणका लागि वाणगंगा नगरपालिकामा १५ बिघा जग्गा प्राप्ति गरेर प्रारम्भिक कार्यका लागि अधिकारी तोक्ने निर्णय पनि गरेको छ। त्यस्तै, जुम्ला विमानस्थलको धावनमार्ग विस्तार तथा नयाँ टर्मिनल भवन बनाउन १८३.८० रोपनी जग्गा प्राप्त गर्न नागरिक उड्डयन प्राधिकरणलाई स्वीकृति दिने निर्णय पनि सरकारले गरेको छ। मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय संरक्षण समितिको सदस्यमा श्रीराम रामकृष्ण, संगीता सिंह, पुष्करमान बज्राचार्य, सुजान फोर्टियर, नामप्यो स्यो, सुदर्शनराज तिवारी, पद्म ज्योति, लोचन ज्ञवाली, डा. सन्दुक रुइत र भानुप्रसाद आचार्यलाई मनोनयन गर्ने निर्णय पनि भएको छ। तिलगंगा आँखा स्वास्थ्य विज्ञानलाई मानित विश्वविद्यालयसम्बन्धी विधेयक तर्जुमा गर्न स्वीकृति दिने पनि निर्णयमा उल्लेख छ।

विभिन्न भ्रमणसम्बन्धीका निर्णय पनि सरकारले गरेको छ। राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउत नेतृत्वको प्रतिनिधि मण्डललाई १ देखि ५ जेठसम्म थाइल्यान्डमा हुने संयुक्त राष्ट्रसंघीय प्रशान्त क्षेत्रका लागि सामाजिक आयोग (स्क्याप)को ८९औं बैठकमा भाग लिन जान स्वीकृति दिने निर्णय भएको छ। त्यस्तै, सम्पत्ति शुद्धीकरणसम्बन्धी एसिया प्यासिफिक ग्रुप (एपिजी) बैठकमा भाग लिन राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसहितको टोलीलाई स्वीकृति दिने तथा ७ देखि १६ जेठसम्म स्विट्जरल्यान्डको जेनेभामा आयोजना हुने ७६औं विश्व स्वास्थ्य सम्मेलनमा सहभागी हुन स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत र अतिरिक्त सचिव विकास देवकोटालाई स्वीकृति दिनेलगायतका निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

आगो लगाएको अभियोगमा चारजना पक्राउ

अर्घाखाँची/ भूमिकास्थान नगरपालिका- २, ढाकाबाडमा चारजनाको ज्यान जाने गरी खरबारीमा आगो लगाउनेलाई प्रहरीले पक्राउ गरेको छ। खरबारीमा लगाएको आगो सामुदायिक वन हुँदै र गाउँमा पसेपछि निभाउने क्रममा चारजनाको मृत्यु भएको थियो। गत २६ वैशाखमा दुई र २७ गते दुई गरी चारजनाको मृत्यु भएको थियो।

आगो लगाउने भूमिकास्थान- २ का ३६ वर्षीय दिनेश थापा, १८ वर्षीय दीपक विक, ७० वर्षीय देवीराम बेल्वासे र ३६ वर्षीय धर्मराज बेल्वासेलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ। जंगली जनावरले सताएर आगो लगाएको उनीहरूले स्वीकार गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी मुकुन्द रिजालले जानकारी दिए। अदालतबाट पाँच दिनको म्याद थप गरेर घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सामुदायिक वनमा लागेको आगो बस्तीसम्म पुग्दा क्षति हुने गरेकाले सामुदायिक वनका उपभोक्ताका पदाधिकारीहरूलाई सचेत गराइएको प्रमुख जिल्ला अधिकारी मीना अर्यालले बताइन्।

सन्धिखर्क-७, खाँचीकोटको सामुदायिक वनमा आगो लगाउने ४१ वर्षीय ईश्वरीप्रसाद न्यौपाने १० हजार धरौटीमा रिहा भएका छन्। सन्धिखर्क- ३, खाँचीखर्कमा आगो लगाउने ५० वर्षीय मजुना निशालाई पक्राउ गरी थप अनुसन्धान भइरहेको छ। नयाँ घाँस पलाउने भन्दै मानिसहरूले आगलागी गरेको पाइएको डिभिजन वन कार्यालयका प्रमुख ईश्वरी पौडेलले बताए। 'अर्घाखाँचीमा पछिल्लो दश वर्षयताकै सबैभन्दा बढी आगलागी भएको छ। यहाँ एक सय ७६ स्थानमा आगलागीका घटना भएको छ,' उनले भने।

चोरी अभियोगमा चार पक्राउ

काभ्रे/ पनौती नगरपालिका- ४ टौखालमा रहेको सामुदायिक बचत तथा ऋण सहकारी संस्थाबाट ३२ लाख चोरी गरेको आरोपमा चारजना पक्राउ परेका छन्। चोरीमा संलग्न भएको पहिचान भएका ६ मध्ये चारजनालाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका- ५ का २४ वर्षीय अमृत थिङ लामा, २९ वर्षीय गम्भीर भनिने सोमलाल थिङ, ३० वर्षीय अशोक रुम्बा र ३५ वर्षीय अकबर लामा छन्। प्रहरीले अमृत र सोमलाई मकवानपुरबाट र अशोक र अकबरलाई काठमाडौंको चन्द्रागिरि नगरपालिका- १० सतुंगलबाट पक्राउ गरेको छ।

उनीहरूको साथबाट पाँच लाख ४५ हजार रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख भाग्येन्द्रपुरुष ढकालले जानकारी दिए। प्रहरीले चोरीमा प्रयोग भएको फलामको एक थान रड, एक थान भरुवा बन्दुक, एक राउन्ड गोली, एक बट्टा बारुदलगायत बरामद गरेको छ। उनीहरूलाई जिल्ला अदालत काभ्रेबाट सात दिनको म्याद लिई अनुसन्धान गरिरहेको प्रहरी उपरीक्षक ढकालले बताए। एसपी ढकालका अनुसार उनीहरूले सहकारीमा २९ वैशाखको राति साढे १ बजे ३२ लाख ३१ हजार सात सय ४५ रुपैयाँ चोरी गरेका थिए।



स्कुपमा करिश्माको मुख्य भूमिका

वेब सिरिज 'स्कुप'को ट्रेलर रिलिज भएको छ । यस सिरिजमा करिश्मा तन्ना मुख्य भूमिकामा छिन् । उनले एक क्राइम रिपोर्टरको भूमिका निर्वाह गरेकी छिन् । यो सिरिज २ जुन २०२३ मा नेटफ्लिक्समा रिलिज हुनेछ ।



वेब सिरिज 'प्रीतको रित'

शंकर कोइरालाले निर्देशन गरेको वेब सिरिज 'प्रीतको रित'को ट्रेलर सार्वजनिक गरिएको छ । युवापुस्ताको कथालाई समेटिएको वेब सिरिजमा अनामिका लामिछाने, सुजाता पाण्डे, विकल्प श्रेष्ठ, वृन्दा खतिवडालगायतको अभिनय रहेको छ । दिलीप केसीले निर्माण गरेको सिरिजको सहनिर्माता हरि श्रेष्ठ हुन् ।

एक्लोपन कति घातक ?

एकान्तपन केही हदसम्म जरुरी छ । सकारात्मक सोचका साथ आवश्यकताअनुसार एक्लै बस्दा हामी शान्त र सिर्जनात्मक महसुस गर्न सक्छौं । तर्कहरू फुर्छन्, समस्याका समाधान पनि निस्कन्छन्, तर त्यो एकान्तपन एक्लोपनमा परिणत हुँदा यो दुनियाँमा भएका सबै पराइजस्तो लाग्छ । नकारात्मक सोच, घटना, परिघटना वा दुर्घटनाले मानिसलाई यो अवस्थासम्म डोहोऱ्याएको हुन्छ । दिक्दारीपन, उदासिनता र खुसी हराएको यो अवस्था निकै भयावह छ । यो डिप्रेसनको चरम रूप हो । यस अवस्थामा मानिसले आफूलाई मूल्यहीन र बेकामे ठान्छ, बाँच्नु नै अर्थहीन मान्छ ।



वासु आचार्य
मनोविश्लेषक
मनोविश्लेषण केन्द्र नेपाल

डिप्रेसन मानसिक समस्या हो । मानिस डिप्रेसनमा गएपछि एक्लोपन महसुस हुन्छ । यस्तो अवस्थामा मानिसलाई एक्लै बस्दा आनन्द आउँछ । 'केही गर्न सक्दिनँ, म असफल भएँ, मेरो मूल्य छैन । मेरो कसैप्रति भरोसा छैन । मेरो कुनै आशाहरू छैनन्' भन्न थाल्छ ।

यस्तो समस्याबाट ग्रस्त मानिसले रमाइलो गर्ने, खुसी हुने, घुमफिर गर्ने, खाने-बस्ने क्षमता हराइसकेको हुन्छ । अन्तिममा एक्लोपनमा गएर जिन्दगी सक्काउनुपर्छ भन्ने सोचसमेत उसमा आउन सक्छ । त्यसैले नरमाइलो फिल गरेर कतिले आत्महत्या नै गर्छन् । यो नै एक्लोपनको, दिक्दारीपनको लक्षण हो । जुनसुकै व्यक्ति पनि एक्लोपनको सिकार हुन सक्छन् । स्वास्थ्यका लागि एक्लोपन घातक बन्न सक्छ ।



एक्लोपनका कारण

एक्लोपनका कारण धेरै हुन सक्छन् । सबैभन्दा महत्त्वपूर्ण कारण भनेको मानिसले पर्फम गर्न सक्दैन । यो भनेको कोठामा चुकुल लगाएर अँध्यारोमा एक्लै बस्नु हो । अर्को भनेको उसको सोच्ने तरिका हो । कसरी सोच्ने भन्ने नजान्दा व्यवहार पनि मिल्दैन । व्यवहार नमिल्नु भनेको एक्लो बनाउनु हो । एक्लोपनमा सुसाइड र पारासुसाइड भन्ने हुन्छ । पारासुसाइड भनेको हात काट्ने, मर्नु न बाँच्नु गरी बस्ने आदि हो । जति एक्लोपन भयो, त्यति शून्य लाग्ने हुन्छ । अब एक मिनेटपछि के गर्दै छु भन्ने पनि थाहा हुँदैन । विभिन्न हर्कत गरेको हुन्छ ।

एक्लोपनले पार्ने प्रभाव

- एक्लोपन हुँदा सोचले प्रभाव पार्ने हुन्छ । धेरै नकारात्मक सोच आउँछन् । मानिसले असफलता मात्रै सोच्छ- कहिले गाली खाइरहेको हुन्छ, कहिले भनेको व्यक्तिले फोन उठाएको हुँदैन । आफूले भनेको जस्तो भइराखेको हुँदैन । परिस्थिति फेस गर्न र अरूको अगाडि जान सक्दैन ।
- कसैको अगाडि जान नसकेपछि एक्लोपनमा पर्छ । त्यतिवेला नकारात्मक सोच हावी हुन्छन् । दिक्क लाग्ने, नमिठो लाग्ने, हतोत्साही हुने, एकदमै चिन्तित हुने, सास फेर्न गाह्रो हुनेलगायत लक्षण देखिन्छन् । चिडचिडाहट हुने, पछुतो मान्ने, विचलित हुने, उदास हुने, रुने, खान छोड्ने, दुब्लाउने, विक्षिप्त भएर अन्तिममा भाग्नेलगायत लक्षण देखिन्छन् ।

समाधानका उपाय

- एक्लोपनको कारण पहिचान गर्ने, एनालाइसिस गर्ने ।
- रमाइलोकेन्द्रित हुने, रिल्याक्स हुने ।
- एक्लोपनको महसुस गरेका व्यक्तिले आफ्नो परिवारलाई समस्याबारे भन्ने । परिवारले बुझ्दैनन् भने साथीलाई भन्ने, मनोविद्लाई भन्ने । सपोर्टमा जाने ।
- परिवारले एक्लोपनको सिकारमा रहेकालाई सपोर्ट गर्ने, राम्रो व्यवहार गर्ने । उसले चाहेका, भनेका कुरा पूरा गर्ने, उसका कुरा स्वीकार गर्ने र हरेक कुरामा आश्वस्त पार्ने ।
- एक्लोपनको सिकारमा परेकाहरूलाई मनोविद् वा चिकित्सकसमक्ष लैजाने । एक्लोपन हटाउने औषधिको प्रयोग गर्ने ।



रोजिन शाक्य
फेसन इन्स्ट्रक्टर
नमुना कलेज अफ फेसन टेक्नोलोजी

अन्तर्वार्तामा जाँदा यस्तो गेटअप

जागिर गर्नका लागि अन्तर्वार्ता दिन जाँदा कस्तो कपडा लगाउने ? धेरैलाई यो जिज्ञासा हुन्छ । तपाईंले केही कुरामा ध्यान दिनुभयो भने आफूलाई अन्तर्वार्तामा स्मार्ट रूपमा प्रस्तुत गर्न सक्नुहुन्छ ।

फर्मल कपडा : अन्तर्वार्तामा जाँदा फर्मल गेटअपमा जानु राम्रो हुन्छ । सर्टमा आइरन गर्न नभुल्नुस् । रंगिचंगी सर्ट नभएर एउटै कलरको सर्ट छान्नुस् । टाई पनि एकै कलरको लगाउनुस् । महिलाले पनि सकभर सर्ट/पाइन्टमै जाँदा राम्रो हुन्छ । तर, यदि तपाईंलाई पाइन्ट लगाउन मन पर्दैन भने फर्मल साडी लगाउन सक्नुहुन्छ । तपाईंले जिन्स पाइन्ट र त्यसमाथि सिम्पल कुर्था पनि लगाउन सक्नुहुन्छ । रंगिचंगी होइन, एउटै कलरको कुर्था वा साडी रोज्नुपर्छ ।

चम्किलो रङ नछान्नुस् : अधिक चम्किलो कपडा अन्तर्वार्ताका लागि राम्रो होइन । त्यसैले चम्किलो कालो, खैरो, रातो, पहेंलोलगायत गाढा रङका कपडा नछान्नुस् । तपाईंले आकासे रङको निलो, मरुन, पर्पललगायत रङका कपडा लगाउन सक्नुहुन्छ ।

हल्का पफ्र्युम प्रयोग : थोरै पफ्र्युम प्रयोग गर्नुस् । पसिना गनाउने, मोजा गनाउनेलगायत समस्याबाट यसले टाढा राख्न सहयोग गर्छ । तर, अत्यधिक पफ्र्युमको प्रयोग राम्रो मानिदैन ।

गहना कम लगाउनुस् : कतिपय व्यक्ति गहनाका सौखिन हुन्छन् । तर, तपाईंले कानमा मुन्द्रा, हातमा बालालगायत गहना लगाउनु राम्रो मानिदैन । महिला र पुरुष दुवैले सकेसम्म कम गहना लगाउनुस् । यदि विवाहित हुनुहुन्छ भने बिहेको औंठीसम्म लगाउन सक्नुहुन्छ ।



५ स्विमिङका फाइदा



स्विमिङले गर्मीबाट छुटकारा दिने मात्र होइन, तपाईंको सम्पूर्ण शरीरलाई तन्दुरुस्त पनि बनाउँछ । त्यही कारण यसलाई एक्सरसाइजको पर्फेक्ट माध्यमका रूपमा लिइन्छ । यो त्यस्तो एरोबिक वर्कआउट हो, जुन शरीरका कुनै पनि अंगको क्षतिविना नै गर्न सकिन्छ । वृद्धदेखि कम उमेरका मानिसले पनि सजिलै स्विमिङ गरेर फाइदा लिन सक्छन् ।

- स्विमिङ गर्दा धेरै शक्ति खर्चिनुपर्छ, जसले मांसपेशीमा तागत अझ बढ्छ । पानी आफैंमा एउटा शक्ति हो । यसमा तैरिँदा मांसपेशीका धेरै समूह सक्रिय हुन्छन् ।
- अनुसन्धानअनुसार स्विमिङले बोन मिनरल डेन्सिटी (बिएमडी) र फेमोरल बोन दुवैलाई नियन्त्रण गर्छ । यसो हुँदा शरीरका हड्डी वृद्धि हुन सहयोग पुग्छ र मजबुत पनि हुन्छन् ।
- स्विमिङले शरीरलाई लचकदार बनाउँछ ।
- हृदयलाई फाइदा गर्छ । धमनीलाई सशक्त बनाउँछ । मुटुलगायत शरीरका संवेदनशील भाग सुन्निएको अवस्थामा पनि नियमित स्विमिङ गरे ठीक हुँदै जान्छ ।
- स्विमिङबाट शरीरको क्यालोरी खर्च हुने भएकाले तपाईंलाई फिट रहन सहयोग गर्छ । त्यस्तै, यसले मानसिक रूपमा पनि तपाईंलाई मजबुत र स्वस्थ बनाउँछ ।

सडक सुरक्षासम्बन्धी कार्टुन प्रदर्शनी सुरु



काठमाडौं / संयुक्त राष्ट्रसंघ विश्व सडक सुरक्षा सप्ताहको अवसरमा बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको ग्यालरीमा मंगलबारदेखि 'सडक यात्रा' शीर्षकमा कार्टुन प्रदर्शनी सुरु भएको छ । राष्ट्रिय सडक सुरक्षा परिषद्को आयोजना र नेपाल कार्टुनिस्ट क्लब अफ नेपालको सहकार्यमा गरिएको कार्टुन प्रदर्शनीको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले उद्घाटन गरे । प्रदर्शनी तीन दिनसम्म चल्नेछ । त्यस्तै, काठमाडौं उपत्यकाका बस स्टेसन र सडकका मुख्य चोकहरूमा पनि साताभर सचेतना कार्यक्रम गरिने आयोजकले बताएको छ ।

प्रदर्शनीमा नेपालका वरिष्ठदेखि कनिष्ठ कार्टुनिस्टहरूद्वारा बनाइएका ३० वटा कार्टुन राखिएका छन् । कार्टुनमार्फत विशेषतः असुरक्षित तवरले सडकमा सवारी चलाउने प्रवृत्तिविरुद्ध सन्देश प्रवाह गरिएको छ । हेल्मेट नलगाईकन मोटरसाइकल चलाउने, तीव्र गतिमा सवारी हाँक्ने, सडक लेन मिच्ने, गाडी चलाउँदा मादक पदार्थ सेवन गर्ने, लागुपदार्थ खाने, मोबाइल फोन चलाउने, क्षमताभन्दा बढी यात्रु बोक्नेलगायतका प्रवृत्तिले सडकमा दुर्घटना हुने गरेको विषयलाई कार्टुनमा औंल्याइएको छ । त्यस्तै, अपांगता भएका, वृद्धवृद्धा, बालबालिका तथा अशक्तहरूका लागि सडकमा विशेष ख्याल पुऱ्याउनुपर्ने सन्देश पनि कार्टुनमार्फत दिइएको छ ।

राष्ट्रिय सडक सुरक्षा परिषद्को हालैको तथ्यांकअनुसार विश्वभर करिब १३ लाख ५० हजार मानिसले प्रतिवर्ष सवारी दुर्घटनाका कारण ज्यान गुमाएका छन् । नेपालमा हरेक वर्ष करिब दुई हजार आठ सय मानिसको सवारी दुर्घटनाबाट मृत्यु हुने गरेको छ ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०२/०३)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण
१) ऋणी : न्यू अजय ट्रेड एण्ड सप्लायर्स प्रा.फ.र.नं. : ३२२५९/०७८/७९ ठेगाना : धनगढी ०४, कैलाली **व्यक्तिगत जमानीकर्ताहरू :** **१. रामप्यारी कुमारी डंगौरा** (ना.प्र.नं. ५७८६६८३, मिति २०५४/०८/२३ मा जि.प्र.का कैलालीबाट जारी भएको) पति : डम्बर चौधरी ससुरा : ठेक बहादुर चौधरी **२. डम्बर चौधरी** (ना.प्र.नं. ४८५२८, मिति २०५९/०७/१० मा जि.प्र.का कैलालीबाट जारी भएको) बाबु : ठेक बहादुर चौधरी **बाजे : पुनराम चौधरी** ३. विकाश कुमार प्रसाद वर्णवाल (ना.प्र.नं. ३४१०१४/३१५, मिति २०६७/०५/०४ मा जि.प्र.का पर्साबाट जारी भएको) बाबु : मदन कुमार बाजे : योगेन्द्र साह वर्णवाल	**२) ऋणी : मन्दिस सप्लायर्स** प्राइभेट फर्म दर्ता नं. : ०१५८-७-२०५८/७९ ठेगाना : सुनवल न.पा. ५, नवलपरासी **व्यक्तिगत जमानीकर्ताहरू :** **१. अन्जली थापा** (ना.प्र.नं. ४२२०२९/८३, मिति २०६७/०४/०६ मा जि.प्र.का. स्याङजाबाट जारी भएको) पति : निम बहादुर थापा ससुरा : ठेक बहादुर थापा **३. निम बहादुर थापा** (ना.प्र.नं. २२३१४, मिति २०६२/१०/०४ मा जि.प्र.का. स्याङजाबाट जारी भएको) बाबु : ठेक बहादुर थापा बाजे : खिम बहादुर थापा
३) ऋणी : पञ्चकुमारी खाद्यअन्न सप्लायर्स प्रा.फ.र.नं. : ३-३५-३८२-१५६२९५/२०७७/७८ ठेगाना : का.म.न.पा. २९, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरू :** **१. मुना थापा** (ना.प्र.नं. ०५२०२४/५५५४, मिति २०६९/०८/१४ मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : जितेन्द्र थापा बाजे : बुद्धिराम थापा **२. सरस्वता संग्रौला** (ना.प्र.नं. १५८४ , मिति २०४४/११/१८ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : तुलसीराम संग्रौला ससुरा : नन्द लाल संग्रौला **३. सूर्य भक्त संग्रौला** (ना.प्र.नं. ६९७११११३, मिति २०६१/११/३० मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : तुलसीराम संग्रौला बाजे : नन्द लाल संग्रौला	**४) ऋणी : शिखर दिप फुड इण्डष्ट्रीज प्रा.लि.** दर्ता नं. : १३५०१४/७१/०७२ ठेगाना : चौंगुनारायण ०५, भक्तपुर **व्यक्तिगत जमानीकर्ताहरू :** **१. केदार नाथ शर्मा** (ना.प्र.नं. २१७३९, मिति २०५०/०८/०८ मा जि.प्र.का. बाँकेबाट जारी भएको) बाबु : रत्नाखर शर्मा बाजे : रविलाल शर्मा **२. गिता शर्मा** (ना.प्र.नं. ९८१५, मिति २०५९/०४/०६ मा जि.प्र.का. बाँकेबाट जारी भएको) पति : केदार नाथ शर्मा ससुरा : रत्नाखर शर्मा **३. काल्स शर्मा** (ना.प्र.नं. ६६-०६-७४-००२४२, मिति २०७४/०३/२० मा जि.प्र.का. बाँकेबाट जारी भएको) बाबु : केदार नाथ शर्मा बाजे : रत्नाखर शर्मा
५) ऋणी : गौतम एण्ड गोमा फेन्सी स्टोर प्रा.फ.र.नं. : ३-३५-३८८-१५७८८७/२०७७/६८ ठेगाना : तारकेश्वर न.पा. ०६, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरू :** **१. गोमा साउद** (ना.प्र.नं. ६७२०३२/७७२३८, मिति २०६८/०७/०९ मा जि.प्र.का. कैलालीबाट जारी भएको) पति : ठेक बहादुर साउँद ससुरा : राई सिंह साउँद **२. टेक बहादुर साउद** (ना.प्र.नं. ३९४३९, मिति २०५७/०९/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : राई सिंह साउँद बाजे : दान बहादुर साउँद	**६) ऋणीहरू : रमेश पन्थी र रीता दुंगाना** ठेगाना : वीरगंज १५, पर्सा **(क) रमेश पन्थी** (ना.प्र.नं. २७४३, मिति २०५३/१२/१२ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको) बाबु : गोपाल प्रसाद पन्थी बाजे : जीवनाथ पन्थी **(ख) रीता दुंगाना** (ना.प्र.नं. २१/६६३, मिति २०५८/०२/०४ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) पति : रमेश पन्थी ससुरा : गोपाल प्रसाद पन्थी
७) ऋणीहरू : देवकी कुमारी थापा (खाती) र रोशन थापा ठेगाना : पुर्नवास ०२, कञ्चनपुर **(क) देवकी कुमारी थापा (खाती)** (ना.प्र.नं. ७५१३५७/०४४/४५, मिति २०४४/११/२८ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) पति : धन बहादुर थापा ससुरा : धोज बहादुर थापा **(ख) रोशन थापा** (ना.प्र.नं. ७५२००२/१३०९, मिति २०६०/ /१६ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) बाबु : धन बहादुर थापा बाजे : धोज बहादुर थापा **व्यक्तिगत जमानीकर्ताहरू :** **१. रेखा कुमारी रोकाया** (ना.प्र.नं. ७८९/०६०/०६१, मिति २०६०/१२/११ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) पति : सुरेन्द्र बहादुर थापा ससुरा : धन बहादुर थापा **२. गंगा थापा** (ना.प्र.नं. ७५२०२२/७२१९, मिति २०७३/११/०२ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) पति : रोशन थापा ससुरा : धन बहादुर थापा **३. सुरेन्द्र बहादुर थापा** (ना.प्र.नं. ७५३००२/४०८, मिति २०६३/०४/१० मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) बाबु : धन बहादुर थापा बाजे : धोज बहादुर थापा	**८) ऋणी : मन्दिस ग्रिल उद्योग** प्रा.फ.नं. : ६२८/७८१२ ठेगाना : सुनवल न.पा. ०५, नवलपरासी **व्यक्तिगत जमानीकर्ताहरू :** **१. अन्जली थापा** (ना.प्र.नं. ४२२०२९/८३, मिति २०६७/०४/०६ मा जि.प्र.का. स्याङजाबाट जारी भएको) पति : निम बहादुर थापा ससुरा : ठेक बहादुर थापा **२. हुम कुमारी थापा** (ना.प्र.नं. ५/७१३, मिति २०४६/१२/२५ मा जि.प्र.का. स्याङजाबाट जारी भएको) पति : ठेक बहादुर थापा ससुरा : खिम बहादुर थापा **३. निम बहादुर थापा** (ना.प्र.नं. २२३१४, मिति २०६२/१०/०४ मा जि.प्र.का. स्याङजाबाट जारी भएको) बाबु : ठेक बहादुर थापा बाजे : खिम बहादुर थापा **४. टेक बहादुर थापा** (ना.प्र.नं. १०२७, मिति २०६४/१०/२५ मा जि.प्र.का. स्याङजाबाट जारी भएको) बाबु : खिम बहादुर थापा बाजे : भागीरथ थापा
९.) ऋणी : कुमार पौडेल (ना.प्र.नं. ९२०१६४८६, मिति २०४५/११/३० मा जि.प्र.का. मोरङबाट जारी भएको) ठेगाना : विराटनगर ०४, मोरङ बाबु : रण बहादुर पौडेल बाजे : कर्ण बहादुर पौडेल **व्यक्तिगत जमानीकर्ताहरू :** **१. शान्ता पौडेल** (ना.प्र.नं. ९२०१९४४१, मिति २०५३/०९/१८ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : कुमार पौडेल ससुरा : रण बहादुर पौडेल **२. अशेष कुमार पौडेल** (ना.प्र.नं. ०५-०१-७२-०२५४०, मिति २०७२/१२/०४ मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : कुमार पौडेल बाजे : रण बहादुर पौडेल **३. अभय कुमार पौडेल** (ना.प्र.नं. ०५-०१-७२-०२१५२, मिति २०७६/०१/१९ मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : कुमार पौडेल बाजे : रण बहादुर पौडेल	**१०.) ऋणी : रमाईलो रेष्टुरेन्ट एण्ड बार** प्रा.फ.नं.ध.उ.वि. : ४००/२०६/१४६०० ठेगाना : हल्दिबारी ०४, झापा **प्रोपाइटर : रुद्र प्रसाद उप्रेती** (ना.प्र.नं. ३५४१२५४, मिति २०४४/१२/२३ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : तेज प्रसाद उप्रेती बाजे : लक्ष्मण उप्रेती **व्यक्तिगत जमानीकर्ताहरू :** **१. पूर्ण माया प्रसाई** (ना.प्र.नं. ६९१२२३९६, मिति २०४४/११/२१ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : रुद्र प्रसाद उप्रेती ससुरा : तेज प्रसाद उप्रेती **२. राजीव उप्रेती** (ना.प्र.नं. ०४१०१२/१४०४, मिति २०६८/०३/०२ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : रुद्र प्रसाद उप्रेती बाजे : तेज प्रसाद उप्रेती **३. संजिव उप्रेती** (ना.प्र.नं. ०४-०१-७०-२०३५५, मिति २०७०/०७/०५ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : रुद्र प्रसाद उप्रेती बाजे : तेज प्रसाद उप्रेती
११) ऋणी : मनकामना ट्रेड कन्सर्न प्रा.फ.र.नं. : २२१८८/०७३/७४ ठेगाना : विराटनगर ०४, मोरङ **व्यक्तिगत जमानीकर्ताहरू :** **१. कुमार पौडेल** (ना.प्र.नं. ९२०१६४८६, मिति २०४५/११/३० मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : रण बहादुर पौडेल बाजे : कर्ण बहादुर पौडेल **२. शान्ता पौडेल** (ना.प्र.नं. ९२०१९४४१, मिति २०५३/०९/१८ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : कुमार पौडेल ससुरा : रण बहादुर पौडेल	**१२) ऋणी : हामी दाजुभाइ कृषि तथा पशुपालन** दर्ता नं. : २०३०५७/०७५/०७६ ठेगाना : मेचीनगर ०४, झापा **व्यक्तिगत जमानीकर्ताहरू :** **१. राज कुमार ओली** (ना.प्र.नं. २७०७२४८३, मिति २०५४/०५/२६ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : पूर्ण प्रसाद ओली बाजे : नारायण प्रसाद ओली **२. डम्बर कुमारी पाठक** (ना.प्र.नं. ३५४९१२९२, मिति २०४६/१२/०३ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : राज कुमार ओली ससुरा : पूर्ण प्रसाद ओली

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

भ्रष्टाचार छोप्ने कि सुशासन दिने ?

नक्कली शरणार्थी प्रकरण ठगी मात्र होइन, राज्यविरुद्धको अपराध हो, जसमा केही मान्छे मात्र ठगिएका छैनन्, मुलुकको स्वाभिमान नै बेचिएको छ



● डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'

अग्रलेख

यो साता नक्कली भुटानी शरणार्थी खडा गरेर चालीस करोडभन्दा बढी रकम उठाएर ठगी गरेका समाचार प्रकाशित भएपछि राजनीतिक वृत्त मात्र नभई आमजनमानससमेत तरंगित भएको छ । खासगरी पुराना भनिएका दलका केही उच्च तहका नेता र तिनका परिवारका सदस्यको नाम जोडिएपछि राजनीतिक वृत्तमा भूकम्प नै गएको छ । यस प्रकरणमा अरू को-को तानिने हुन्, हेर्न बाँकी नै छ । तर, जेजति तानिएका र सार्वजनिक भएका छन्, तिनीहरूमाथि अनुसन्धान चलिरहेको छ । अहिलेसम्म यो सरकारको प्रशंसा नै भएको छ । तर, जनमानसमा थोरै आशंका भने कायमै छ । कतै विगतमा झैं उच्च तहका व्यक्ति छुट्ने र तल्ला तहका व्यक्ति फस्ने वा फसाइने परम्पराको पुनरावृत्ति त हुने होइन भन्ने आशंकाले नागरिकस्तरबाट जनदबाब र खबरदारी पनि सुरु भएको छ । जे भए पनि पार्टी कमजोर भएको, जनमत घटेको र भएको संगठन पनि विधि र प्रक्रियामा नचलेर चारैतिर निराशा फैलिएको अवस्थामा माओवादीको नेतृत्वको सरकारबाटै यस प्रकारको गम्भीर प्रकृतिको फौजदारी अपराधको पोको खोल्नुले सिंगो पार्टी पंक्ति मात्र होइन, सिंगो मुलुक नै आशावादी भएको छ । यस्तो स्थितिमा माओवादीसामु पछि हटेर पत्तासाफ हुने कि अघि बढेर मुलुकको नेतृत्व गर्ने ? भन्ने गम्भीर प्रश्न उब्जिएका छन् । सरकार अस्थायी हो, स्थायी त देश र जनताप्रतिको जिम्मेवारी हो भन्ने आत्मसात् गरेर मात्र माओवादीलाई अघि बढ्ने ढोका खुल्न सक्छ भन्ने पार्टीले बुझ्न जरुरी छ । सबै प्रकारका दबाब, जोखिम आउन सक्छन् भन्ने बुझेर नै अहिलेको सरकारले यो साहसिक कदम उठाएको हुनुपर्छ । तर, विषयको गम्भीरता र आयाम हेर्दा यो प्रकरणलाई सही निष्कर्षमा पुऱ्याउन भने माओवादीले एउटा अग्निरेखा पार गर्नैपर्छ । अग्निपरीक्षामा आफूलाई अब्बल साबित गर्ने हो भने सबै प्रकारका दबाब, चालबाजी र हस्तक्षेपलाई खारेज गर्न सक्नुपर्छ । आफ्नै पार्टीबाट राजकीय र सार्वजनिक पदमा रहेका जिम्मेवार व्यक्तिबाट पनि माओवादी सजग बन्नैपर्छ । कतै प्रधानमन्त्रीले थाहा नपाउने गरी कुनै गलत कामको डिलिङ वा बार्गेनिङ भइरहेको त छैन ?

यसतर्फ पनि प्रधानमन्त्रीको ध्यान पुगेरै होला, यो साहसिक कदम र सत्तायात्राको जोखिम मोल्न तयार भएको भन्ने लाग्छ । यति हुँदाहुँदै पनि अहिलेको राष्ट्रिय राजनीतिको शक्ति सन्तुलन, सीमाबाहिरबाट हुने अनावश्यक चासो, हस्तक्षेप र बाह्य शक्ति सन्तुलनसमेतलाई ध्यान दिँदा माओवादीलाई अग्निपरीक्षा पास गर्न भने त्यति सजिलो छैन । त्यसमा पनि सार्वजनिक गरिएका प्रतिबद्धता सजिलै पालन गर्ने बानी परिनसकेकाले कतै यो कारबाहीको यात्रा पनि 'दाइको लाहुर भैरहवासम्म' भनेजस्तै त हुँदैन नि भन्ने आशंका पनि जिउँदै भएकाले ठुंगोमा पुऱ्याउन सोचेजस्तो सजिलो चाहिँ छैन ।

नक्कली शरणार्थी प्रकरण ठगी मात्र होइन, यो एक राज्यविरुद्धको अपराध हो । यस प्रकरणमा केही मान्छे मात्र ठगिएका छैनन्, मुलुकको स्वाभिमान बेचिएको छ । मुलुकप्रतिको अन्तर्राष्ट्रिय विश्वास बेचिएको छ । यस अवधिमा गृह प्रशासनबाट जारी भएका नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानीलगायत कागजपत्रको अन्य मुलुकमा विश्वासको संकट पैदा हुने वा हाम्रो मुलुकको स्वाभिमानलाई खिसिटिउरी गर्ने स्थिति नआउला भन्न सकिँदैन । नेपाल सरकारको अति संवेदनशील गृह प्रशासनका उच्च अधिकारीले नै नेपाली नागरिक बेचेर अकुत सम्पत्ति आर्जन गर्न खोज्नु मुलुकको सार्वभौमिकतामाथि गरिएको देशद्रोही कदम हो । अपराधको दृष्टिकोणबाट हेर्दा यसमा मुछिएका र अपराध प्रमाणित भएमा मृत्युदण्डसम्मको सजायको भागिदार हुने कर्तुत देखिन्छ । यो एक अक्षम्य सार्वजनिक फौजदारी संगठित अपराध हो । तर, हामीसँग भएको प्रचलित कानुनबमोजिम कारबाही गर्नसमेत पार्टीसामु केही जटिलता छन् ।

भ्रष्टाचारको आफ्नो आकार र सीमा हुँदैन । यो कुनै पार्टी विशेषको धन्दा मात्र पनि होइन । यो त गृह प्रशासनकै रोहबरमा भएको राज्यमाथिको 'लुटपाट' हो । यो राज्यविरुद्धको एक जघन्य अपराध हो । नीतिगत रूपमा समेत यो अक्षम्य अपराध हो । यहाँ ध्यान दिनुपर्ने कुरा के हो भने अंकमा हुने भ्रष्टाचारभन्दा नीतिगत रूपमा हुने भ्रष्टाचार कैयौं गुना खतरनाक हुन्छ । तर, हामीले अंकमा हुने भ्रष्टाचारमाथि बढी ध्यान दिने गरेका छौं । खराब नियत, सोंच र आचरण भएका व्यक्ति प्रायः पार्टीमा हुने गर्छन् । त्यस्ता खराब व्यक्ति, तिनका आसेपासे, नातेदार र आफन्तहरूको धन्दा अहिले पनि चलिरहेकै छ । त्यस्ता राजनीतिक पात्र र प्रवृत्तिको आडमा कर्मचारीतन्त्र पनि दिनप्रतिदिन मुछिँदै गएको छ । नेपाल सरकारका गृहसचिव, गृहमन्त्री, उपप्रधानमन्त्री र कतिपय उच्च तहका नेताका आफन्तसमेत जोडिएको यस प्रकरणले गणतन्त्र बदनाम भइरहेको छ । 'भाउजूतन्त्र' गणतन्त्रको बदनाम पाठशाला बन्न पुगेको छ । महिलाहरू ठगी र भ्रष्टाचारजस्ता विषयमा बढी संवेदनशील हुन्छन् भन्ने मान्यता पनि अहिले मुछिएका केही सीमित 'भाउजूबाट' खण्डन हुन पुगेको छ । केही पात्र र प्रवृत्तिका कारण सिंगो महिलाजगत् बदनाम हुन खोज्दै छ । तर, पार्टीका महिला संगठनबाट पनि यसप्रकारका खराब सोच र नियतको खण्डन गरिएको छैन । यसो हुनुमा मुख्यतः



आआफ्ना पार्टीका सीमा, बन्देज र स्वार्थसमेत जोडिएको छ । भ्रष्टाचारको शून्य सहनशीलता अपनाउने हो भने पार्टी विशेषका सीमा भत्काउन सक्नुपर्छ र भ्रष्टचारविरुद्धको अभियानमा एकै ठाउँमा उभिन सक्नुपर्छ ।

विगतमा केपी ओलीले नेतृत्व गरेको नेकपाकालमा कैयौं नीतिगत तथा अंकमा हुने अनियमितता, बेरुजु र भ्रष्टाचारका थुप्रै काण्ड बाहिरिएका थिए । तर, ती सबै तत्कालीन प्रधानमन्त्री ओलीको मौखिक जवाफमा छानबिन नै भएन वा छानबिन गर्न आवश्यक नै ठानिएन । त्यही वेला कतिपय असंवैधानिक कदम चालिए । कैयौं असंवैधानिक नियुक्ति भए । ती नियुक्ति केका निम्ति गरिएका थिए र तिनले राष्ट्रका पक्षमा काम गरे कि नेकपा फुटाउन वा माओवादीलाई तर्साउन प्रयोग भए ? विगतका घटनाक्रमले स्पष्ट पारेकै छन् । त्यतिवेलै निर्वाचन आयोग र अख्तियार प्रमुखहरूको भूमिकामा पनि निष्पक्षताका प्रश्न उठेकै हुन् । अहिले यस प्रकरणमा पनि सबैभन्दा बढी बेचैनी ओलीजीमै देखिएको छ । भ्रष्टाचारबारे विगतमा उहाँको कार्यकाल अझ बढी विवादित हुन पुगेको तथ्य सार्वजनिक भएका छन् । त्यतिवेलै भूमिसुधार मन्त्रालयबाट पूर्वमा रहेको गिरीबन्धु चियाबगानसम्बन्धी काण्ड बाहिरिएको थियो । अहिले टोपबहादुर प्रकरणमा पनि ओलीजीको अभिव्यक्ति सबैले सुनेकै छन् । यस प्रकरणमा एमालेको उत्तेजना, आवेग र आक्रोश देख्दा कतै संगठित भ्रष्टचारको कनेक्सन उच्च तहसम्मै जोडिएको त छैन भन्ने गम्भीर आशंका जन्मिएको छ । यस प्रकरणमा टोपबहादुरलाई हाजिर गराई छानबिनमा सहयोग पुऱ्याएको भए पार्टीको परिपक्वता देखिने थियो । एमालेको अहिलेको दोहोरो चरित्रले हिन्दी उखान 'बेकुबभी बन्ना गाठभी गबाना' जस्तै भएको छ । भ्रष्टाचारका विषयमा पुराना भनिएका मात्र होइन, अहिले सतहमा देखा परेका नयाँ भनिएका पार्टीहरूको समेत नियत, सोच र आचरण खोटपूर्ण देखिएको छ । गृहमन्त्री हुँदा रवि लामिछानेले राष्ट्रिय परिचयपत्रसम्बन्धी ठेक्का निजी कम्पनीलाई दिने निर्णय त्यसैको ठोस प्रमाण हो । विवादरहित भने उनी पनि देखिएनन् । नागरिकतादेखि राहदानीको विवादमा अहिले पनि उनको छवि धमिलिएकै छ, विवाद खेपिरहेका छन् । काग्रेसभित्र उच्च तहकै नेतृत्वको नाम आएपछि सभापति भद्र रूपमा प्रस्तुत भइरहेका छन्, तर आतंक भने उनीभित्रै पनि कायम छ । कांग्रेसभित्र पनि भाउजूहरूको नाम यस प्रकरणमा जोडतोडले उठिरहेको छ । उनीहरूको कनेक्सन के हो ? छानबिनमा साहस देखाउँदै जाँदा खुल्दै जानेछ ।

> अभियुक्तलाई लुकाएर अझै पनि षड्यन्त्र गर्न सकिन्छ कि भनी नानाथरी बोल्दै हिँड्नेहरू नै भ्रष्टाचार नियन्त्रण अभियानका बाधक हुन् र नक्कली भुटानी शरणार्थी प्रकरणमा यिनीहरूले नै ठूलो कोलाहल गरिरहेका छन्

नक्कली शरणार्थी प्रकरणलाई ठोस निष्कर्षमा पुऱ्याउने हो भने पहिला आफ्नो धरातल नैतिक र पारदर्शी हुनुपर्छ । नैतिक बन्न आफू र आफ्नो आसपास सफा राख्न सक्नुपर्छ । माओवादीसँग जोडिएको लडाकु शिविरमा अनियमितता या भ्रष्टाचार भएको छ भन्ने कसैलाई लागेको छ भने पनि छानबिन गर्न सकिन्छ । तर, यो महालेखाको प्रतिवेदनमै उल्लेख गरी तत्कालीन राष्ट्रपतिबाट अनुमोदनसमेत भइसकेको विषय हो । नेताहरू कोही कुनै विषयमा मुछिएका छन् भने कारबाहीका लागि ढोका खुला गरिएकै छ । भ्रष्टाचारमाथिको शून्य सहनशीलता लागू गर्ने हो भने कारबाही प्रक्रियामा जानुको विकल्प छैन । भ्रष्टाचारलाई राजनीतिक प्रचारबाजी र समय कटाउने चालबाजी नगरी निर्ममतापूर्वक छानबिन र कानुनबमोजिम कारबाही गरेर अघि बढ्न सक्नुपर्छ । भ्रष्टाचारको कुनै सीमा, जात र पार्टी हुँदैन । पार्टीमा भएका त्यस्ता भ्रष्टाचारका मुद्दा पार्टीले बचाउन खोजे पनि इतिहासले खोतल्नेछ । यती, ओम्नी, गिरिबन्धु चिया बगान, स्वास्थ सामग्री खरिद, बालुवाटार जग्गा खरिद, वाइडबडी खरिद काण्डलगायत नीतिगत भ्रष्टाचारका मुद्दामाथि छानबिन गर्न एउटा अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गर्नसमेत माओवादी तयार हुनुपर्छ । तर, यस विषयमा सर्वदलीय सहमति भने बन्न जरुरी छ । अभियुक्तहरूलाई लुकाएर अझै पनि षड्यन्त्र गर्न सकिन्छ कि भनेर नानाथरी बोल्दै हिँड्नेहरू नै भ्रष्टाचार नियन्त्रण अभियानका बाधक हुन् भन्ने तथ्य सञ्चार माध्यमबाट सार्वजनिक भइरहेका छन् । र, यिनीहरू नै अहिले ठूलो कोलाहल गरिरहेका छन् ।

अब सरकारलाई आफ्ना कदमबाट पछि हट्ने ठाउँ र सुविधा छैन । एउटा मुद्दालाई अर्को मुद्दासँग साट्ने, मुद्दा कमजोर बनाउन हस्तक्षेप गर्ने, चोचोमोचो मिलाएर विषयान्तर गर्न खोज्नेजस्ता प्रवृत्ति जाग्न सक्छन् भनेर नै नागरिक दबाब बढेका छन् । यसलाई अझ बढाउन जरुरी छ । मुद्दाको ठूलो घान हाल्ने तर किनारा एउटा पनि नलगाउने परम्परा यसपटक तोड्न सक्नुपर्छ । कतिपय सन्दर्भमा माओवादीका केही अमुक नेतालाई जोडेर भ्रष्टाचार गरेको, लडाकु शिविरमा भ्रष्टाचार भएकोलगायत विषयमा उठेका केही प्रश्नको जवाफ पनि आगामी दिनमा दिनैपर्ने हुन्छ । तर, पहिला नेपाली नागरिकलाई अनागरिक बनाउने गरी गरिएको करोडौंको ठगी काण्डका नाइकेहरूलाई कानुनी दायरामा ल्याई मुद्दा टुंगोमा पुऱ्याउनु र क्रमशः अरू भ्रष्टाचारसम्बन्धी फाइल खोल्दै जानु उपयुक्त हुन्छ । तर, जे भए पनि प्रचण्ड नेतृत्वको सरकार अरूले गरेको भ्रष्टाचारको दलदलबाट निस्कन सक्ला त ? नेपाली जनताले उत्तर खोजिरहेका छन् ? भ्रष्टाचारको फोहोरबाट उम्केर सुशासन दिने कि त्यसैको थुप्रोमा पुरिएर आत्मसमर्पण गर्ने ? यो सरकारसामु उभिएको गम्भीर प्रश्न हो ।

(उपाध्याय माओवादी केन्द्रका कार्यालय सचिव हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **गोविन्दमानसिंह कार्की**लाई



पछिल्लो समय अपराधका घटनामा राजनीतिक दलका नेताहरू जोडिनुलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

यो ०४६ पछिको ठूलो दुर्गुण हो । पछिल्लो समयमा नक्कली भुटानी शरणार्थी प्रकरणलगायत अन्य ठूला भ्रष्टाचारका घटनामा अन्ततः राजनीतिक तथा प्रशासनिक नेतृत्व जोडिएको देखिनु दुर्भाग्यपूर्ण र नेपाललाई नै लज्जित बनाउने विषय हो ।

पछिल्लो प्रकरणमा मुछिएका राजनीतिक नेतृत्वको व्यवहार कस्तो देख्नुहुन्छ ?

नक्कली भुटानी शरणार्थी प्रकरण अनुसन्धानकै क्रममा छ । र पनि प्रहरी नियन्त्रणमा रहेका नेताले 'सेलिब्रेटी' जसरी सगौरव हात हल्लाउँदै आफूलाई प्रस्तुत गरिरहेका छन् । उनीहरूको जीवनस्तरले पनि सत्ता र शक्तिको छायामा रहनेहरूबीचको अन्तर स्पष्ट पारेको छ । यस प्रकरणपछि एक अर्काको मुखै हेर्न नचाहने तथा उत्तर र दक्षिण फर्किएर बस्ने शीर्ष नेताहरूसमेत एकै ठाउँमा भेला हुन थालेका छन् । यसले उनीहरू अनुसन्धानलाई प्रभावित बनाउन लागिपरेका हुन् कि भन्ने आशंका बढाएको छ । यो नेपालीका लागि ठूलो दुर्भाग्य हो ।

ठूला भ्रष्टाचार मुद्दामा छानबिन किन प्रभावकारी बन्न सक्दैनन् ?

छानबिन गर्ने निकायमा पनि राजनीतिक नियुक्ति हुने गर्छ । यसले सत्ता र शक्तिमा रहिरहनेहरूलाई त्यसको आडमा सधैं उन्मुक्ति पाउने र मिलेमतोमा यस्ता गतिविधि गरिरहने छुट दिएजस्तो देखिन्छ । अहिले यस्ता घटनालाई नियन्त्रण गर्ने एउटा अवसर आएको छ । अहिलेसम्मको अवस्थामा पनि मझौला खालै राजनीतिक नेतृत्व मात्रै यस्ता घटनामा पर्ने गरेको देखिन्छ । साँच्चै शक्तिशाली भनिएका ठूला राजनीतिक नेतृत्व कारबाहीमा आउने वातावरण अझै बनिसकेको छैन ।

प्रेरक प्रसंग

बुद्ध र बालबालिका

कुनै समयमा गौतम बुद्ध एउटा आँपको बगैंचामा विश्राम गरिरहेका थिए । आँप पाक्ने मौसम थियो । त्यहाँ बालबालिकाको एउटा समूह आइपुग्यो । उनीहरू सबैले अपरिचित बुद्धको कुनै पर्वाह नगरी रुखमा ढुंगा बर्साए । रुखबाट हुरुरु आँप झरे । झरेका मिठा आँप खाँदै उनीहरू खुब रमाए । झरेका आँप खाइसकेपछि उनीहरू फेरि रुखतिर ढुंगा बर्साउन थाले । यसपटक भने संयोगले एउटा ढुंगा बुद्धको खुट्टामा बज्रिन पुग्यो । उनको खुट्टामा चोट लाग्यो । खुट्टाबाट रगत बग्न थाल्यो ।



त्यो देखेपछि त्यहाँ उपस्थित बालबालिका निकै डराए । उनीहरू त्यहाँबाट कुलेलम ठोक्न चाहन्थे । तर, बुद्धले उनीहरूलाई देखिसकेको हुनाले उनीहरू भाग्न पनि सकेनन् । त्यसैले, उनीहरूले आफूहरूको गल्ती स्विकार्दै बुद्धसँग माफी मागे । आफ्नै गल्तीले गर्दा बुद्धको खुट्टामा चोट लागेको भन्दै उनीहरूले आफूहरूलाई माफी दिन आग्रह गरे ।

आफ्नो अगाडि हात जोडेर उभिएका बालबालिकालाई हेर्दै बुद्धले शान्त हुँदै भने– बाबुनानीहरू हो ! माफी त तपाईंहरूले होइन, मैले पो माग्नुपर्छ । किनकि, एउटा सामान्य रुखले तपाईंहरूले प्रहार गरेको ढुंगाको बदलामा आँप दियो । तर, एउटा मान्छे भएर पनि मसित तपाईंहरूलाई दिन केही छैन । उल्टै मैले त तपाईंहरूलाई त्रास दिएँ । बरु, सक्नुहुन्छ भने तपाईंहरू मलाई माफी दिनुहोस् है !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

'गेम चेन्जर' योजनामा बजेट देऊ

यही १५ जेठमा आउने बजेटमा घेरैको आँखा पुगेको छ । यसपालि कनिका छरेझैं बजेट नछरी ठोस योजनामा मात्र खर्च गर्ने अर्थमन्त्रीले बताएका छन् । अर्थमन्त्री सफल हुने हो भने जनताको जीवनस्तरमा सुधार ल्याउन सक्ने 'फास्ट ट्र्याक'जस्ता 'गेम चेन्जर' योजनामा बजेट बढी हाल्ने र असफल र जनभावनाविपरीतका योजना हटाउनुपर्छ । अयोग्य लडाकुलाई पैसा दिने कुरा सुन्नमा आएको छ । यसबारे काग्रेसका केही नेताले विरोध गरे पनि सभापति शेरबहादुर देउवा र पार्टीको आधिकारिक धारणा आएको छैन । स्वयं अर्थमन्त्री के चाहन्छन्, त्यो पनि थाहा हुन सकेको छैन । विगतमै निश्चित रकम दिएर बिदा गरिसकिएका लडाकुलाई यसरी देश आर्थिक संकटमा फसेको समयमा रकम बाँड्नु गलत हो ।

● **गोपाल देवकोटा,** गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

गम्भीर छानबिन गरियोस्

'गृहकै गाडीमा बिचौलियाले ओसार्थे पैसा' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । गरिब जनताले नखाई-नखाई तिरेको करबाट सरकारी निकायका अधिकारीलाई सुविधामा राज्यले उपलब्ध गराएको सवारी साधन जनतालाई नक्कली शरणार्थी बनाएर बेच्ने बिचौलियाले प्रयोग गरेको समाचार आउँदा पनि जिम्मेवार अधिकारीलाई पत्राउ गरी छानबिन गर्न किन ढिलो गरिँदै छ । यसरी बिचौलियालाई सरकारी गाडी दुरुपयोग गर्न दिने अधिकारीमाथि तत्काल छानबिन गरियोस् ।

● **वैकुण्ठ महर्जन**
रविभवन, काठमाडौं

नेताहरूलाई लाज लाग्दैन हो ?

मंगलबारको नयाँ पत्रिकाको मुखपृष्ठमा एउटा तस्बिर देखियो । जसमा नेपाली नागरिकलाई अनागरिक बनाएर नक्कली भुटानी शरणार्थीका नाममा विदेश पठाउने नाममा करोडौं असुली गरेको आरोपमा पत्राउ गरेका अभियुक्त टोपबहादुर रायमाझी ठूलै जित हासिल गरेजस्तो दायाँ हातले अभिवादन गर्दै मुस्कुराइरहेका देखिन्थे । आफ्नो अपराधका कारण देश र जनताको विश्वमञ्चमै बदनामी भइरहेका देख्दा पनि यी नेताहरूलाई पटकै लाज लाग्दैन कि के हो ?

● **भूमिका पासवान**
नरेफाँट, काठमाडौं

जनता बेच्नेहरूको निर्लज्जता

३१ वैशाखको नयाँ पत्रिकामा कटक मल्लको 'नक्कली भुटानी शरणार्थी र नेपालका नोरियेगाहरू' शीर्षकको लेख पढें । उनी स्टकहोम गएको कति वर्ष भयो कुन्नि ? उनलाई नेपालको लोकतन्त्रपछिको हालत थाहा छ कि छैन ? त्यो हालत यस कथाले उजागर गर्छ : एक बलात्कारीलाई गाउँलेले सजाय तोके- कालोमोसो दलेर गधामा उल्टो बसाई गाउँ घुमाउने । कालोमोसो मुखमा दलियो । गधा मगाइयो ।


बलात्कारी आफैं उक्रेर गधामाथि चढ्यो । भुराभुरीले ताली बजाए, जसरी अहिले 'सोसल मिडिया'मा बजाइँदै छ । घुम्दाघुम्दै बलात्कारी सडकछेउको आफ्नै घरको ढोकामा पुग्यो । श्रीमती पनि तमासा हेरिरहेकी थिइन् । बलात्कारीले श्रीमतीलाई भन्यो- के हेरेकी ? गएर छिटो खाना पकाइहाल, भोक लाग्या छ । नुहाउन पानी ठिक पार । अलिकति मात्र त अब घुम्नु छ । श्रीमती दंग परिन् श्रीमान्को निर्लज्जता देखेर । भात पनि पकाइन्, पानी पनि ठिक पारिन् ।

यिनी श्रीमतीजस्तै सोझा छन् हाम्रा मतदाता पनि । त्यसैले त बालकृष्ण खाणले चुनौती दिए- आइजिपीलाई भनिदिनू, अर्घाखाँची गए चुनाव लड । हिरासतमा पनि अफिसरको कोठामा बसेर मोज गरिरहेका छन् । उता अर्का अभियुक्त टोपबहादुर रायमाझी ठूलै जित हात पारेजस्तै हात हल्लाउँदै छन् । त्यस्ता निर्लज्जहरूलाई केको देशको बदनामीको पिर ? यस्ता नोरिएगाहरूलाई पनि अब अमेरिकी अदालतमा मुद्दा चलाउनुपर्छ ।

● **डा. शिवशंकर यादव,** छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

जुलियन असान्जमाथि अन्तहीन आक्रमण

विकिलिक्सका संस्थापक असान्जमाथि अमेरिकाले गरेको अन्तहीन उत्पीडनले विचारको स्वतन्त्रतालाई विश्वव्यापी रूपमा नै खतरामा पारेको छ



देश / विदेश

● बेलेन फर्नान्डेज

कल्पना गर्नुस्, क्युबा सरकारले क्युबाको सैन्य अपराध पर्दाफास गरेको आरोपमा बेलायतमा रहेका एक अस्ट्रेलियाली प्रकाशक आफूलाई सुपुर्दगी गर्न माग गरिरहेको छ । कल्पना गर्नुस्, त्यस सैन्य अपराधमा सन् २००७ मा हेलिकोप्टर सवार क्युबाली सैनिकद्वारा गरिएको एक दर्जन इराकी नागरिकको नरसंहार पनि समावेश छ, जसमा रोयटर्स समाचार एजेन्सीका दुई पत्रकार पनि छन् ।

अब कल्पना गर्नुस्, यदि ती अस्ट्रेलियाली प्रकाशकलाई बेलायतबाट क्युबा सुपुर्दगी गरियो भने तिनले १७५ वर्षसम्म कडा सुरक्षा भएको जेलमा बस्नु पर्नेछ, त्यो पनि केवल मिडियाकर्मीले गर्नुपर्ने काम गरेका कारण । अर्थात् वास्तविकतालाई उजागर गरेकोमा । र अन्तमा, मानव अधिकार र लोकतन्त्रको दुहाई दिँदै क्युबाको निन्दाका लागि विश्वलाई आह्वान गर्ने अमेरिकाले क्युबाको व्यवहारलाई लिएर देखाउने प्रतिक्रियाको कल्पना गर्नुस् ।

निःसन्देह, माथिको परिदृश्य साँचो घटनाहरूलाई पुन सिलसिलाबद्ध गरिएको र यहाँ प्रकाशक भनिएका व्यक्ति विकिलिक्सका संस्थापक जुलियन असान्ज हुन् भनेर अनुमान गर्न कल्पनाको सहारा लिनै पर्दैन । त्यो भिलेन राष्ट्र क्युवा होइन, अमेरिका आफैं हो । असान्जको व्यक्तिगत मानव अधिकारको उन्मूलन मात्र होइन, विश्वभरका मानिसहरूमाथि व्यापक स्तरका आक्रमणहरूको आश्चर्यजनक शृंखलाका लागि जिम्मेवार पनि अमेरिका नै हो ।

अमेरिकी भाष्यअनुसार असान्जको विकिलिक्सले इराक, अफगानिस्तान र अन्य ठाउँका मानिसको जीवनलाई खतरामा पारेको छ । तर, ती स्थानका जीवनलाई खतरामा नपार्ने एउटा सुनिश्चित तरिका उनीहरूमाथि बमबारी नगर्नु नै होइन र ?

जुन राष्ट्रका लागि सैन्य हत्या एक संस्थागत खेला भएको छ, उसले केही जघन्य विवरण उजागर गर्ने व्यक्तिमाथि यस्तो अफवाह फैलाउनु उदेक लाग्दो कुरा हो । अट्टहास गर्दै गरेको हेलिकोप्टर चालक दलद्वारा भिडियो गेममा निशाना बनाए जसरी निहत्था नागरिकलाई नजिकबाट निसाना साधेको फुटेजले अमेरिकीहरूको प्रक्षेपित राम्रो मान्छेको छविको पृष्ठपोषण पक्कै गर्थेन ।

यदि असान्जले आफूलाई खतरामा नपार्न चाहेको भए उनले पनि मूलधारे पत्रकारिताले जस्तै साम्राज्यवादी प्रोपोगान्डा नै छर्ने थिए, जसले अफगानिस्तान र इराकको युद्धलाई अमेरिकी जनतासामु जायज ठहऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसको सट्टा, उनी दक्षिणपूर्वी लन्डनको बेलमार्स जेलमा थुनिएका छन् । तथाकथित 'स्वतन्त्रताको भूमि'मा सुपुर्दगीको पर्खाइमा छन् । यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा सन् २०१९ मा दस्ताबेजकृत गरिएअनुसार लामो मनोवैज्ञानिक प्रताडनाको एक वास्तविक केस स्टडीको रूपमा रहेका छन् । राजा चार्ल्सको राज्याभिषेकअघि उनलाई सम्बोधन गर्दै लेखिएको पत्रमा असान्जले आफूलाई एक लज्जित विदेशी सार्वभौमसत्ताका निम्ति महाराजको राजमा थुनिएको एक राजनीतिक कैदीको रूपमा वर्णन गरेका छन् । 'कुनै पनि समाजले उसका कैदीसँग कस्तो व्यवहार गर्छ भन्नेबाट त्यस समाजको मापदण्ड थाहा पाउन सकिन्छ र यस सन्दर्भमा तपाईंको राज्य पक्कै अगाडि छ,' उनले लेखेका छन् ।

त्यस लज्जित विदेशी सार्वभौमले विश्वमै उच्चतम



तस्बिरः रोयटर्स/हेनरी निकोल्स

कैद दर र निर्दोष मानिसलाई मृत्युदण्ड दिने प्रभावशाली ट्र्याक रेकर्डमा घमन्ड गर्दै निश्चित रूपमा यो क्षेत्रमा उत्कृष्टता प्रदर्शन गरेको छ । साँचो बोलेको कारण अर्को देशको नागरिकलाई १७५ वर्षको जेल सजाय दिने उसको प्रयास पनि समाजमा केही न केही गलत छ भन्ने कुराको राम्रो संकेत हो । त्यसपछि सिआइएको पूर्वयातना अड्डा र कालो धब्बाका रूपमा रहेको क्युबाको ग्वान्टानामो बे स्थित अमेरिकाको अपतटीय बन्दीगृहमा अमेरिकाले आफ्ना अन्तहीन युद्धका केही अमानवीय कर्तुत मेटाउने प्रयास गरेको छ । वास्तवमा, कब्जा गरिएको क्युबाको भूमिमा अमेरिकाले गैरकानुनी जेल चलाउँदा आफ्ना राजनीतिक कैदीका निम्ति क्युबा सरकारको आलोचना गर्नुलाई न्यायोचित ठान्नुलाई मन बहकाउने पाखण्डको रूपमा वर्गीकृत गर्न सकिन्छ ।

तर जसरी तपाईं कैदीहरूको कलाकृतिको वर्गीकरण गरेर ग्वान्टानामोको अपराधलाई ढाकछोप गर्न सक्नुहुन्न, त्यसरी नै जुलियन असान्जलाई प्रभावकारी रूपमा उनको अस्तित्वबाटै बाहिर निकालेर अमेरिकी नीतिको भयावहता लुकाउन पनि सक्नुहुन्न । यो त उही पुरानो दूतलाई मार भन्ने दृष्टिकोणजस्तो भयो, जसमा हत्याले दीर्घ मनोवैज्ञानिक युद्धको रूप लिन्छ । यो असान्जलाई अनन्तकालका लागि जेलमा राख्नुपर्छ भन्ने विचारलाई सामान्यीकरण गर्ने अभियानको साथ आयोजित छ ।

अन्तमा, असान्जमाथिको आक्रमण साम्राज्यवादी हिस्टेरिया मात्र होइन । अन्तिम परिणाम जेसुकै होस, यसले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई मात्र होइन, विचारको स्वतन्त्रतालाई पनि अपराधीकरण गर्ने खतरनाक नजिर स्थापित गरिसकेको छ । असान्जको रिहाइका लागि अस्ट्रेलियाली अधिकारीले चर्को आवाज उठाइरहे पनि अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिसले मे २४ मा सिड्नीमा हुने क्वाड लिडर्स समिटमा अमेरिकी राष्ट्रपति जो बाइडनसँग यस विषयमा कुरा गर्ने वा नगर्ने भन्नेबारे केही बताउन अस्वीकार गरेका छन् । र, जसरी अमेरिकाका अन्तहीन युद्ध जति-जति उग्र हुँदै जान्छन्, त्यसरी नै जुलियन असान्जमाथिको असीमित युद्ध पनि बढ्दै जानेछ ।

- अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मदन भण्डारीसित अन्तिम भेटका केही प्रसंग

जसको उपस्थिति जति प्रिय र प्रेरणादायी हुन्छ, उसको अनुपस्थिति र अवसान त्योभन्दा कैयौं गुणा बढी पीडादायी हुन्छ



• ईश्वर पोखरेल

असल मानिससँगको संगत र सान्निध्य प्रेरणा, ऊर्जा र ज्ञानको स्रोत बनेर बाँचिरहेको हुन्छ। जसको उपस्थिति जति प्रिय र प्रेरणादायी हुन्छ, उसको अनुपस्थिति र अवसान त्योभन्दा कैयौं गुणा बढी पीडादायी हुन्छ। जननेता मदन भण्डारी मेरा लागि त्यस्तै आदरणीय पात्र हुनुभयो।

४५ वर्षअघि २०३५ साल असारको अन्तिम दिन, मैले मदनलाई पहिलोपटक भेटेको थिएँ। र, २०५० सालको जेठ १ गते बिहान साढे आठ बजेपछि उहाँसित कहिल्यै भेट हुन सकेन! २०५० साल जेठ ३ गतेको षड्यन्त्रपूर्ण 'दुर्घटना'मा उहाँ भौतिक रूपले हामी सबैसँग सदा-सदाका लागि बिदा हुनुभयो। मैले मदनसँग चौध वर्ष दश महिना निरन्तरको सम्बन्ध सम्पर्कमा बिताएँ। मित्रता र सानिध्यमा धेरै कुरा सिकेँ। अत्यन्त विश्वास र आत्मीयतामा हाम्रो सम्बन्ध रह्यो। एउटै कमिटीका सदस्य र सहयोद्धाका रूपमा उहाँसितको सम्बन्ध अगाडि बढेको थियो।

२०३५ साल साउन ८ गते मदन भण्डारी तात्कालीन 'को-अर्डिनेसन केन्द्र'को 'केन्द्रीय नेतृत्व'मा निर्वाचित हुनुभएको थियो र २०५० साल जेठ ३ गते सहादत प्राप्त गर्ने वेलासम्म जम्मा ४२ वर्षको उमेरमा उहाँले कम्युनिस्ट पार्टीको अत्यन्त लोकप्रिय महासचिव, नवीन विचारक तथा मुलुककै चर्चित र उदीयमान राजनेताको स्थान बनाइसक्नुभएको थियो।

२०४८ सालको आमनिर्वाचनमा बहुमत प्राप्त नेपाली कांग्रेस थामिनसक्नुको उन्मादमा थियो। उसमा सर्वसत्तावादी चिन्तन र व्यवहार जबर्जस्त रूपमा देखिएको थियो। नेकपा (एमाले) प्रमुख प्रतिपक्षी पार्टी बनेको यथार्थलाई उसले स्वीकार गर्न सकिरहेको थिएन र एमालेसँग प्रमुख प्रतिपक्षी दलकोजस्तो व्यवहार पनि गरिरहेको थिएन। कांग्रेसको त्यस्तो व्यवहारका कारण मुलुकमा तीव्र गतिमा राजनीतिक मुठभेडको स्थिति तयार हुँदै थियो।

यस्तै असहज परिस्थितिमा क्रान्तिकारी संघर्षमा योग्यतापूर्वक सशक्त भूमिका खेल्दै आएको शक्ति भएका कारण र मदन भण्डारीजस्तो ओजस्वी र लोकप्रिय नेता आफूसित भएका कारण तत्कालीन नेकपा (एमाले)को पार्टी पंक्ति अरिंगालको गोलो भएर विरोधीमाथि जाइलाग्ने मानसिकतामा थियो।

यसरी, भर्खर प्रारम्भ भएको संसदीय राजनीति नराम्ररी मुठभेडतर्फ धकेलिँदै थियो। सरकारी दमन, सत्ताको दुरुपयोग, भ्रष्टाचार आदि विषयका कारण जनतामा कांग्रेसविरोधी भावना दिनानुदिन बढिरहेको थियो। यिनै विषयमा तत्कालीन नेकपा (एमाले) द्वारा देशव्यापी रूपमा पार्टी परिचालन र विरोधसभाहरू आयोजना गरिएका थिए। मदन भण्डारी प्रायः प्रत्येक सभाहरूमा ओजस्वी र प्रभावकारी भाषणका माध्यमबाट जनतासमक्ष आफ्ना सशक्त विचार प्रवाहित गरिरहनुभएको थियो। त्यस अवधिमा मदनको प्रभाव र प्रतिष्ठाले शिखर चुम्दै थियो। मदन ऐतिहासिक जनआन्दोलनपछि गठन भएको अन्तरिम सरकारका प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापतिसमेत रहेका कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दै काठमाडौंका दुइटा निर्वाचन क्षेत्रबाट सानदार जित हासिल गरेपछि चर्चाको शिखरमा हुनुहुन्थ्यो। एमाले पंक्ति र आमजनतामा मात्र नभई अन्तर्राष्ट्रिय जगत्मा समेत मदनप्रतिको आकर्षण अभूतपूर्व रूपले बढेर गएको थियो। एकातिर मदनको लोकप्रियताको 'ग्राफ' माथि चढिरहेको थियो, अर्कोतिर उहाँका बारेमा अपशकुनले भरिएका समाचार रहस्यमय ढंगले सार्वजनिक हुन थालेका थिए। मदनको लोकप्रियता र प्रतिष्ठाको ताप यति जबर्जस्त थियो कि टाढा-टाढाबाट समर्थक, शुभचिन्तक मात्र होइन, आमजनतासमेत मदन पुग्नुभएका ठाउँमा पुग्ने गर्थे।

मदन यही अभियानको सिलसिलामा २०५० साल जेठ १ गतेदेखि ३ गतेसम्म पार्टीको कास्की जिल्ला अधिवेशनमा जान लाग्नुभएको थियो। जीवराज आश्रित अगाडि नै मदनले चढ्ने गर्नुभएको बा.अ.च ८७९३ नं.को गाडीबाट पोखरा जानुभएको थियो। मदनले काठमाडौंमै विशेष कार्यक्रम भएका कारण त्यस दिन पोखरा नगई भोलिपल्ट जेठ १ गते जहाजबाट जाने निर्णय गर्नुभएको थियो। यसरी पोखराका लागि हिड्नुभन्दा पहिले उहाँले लगभग एक घन्टाजति मसित कुरा गरी एक महिनाको कार्यक्रमबारे मलाई नोट गराउनुभएको थियो।

जेठ १ गते पोखराबाट सुरु भएर चितवन, तेह्रथुम, धनकुटा, मोरङ, सुनसरी, सिरहा र तनहुँ आदि जिल्लामा जेठ २६ गतेसम्मका लागि तय गरिएका विभिन्न कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुने गरी उहाँ हिँड्न लाग्नुभएको कुरा मलाई उहाँले जानकारी गराउनुभएको थियो।

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसभित्र देखापरिरहेको अलोकतान्त्रिक चरित्र र गतिविधिविरुद्ध एमालेलगायत प्रतिपक्षी मात्र नभएर स्वयं कांग्रेसभित्रै पनि विरोध हुन थालेको थियो। कांग्रेसभित्र यसको अगुवाइ कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले गर्नुभएको थियो। यसरी गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको कांग्रेसी सर्वसत्तावादविरुद्ध एउटा बृहत् मोर्चाबन्दी खडा भइरहेको थियो।

यही मोर्चाबन्दीको एउटा महत्त्वपूर्ण भूमिकामा रूपमा मदन भण्डारी देखा पर्नुभएको थियो। गणेशमानजीलगायत नेताहरूसित मदनले धेरैपटक भेटघाट र छलफल गर्नुभएको थियो। २०५० जेठ १ गते बिहान नक्सालस्थित उहाँको कोठामा लगभग एक घन्टाजतिको उहाँसितको भेटमा मलाई यसबारे जानकारी गराउँदै अन्य केही सम्भावित विषयबारे पनि संकेत गर्नुभएको थियो। गणेशमानजीहरूसित त्यसबीच पटक-पटक भएका भेटघाटबारे जानकारी गराउँदै आफू काठमाडौंबाहिर रहेका वेला उहाँहरूलाई सम्पर्क बिन्दुका रूपमा सम्पर्क गर्न भन्नुभएको, त्यस प्रयोजनका लागि मदनले मेरो कोठाको ल्यान्डलाइन टेलिफोन नम्बर दिएको र कुनै पनि वेला उहाँहरूले सम्पर्क गरेपछि आफूलाई तुरुन्त सूचना गर्न विभिन्न मितिमा आफू पुग्ने ठाउँ र सम्पर्क गर्नुपर्ने व्यक्तिबारे विवरणसहितको एउटा टिपोट दिनुभएको थियो।

मैले त्यसवेला मदनले भन्नुभएका सबै विषयलाई गम्भीरतासाथ सुनिरहेँ, केही-केही आवश्यक कुरा नोट गरेँ र आफूलाई लागेका केही विषयबारे जिज्ञासा पनि राखेँ। यी सबै कुराबारे जानकारी गराइरहँदा मदन गम्भीर देखिनुहुन्थ्यो, त्यसवेला मेरो मनमा लागेको थियो- यी सबै कुरा अरू नेतालाई थाहा छ कि छैन होला ? तर, प्रश्न गरौं कि भन्ने लाग्दालाग्दै पनि त्यसवेला मदनलाई यो प्रश्न भने गरिनँ। उहाँले नै बरु भन्नुभएको थियो, 'यी धेरै गम्भीर र दूरगामी महत्त्व राख्ने विषय हुन्, कसैसित पनि यससम्बन्धी कुरा नगर्नुहोला, गोपनीयता बचाउनुहोला, मैले दिएको मेरो कार्यक्रमको चिट पनि सुरक्षित राख्नुहोला।'

हामीबीच कुराकानी सकिनासाथ मदन हिँड्ने तयारीमा लाग्नुभयो। म एकछिन त्यहीं बसेँ। मदनले भन्नुभएका सबै कुरा मनमा गुनिरहेँ। एकछिनपछि मदन कमरेडलाई शुभ यात्रा भन्दै आफ्नो ज्ञानेश्वरको कोठातिर लागेँ। यसरी, मदन भण्डारीले मलाई गराउनुभएको जानकारी र दिनुभएको त्यो निर्देशन नै मेरा लागि अन्तिम हुन पुग्यो!



> वृद्धावस्थाका पार्टी अध्यक्ष मनमोहन अधिकारी स्वयं दुर्घटनास्थल पुगेर त्रिशूली नदीकिनारको बगर र बुट्यानमा मदनको कुनै दसी र संकेत पाइन्छ कि भनेर खोज्दै हिँड्नुभयो। जेठको उखरमाउलो गर्मी भए पनि बगर र बुट्यानमा मदनलाई खोज्दै हिँड्नुभएका मनमोहन अधिकारी मदनको केही संकेत नपाएपछि डाँको छोडेर रुनुभएको थियो।

मदनसित भएका कुराहरूले त्यस दिनभरि नै मेरो दिमागमा चक्कर काटिरहे र दिनभरि नै मैले मदनले दिनुभएको कार्यक्रम र समयतालिकालाई दोहोऱ्याई-तेहऱ्याई हेरिरहेँ। त्यसबीच मैले कुनै नेतासित पनि मदनसित भएका कुराबारे जानकारी गराइनँ। मैले एकोहोरो मदन कमरेडलाई संझिँदै, घरमा कहीं कतैबाट फोन आइहाल्छ कि भनेर विशेष ध्यान मात्र दिइरहेँ।

२०५० साल जेठ ३ गते बेलुका साढे पाँच वा ६ बजेको थियो होला! म बागबजारस्थित केन्द्रीय कार्यालयमै थिएँ। अफिसमा गर्नुपर्ने काममा म घोत्लिँदै थिएँ। त्यसैवेला केन्द्रीय कार्यालयका लेखा शाखा प्रमुख लेखनाथ कोइरालाले अत्तालिँदै आएर एउटा सूचना दिनुभयो। उहाँले हतार-हतारमा दिनुभएको सूचनापछि म हतप्रभ भएँ! मदन चढ्नुभएको गाडीको ड्राइभर अमर लामाबाट चितवन पुगेर केन्द्रीय कार्यालयमा फोन गरी' 'गाडी दुर्घटना भएर त्रिशूली नदीमा डुबेको, मदन र आश्रित दुवैजना बेपत्ता हुनुभएको, आफू भने बचेर नारायणगढ पुगेर फोन गरेको' भन्ने जानकारी आएको रहेछ!

यो अप्रत्यासित सूचनापछि मलाई भाउन्न होला जस्तो भयो। के गरौं, कसो गरौं जस्तो भयो, कसलाई के भनेर जानकारी गराऊँ जस्तो भइरह्यो। म एक किसिमले अत्तालिएको थिएँ। हतार-हतार जता-जता फोन लाग्यो, ती-ती ठाउँमा फोन गर्न थालेँ। कार्यालय उपसचिव मनकुमार गौतमलाई पनि फोन गर्न लगाएँ। एकैछिनमा धेरै नेता-कार्यकर्ताको घुइँचो लाग्न थाल्यो। अन्य पार्टीका नेता-कार्यकर्ता पनि आउन थाले। केन्द्रीय कार्यालयमा जम्मा भएको भिड थामिनसक्नु हुँदै गयो। चारैतिर टेलिफोन हुन थाले। केही साथीहरू दुर्घटनास्थल (चितवनको दासढुंगा) नै पुग्ने र यथार्थ स्थिति बुझ्ने योजना बनाउन लागे। यी सबै काम चिन्ता, शोक र पीडाका बीचमा भइरहेका थिए। कति साथीहरू त रोइरहेका थिए!

हामी पार्टीका जिम्मेवार केही व्यक्तिहरू पार्टी अफिसको कोठामा चिन्तित हुँदै यता र उता गरिरहेका थियौं। आउनेहरूलाई केही बताउँदै, कसैलाई सम्झाउँदै, आएका सूचना केही लिँदै समन्वय गर्ने कोसिस गरिरहेका थियौं। म, राधाकृष्ण मैनाली, प्रदीप नेपालहरू यी सबै काम गरिरहेका थियौं र अफिसका केही स्टाफ हामीसँगै रहेर हाम्रा काममा सघाइरहेका थिए। तर, पार्टीका केही जिम्मेवार साथीहरू त्यस्तो वेला पनि अफिसमा आएका थिएनन्। वा, आएर पनि एकछिन यताउति गरेर 'भोलि उज्यालो भएपछि खोजीकार्यमा लाग्नुपर्ला' भन्दै घरमा सुत्न गएका थिए! (यस्तो अशोभनीय, अमर्यादित र कृतघ्न व्यवहार देखेपछि राधाकृष्ण मैनालीले फोनबाटै त्यस्ता नेताहरूलाई हकार्नु पनि भएको थियो।)

हामी रातभर पार्टी अफिसमै बस्यौं, चिन्ताको पोखरीमा डुबेर। हामी अफिसमा बसेका थियौं, तर हामी थाहा पाउँदै थियौं- काठमाडौंदेखि मुग्लिन र नारायणघाटसम्मको सडकभरि मदन र आश्रितको खोजीमा निस्केका मानिसको भिड बढिरहेको छ। सबैजना मदन-आश्रित दुर्घटनामा पर्नुभएको ठाउँ (दासढुंगा) पुग्न हान्निइरहेका थिए! काठमाडौंका सामान्य जनता मदनको यथार्थ खबर बागबजारको पार्टी अफिसमा सुन्न, बुझ्न धाइरहेका थिए। मैले राति नै मेरो डेरा ज्ञानेश्वरबाट मिरालाई शोकविह्वल विद्याजीको रेखदेखका लागि जान भनिसकेको थिएँ र उनी कोठामा दुईजना साना छोराहरूलाई छोडेर त्यहाँ गइसकेकी थिइन्। मदन दुर्घटनामा पर्नुभएको खबर सबैका लागि एउटा कहालीलाग्दो घटना बनेर आएको थियो! हामी पार्टीभित्र त विशेष मर्माहत नै बनेका थियौं!

हामीले झिमिक्कै नगरी रात बितायौं। भोलिपल्ट बिहानै प्रशासनसँग समन्वय गरेर सुरक्षा क्षेत्रका गोताखोरहरूलाई गाडी दुर्घटना भएको ठाउँमा पठाइयो। गाडी पत्ता लगाउन र डुबेको गाडी निकाल्ने उद्देश्यका साथ क्रेनहरू पठाइए। नेताहरूको टोली पनि दुर्घटनास्थलतिर गयो। वृद्धावस्थाका पार्टी अध्यक्ष मनमोहन अधिकारी स्वयं दुर्घटनास्थल पुगेर त्रिशूली नदीकिनारमा बगर र बुट्यानमा मदनको कुनै दसी र संकेत पाइन्छ कि भनेर खोज्दै हिँड्नुभयो। जेठको उखरमाउलो गर्मी भए पनि बगर र बुट्यानमा मदनलाई खोज्दै हिँड्नुभएका मनमोहन अधिकारी मदनको केही संकेत नपाएपछि डाँको छोडेर रुनुभएको थियो। 'म बुढो बाँचेकै छु, तिमी कहाँ गयौ नि मेरो कमरेड!' भन्दै मनमोहनले मन थाम्न नसकेको दृश्यले त्यहाँ जम्मा भएका धेरै मानिसलाई रुवाएको थियो।

> मदनको लोकप्रियता र प्रतिष्ठाको ताप यति जबर्जस्त थियो कि टाढा-टाढाबाट समर्थक, शुभचिन्तक मात्र होइन, आमजनतासमेत मदन पुग्नुभएका ठाउँमा पुग्ने गर्थे।

जति-जति समय बित्दै थियो, मदनको कुनै सुइँको मिलिरहेको थिएन, र मानिसहरू आत्तिँदै गइरहेका थिए। त्यहाँ उनीहरू मदनलाई प्रकट भएको देख्न चाहन्थे। मेरो मनको एउटा कुनामा पनि कता-कता मदन कतै घाइते अवस्थामा, जीवितै अवस्थामा भेटिनुहुन्छ कि भन्ने लागिरहेको थियो। दासढुंगादेखि दसौं कोस टाढा-टाढासम्म आममानिस, पार्टी कार्यकर्ता, सुरक्षाकर्मी स्वतःस्फूर्त रूपमा मदन र आश्रितको खोजीमा निस्किरहेका थिए। शोकमा डुबेको मानव सागर मदनको खोजीमा अविश्रान्त रूपमा खटिरहेको थियो।

दुर्घटना भएको झन्डै ३९ घन्टापछि जेठ ५ गते बिहान साढे आठ बजे, झन्डै ३२ किलोमिटर टाढा गुन्जनगरको गाजीपुरमा नारायणी नदीको किनारमा मदनको लास भेटिएको खबर हावाझैं फैलियो। दुर्घटना भएको ३२ किलोमिटरजति टाढा, अस्वाभाविक अवस्थामा मदनको मृत शरीर भेटिएको थियो। माथि लगाएका लुगा जस्ताको तस्तै थिए, तर प्यान्टचाहिँ गायब भएको थियो! त्यस्तो अवस्थामा रहेको मदनको शवको सनाखत तत्कालीन जिल्ला कमिटीका सदस्य हरि सापकोटाले गर्नुभएको थियो।

मदनको शव निकालेपछि देखियो- उहाँको अनुहारमा आँखा वरिपरि नराम्ररी घाउचोट लागेका थिए। लामो बाहुला भएको सर्ट, दुइटै खुट्टामा मोजा लगाएको, पाइन्ट नभएको, हातमा घडी नभएको, बायाँ आँखामा चोट भएको, हात, कुहिना र दुइटा घुँडामा चोट रहेको र छालाको बेल्टले कस्सिएको प्यान्टसमेत गायब भएको अवस्थामा मदनको लास भेटिएको थियो! बेल्टसहितको प्यान्ट गायब हुनु अत्यन्त अस्वाभाविक थियो। लास भेटिएपछि मदनलाई जीवितै भेटिन्छ कि भन्ने हाम्रो आशामा तुसारापात भएको थियो भने उहाँ हामीहरूसित सदा-सदाका लागि भौतिक रूपले बिदा हुनुभयो भन्ने कुराले एउटा अत्यासलाग्दो भविष्य अगाडि खडा भएको थियो।

यतिका वर्ष बिते, जननेता मदन भण्डारी हामीबीच हुनुहुन्न। तर, उहाँका विचार, योगदान र घटनापूर्ण जीवन प्रेरणाको स्रोत बनेर सधैं-सधैं रहिरहेका छन्। विश्व कम्युनिस्ट आन्दोलनले धक्का खाएर रक्षात्मक अवस्थामा पुगेका वेला नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ ऊर्जा दिने र ऐतिहासिक उचाइमा पुऱ्याउने जननेता मदन भण्डारी विचार र संगठन कौशलका कारण हामीमाझ आज पनि जीवितै हुनुहुन्छ। मदन-आश्रितका हत्यारा यसका योजनाकार र सूत्रधारलाई कुनै न कुनै दिन जनता अगाडि ल्याउन सकिएला कि नसकिएला भन्ने पीडादायी प्रश्न हामीबीच रहिरहेको छ!

हार्दिक श्रद्धाञ्जली जननेता मदन भण्डारी! मदन-आश्रित हामीबीच सधैं-सधैं बाँचिरहनुहुनेछ।

लिलामी सम्बन्धी सूचना

कामनपा-१० बुद्धनगर स्थित रुप टप कोठाको भाडावाल ५ महिनादेखि भाडा भूक्तानी नगरी सम्पर्कमा समेत नआएकोले सम्बन्धित वडा कार्यालय र प्रहरी वृत्तको प्रतिनिधिको रोहवरमा कोठा खाली गराई मौज्यात रहेको सामान हदम्याद नाधेकोले नियमानुसार लिलामी गर्न लागिएकोले लिलामी सकार्न चाहनेले सम्पर्क गर्नुहुन अनुरोध छ।

लिलामी गर्ने मितिः २०८० जेठ ७ गते आइतबार समय ११ बजे
फोनः ४७९६९७९ अफिस समय ११ देखि ३ बजे सम्म (के.वि. कार्की)

हकदावीको सूचना

प्रदेश(३,काठमाडौं जिल्ला,का.म.पा.वडा नं.२० बस्ने श्री अष्ट राज चित्रकारको नाती, श्री कुल राज चित्रकारको छोरा, श्री पुण्य राज चित्रकारको मिति वि.सं.२०७९/१२/२७ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं.०३६०५१२०२६५५०८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजको श्रीमती दिना प्रधान चित्रकारले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, लाजिम्पाट काठमाडौं
फोन नं.:- ४००५०५८
फ्याक्स :- ४००५०६५

हकदावीको सूचना

सर्लाही जिल्ला छोटौल गा.वि.स.वडा नं. ५ (हाल सर्लाही जिल्ला धनकौल गाउँपालिका वडा नं ०७, प्रदेश नं २) बस्ने लक्ष्मि साहको नाती, दशैं साह कानुको छोरा, महेन्द्र साह कानुको मिति २०७७/१०/१८ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०४४०५०५०३११५३३ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती लक्ष्मिनीया देवीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, बरहथवा, सर्लाही
फोन नं.:- ०४६- ५४०२९५, ५४०२९६
फ्याक्स :- ०४६- ५४०२९९

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८०/०२/०३

यस अस्पतालबाट निम्न खरिद कार्यका लागि नयां पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८०/०१/२५ गते प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सूचना अनुसार रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र न्यून मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठे.नं.	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	ठेक्का स्वीकृत रकम (मू.अ.कर बाहेक)
PH/Karnali/ NCB-27/079-80	Procurement of Anesthesia Workstation with Ventilator & Monitor.	Capital Enterprises, Jawalakhel, Lalitpur.	44,60,200.00

अस्पताल निर्देशक

दरभाउपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८०/०२/०३

यस चन्द्रागिरि हिल्स लि.लाई आ.व २०८०/०८१ का लागि आवश्यक पर्ने तपशिल बमोजिमको सामाग्रीहरुको सप्लाई गर्न सक्ने फर्म/कम्पनीले सप्लाई गर्न सक्ने दर, परिमाण, डेलिभरीको समय र भुक्तानीको प्रकृया सहित कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र आ.व २०७९/०८० को कर चुक्ताको प्रतिलिपि संलग्न गरी दरभाउपत्र आव्हान गरिन्छ।

Description

- Grocery Items/ Packed/ Canned Food Items
- Dairy /poultry product
- Fresh vegetables and fruits
- Stationary items
- Bakery Raw items
- Scrap Materials
- Chemical/ Cleaning /General Store Supply
- Kerosene / Diesel /Petrol Oil/LP Gas
- Garments / Souvenir Items
- Electrical/ Hardware And Plumbing items
- Packed/ Canned Food items
- Meat and Fish item
- Out Fresh Flowers
- Laundry Services
- Pooja Samagri
- Water Jar/ Bottle Supply
- Room Amenities
- Imported/Domestic Alcoholic Beverage

कोटेशन आई पुग्नु पर्ने अन्तिम मिति : २०८० जेष्ठ १७ गते भित्र।
आवश्यक मालसामानको विस्तृत सुची तथा अन्य विवरणहरु संलग्न कागजपत्रको प्रति सेट रु १५००/- पछि फिर्ता नहुने गरि दाखिला प्राप्त गर्न सकिनेछ।
नोट : *कोटेशन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनिमा सुरक्षित रहनेछ साथै छनोट भएका सप्लायरहरुको करार अवधि १ वर्षको रहने छ।*

CHANDRAGIRI HILLS
चन्द्रागिरि हिल्स लि.
थानकोट काठमाडौं, फोन नं ०१-४३१२५१५,४३११७१९
ई-मेल : sunil.shakya@chandragirihills.com

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८०/०२/०३

यस गुडविल फाइनान्स लिमिटेड(वित्तीय संस्था)को शाखा कार्यालय बुटबलबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरतापाकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा जमानीकर्ताको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

क्र.सं	ऋणीको विवरण	सुरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	नामः कल्पना आचार्य ठेगानाः नवलपरासी जिल्ला पंचनगर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० बाबुः कृष्ण प्रसाद आचार्य ससुराः यज्ञ प्रसाद घिमिरे पतिः सुर्य प्रकाश घिमिरे ना.प्र.नं.४५८२२ जारी मिति २०५५/०२/२४ जि.प्र का. नवलपरासी कर्जाः व्यक्तिगत	यज्ञ प्रसाद घिमिरेको बुहारी कृष्ण प्रसाद आचार्यको छोरी सुर्य प्रकाश घिमिरेको एकाघरकी श्रीमती नवलपरासी जिल्ला पंचनगर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० बस्ने कल्पना आचार्यको नाममा मालपोत कार्यालय नवलपरासीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला तिलकपुर गा.वि.स. वडा नं.३/ख र ३/ग कित्ता नं. २०२२ र ७७० क्षेत्रफल क्रमशः १९०.४६ र १५२.३९ व.मी को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चचर्ने लिगलगापात समेत।	१) नामः पुष्प राज आचार्य ठेगानाः नवलपरासी जिल्ला बर्दघाट नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ९ बाबु : कृष्ण प्रसाद आचार्य बाजे: देव शर्मा ना.प्र.नं.४६७८६ जारी मिति २०५५/०५/१६ जि.प्र का. नवलपरासी २) नामः सुर्य प्रकाश घिमिरे ठेगानाः नवलपरासी जिल्ला बर्दघाट नगरपालिका वडा नं. १० स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. १० बाबुः यज्ञ प्रसाद घिमिरे बाजेः विष्णु दत्त घिमिरे ना.प्र.नं. ३-१८९८/६९५ जारी मितिः २०४४/०२/३० जि.प्र का. नवलपरासी

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार ४४२२२५०	इन्द्रचोक ५३२५५५४	भक्तपुर ६६२००६७	कुमारीपाटी ५४०८६५०	त्रिपुरेश्वर ५३३१५३३	नयाँबजार ५५१०७३८	ईटहरी, सुनसरी ०२५-५८७०५१	वितमोड ०२३-५३०५४८	नेपालगंज ०८१-५३२०५६
घोराही, दाङ्ग ईलाम ०८२-५६३३५०	फिदिम ०२७-५२०८४५	बुटवल ०२४-५२१०६८	बर्दिबास ०७१-५३७२८३	घनगढी ०८४-५५०१०२	नवलपुर ०८१-४१७३५७	गैंडाकोट ०८६-५७००६०	भैरहवा ०७८-५०१४११	०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

खप्तडमा केबलकार निर्माण गर्न महासंघ अध्यक्ष ढकाललाई आग्रह

काठमाडौं/ सुदूरपश्चिमको प्रसिद्ध पर्यटकीय क्षेत्र खप्तडमा लगानी गर्न सरकारको सहयोग आवश्यक रहेको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन्। खप्तडमा पर्यटन पूर्वाधार निर्माण र पर्यटन प्रवर्द्धनका लागि भन्दै सुदूरपश्चिमका संघीय सांसद र प्रदेश सभा सदस्यहरूको टोलीले महासंघको नेतृत्वसँग भेट गरेको थियो।

सातै प्रदेशमा केबलकार निर्माणको नेतृत्व गरेका अध्यक्ष ढकाललाई खप्तडमा पनि केबलकार निर्माणका लागि टोलीले आग्रह गरेको थियो। पर्यटकीयलगायतका पूर्वाधार निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन र जग्गाप्राप्ति निकै कठिन रहेको हुँदा यी विषयमा सरकारले सहजीकरण गर्नुपर्ने ढकालको भनाइ थियो।

भेटका क्रममा राष्ट्रिय सभा सदस्य गरिमा शाहले खप्तडमा भारतीयलगायत आन्तरिक पर्यटकको पनि आकर्षण रहने हुँदा निजी क्षेत्रका लागि पनि लगानीको अवसर रहेको बताइन्। भेटमा सुदूरपश्चिम क्षेत्रका शाह, शेरबहादुर खड्का, प्रदेश सभा सदस्य दीर्घ सोडारी र दिपकसिंह ओली, नेपाली काग्रेसका नेता गोविन्दबहादुर शाह, हर्कबहादुर सिंह सहभागी थिए।

■ नेसनल बैंकिङ डिस्कोर्स-२०२३

आर्थिक रूपान्तरणमा बैंकिङ क्षेत्रको योगदान छ : अर्थमन्त्री

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले बैंकिङ क्षेत्रले आर्थिक रूपान्तरणमा ठूलो भूमिका खेलेको बताएका छन्। मंगलबार बृहत् आर्थिक संवाद कार्यक्रम 'द नेसनल बैंकिङ डिस्कोर्स २०२३' लाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

'बैंकिङ क्षेत्रले आर्थिक रूपान्तरणमा ठूलो भूमिका खेलेको छ,' उनले भने, 'अझ पहुँच बढाउन, साना उद्यमीलाई ऋणमा पहुँच बढाउन तथा व्यावसायिक लागत घटाउन सेवालाई अझ सुलभ बनाउनुपर्छ।' उनले बैंकिङ सेवालाई प्रभावकारी बनाउन आग्रह गर्दै साना उद्यमीलाई समेत ऋणमा पहुँच बढाउन आग्रह गरे। यस्तै, अर्थमन्त्री डा. महतले बैंकिङ सेवालाई सुलभ बनाउनुपर्ने बताए।

बैंकिङ समाचार डटकमले आयोजना र नबिल बैंकको प्रायोजनमा आयोजित उक्त कार्यक्रममा 'वर्तमान आर्थिक परिदृश्यमा बजेटसँगको अपेक्षा', 'दिगो र समावेशी विकासका लागि अहं वित्तीय साक्षरताको अपरिहार्यता', 'रेमिट्यान्सले धानेको अर्थन्त्रको प्राण र यसको भविष्य' र 'इकोसिस्टमको डिजिटलाइजेसन' विषयक छलफल भएको थियो।



इम्प्रेसन अ क्रिएटिभ डिजाइनका अध्यक्ष राजु ढुंगेलले डिस्कोर्समा बैंकिङको अवस्था, वित्तीय साक्षरता, बढ्दो निष्क्रिय कर्जाको स्थिति, डिजिटल बैंकिङ, डिजिटल इकोनोमीलगायतका विषयमा छलफल भएको बताए।

यस्तै, गभर्नर महाप्रसाद अधिकारीले नेपालको वित्तीय क्षेत्र र वित्तीय प्रणाली सबल भएको बताए। नेपाली वित्तीय क्षेत्रको तथ्यांक हेरेर विदेशीले डाहा गर्ने गरेको उनले बताए।

यस्तै, छलफलमा बैंक तथा वित्तीय संस्थाको ब्याजदर क्रमशः घट्दो अवस्थामा रहेको र अर्थतन्त्र सहज अवस्थामा जान थालेको बैंकरहरूले बताएका छन्। नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सुनील केसीले पछिल्लो समय धेरै सुधारका संकेत देखिएको बताए। यस्तै, नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुंगानाले वित्तीय पहुँचमा धेरै ठूलो विकास भएको दाबी गरे। यस्तै, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले अर्थतन्त्रको संरचनालाई परिवर्तन गर्नुपर्ने बताए। 'अहिले साँच्चै नै रेमिट्यान्सले नेपाली अर्थतन्त्रमा ठूलो योगदान गरेको छ। तर, यो गलत हो कि सही हो भनेर भन्दिनँ,' उनले भने। यस्तै, नबिल बैंकका डिसिइओ मनोज ज्ञवालीले रेमिट्यान्सबाट आउने रकमलाई उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने बताए। रेमिट्यान्स एसोसिएसनका अध्यक्ष चन्द्र टन्डनले अनौपचारिक माध्यमबाट आउने रेमिट्यान्सलाई औपचारिक माध्यमबाट ल्याउन प्रोत्साहन गर्नुपर्ने बताए। वैदेशिक रोजगार विभागका निर्देशक डम्बरबहादुर सुनुवारले विप्रेषण उत्पादनमूलक क्षेत्रमा के-कति लगानी भएको भनेर अध्ययन गर्ने बताए।

कार्यक्रममा राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले टेलिकम कम्पनीहरूबाट फिनटेकसम्बन्धी डेटा प्याकेज आउनुपर्ने बताए। यस्तै, माछापुच्छ्रे बैंकका डिसिइओ विश्वम्भर न्यौपानेले डिजिटल कारोबारको विकास गर्न सरकारले आइटी पूर्वाधार व्यवस्था गर्नुपर्ने बताए।

फोनपेका सिइओ दिवस सापकोटाले अब भुक्तानीलाई मात्रै नभएर डेटा र आइडिन्टिटीलाई पनि डिजिटलाइज गराउनुपर्ने बताए। नेपाल बैंकका निर्देशक विवेक एसजिवी राणाले डिजिटल कारोबार बढ्दै जाँदा अनलाइनमार्फत हुने ठगीलाई न्यूनीकरण गर्ने विषयमा पनि ध्यान दिनुपर्ने बताए।

सनराइज बैंकको विभिन्न सहयोग

काठमाडौं/ सनराइज बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत धनगढीमा विभिन्न सहयोग गरेको छ। बैंकले हसनपुरको ऐश्वर्य विद्या निकेतनमा प्रभावकारी शिक्षा सञ्चालनका लागि तीन थान प्रोजेक्टर हस्तान्तरण गरेको हो। एक कार्यक्रमबीच बैंकका नायब महाप्रबन्धक रविनकुमार नेपालले सो शैक्षिक सामग्री विद्यालयका प्रधानाध्यापक प्रेमनिधि ओझालाई हस्तान्तरण गरे। सामग्री ग्रहण गर्दै प्रधानाध्यापक ओझाले कक्षा १० देखि १२ सम्मका विद्यार्थीलाई प्रविधिमैत्री शिक्षा प्रदान गर्नका लागि सो सामग्रीले मद्दत पुऱ्याउने बताए। यसैगरी, नायब महाप्रबन्धक नेपालले धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमाललाई ३० थान डस्टबिन हस्तान्तरण गरे। साथै बैंकले धनगढी त्रिनगर विद्यालयका विद्यार्थीलाई १०० वटा साइकल स्ट्यान्डसमेत बनाएको बताइएको छ।

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड

केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं, नेपाल, फोनः ०१-५९०२३३०
Email: riverfallshydropower@gmail.com, www. riverfallshydro.com.np

Unaudited Financial Results (Quarterly)
3rd Quarter of financial Year 2079/80

Balance Sheet as on Chaitra 30, 2079 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 30th Chaitra, 2079	Previous Quarter ending As at 30th Poush, 2079	Previous Quarter ending As at 30th Chaitra, 2078
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	9,368	9,779	8,566
Other Fixed Assets		-	-
Work-in-Progress	2,104,999	1,951,944	1,237,545
Investments	189,100	189,100	100
Total Non-Current Assets	**2,303,467**	**2,150,823**	**1,246,211**
Current Assets:			
Deposits	10,884	11,882	14,770
Other Loans & Advances	238,665	375,504	696,922
Sundry Debtors	-	-	-
Inventories	-	-	-
Cash & Bank Balance	1,609	19,793	27,453
Preliminary Expenses	-	-	-
Prepaid Expenses	-	-	-
Total Current Assets	**251,157**	**407,179**	**739,145**
Total Assets	**2,554,624**	**2,558,002**	**1,985,356**
Equity			
Share Capital	700,000	700,000	357,000
Reserve and Surplus	(59,371)	(57,435)	(50,507)
Total Equity	**640,629**	**642,565**	**306,493**
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	1,282,317	1,281,523	968,143.63
Unsecured Loans	-	-	
Total Non-Current Liabilities	**1,282,317**	**1,281,523**	**968,144**
Current Liabilities:			
Trade and Other Payables	433,245	465,113	211,467.62
Bridge Gap Loan	198,433	168,801	499,252.14
Dividend Payable		-	-
Deferred Tax Liabilities		-	-
Total Current Liabilities	**631,678**	**633,914**	**710,720**
Total Liabilities	**1,913,995**	**1,915,437**	**1,678,863**
Total Equity and Liabilities	**2,554,624**	**2,558,002**	**1,985,356**

Profit & Loss Accounts for the period ended Chaitra 30, 2079 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 30th Chaitra, 2079	Previous Quarter ending As at 30th Poush, 2079	Previous Quarter ending As at 30th Chaitra, 2078
Revenue from Operations	-	-	-
Less: Direct Expenses	-	-	-
Gross Profit	-	-	-
Interest Income	105	2	-
Other Income	195	-	-
Staff Costs	954	954	1,188
Other Operating Costs	6,649	4,835	4,862
Financial Costs	-	-	-
Depreciation	1,263	844	1,538
Preliminary Expenses W/O	-	-	-
Provision for Staff Bonus	-	-	-
Net Profit before Tax	**(8,762)**	**(6,631)**	**(7,588)**
Income Tax			
Net Profit	**(8,762)**	**(6,631)**	**(7,588)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

रिभर फल्स पावर लिमिटेडको आ.व.०७९/०८० को तेश्रो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण

क) तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	-	शेयरको बजार मुल्य रु.	२९१
प्रति शेयर नेटवर्थ (रु.)	९१.५२	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)	३६४.९५
तरलता अनुपात	०.४०		

२. व्यवस्थापकीय विश्लेषण

यस आयोजना निर्माणाधिन अवस्थामा रहेको र केही समय पश्चात व्यापारिक उत्पादन दिने आशा गरिएको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको।

४. संगठीत संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण

यस कम्पनीको तेश्रो त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण यस प्रकार रहेको छ।

अधिकतम मुल्य (रु.)	३२५	कारोवार भएको कुल दिन	५६
न्युनतम मुल्य (रु.)	२५७	कारोवार संख्या	१५,६३३
अन्तिम मुल्य (रु.)	२९१	कारोवार रकम (रु.)	२५८,००२,७८३

५. समस्या र चुनौती

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. संस्थागत सुशासन

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। कम्पनीको सञ्चाललनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालन समितिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष कार्यकारी/प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/०२/०३

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कुलेश्वर, काठमाडौंबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति वि.सं. २०७९/०५/०६ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र मिति २०७९/१०/१८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटि पथ, दरबारमार्ग ,काठमाडौमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा, आवधिक कर्जा र अल्पकालिन कर्जा

ऋणीको नाम : जाल्पादेवी चिउरा भुजा उद्योग
रजिष्टर्ड ठेगाना : बिदुर न.पा.-७, देवीघाट, नुवाकोट
रजिष्ट्रेसन नं. : २१४/९७७/०६६/०६७ (नेपाल सरकार उद्योग मन्त्रालय,घरेलु तथा साना उद्योग विकास समिति, नुवाकोट)
रजिष्ट्रेसन मिति : २०६६/१०/२०
पान नं. : ३००७२६११०

प्रोप्राईटरको नाम र ठेगाना
नाम : कृष्ण प्रसाद अधिकारी
बाबु : टिका प्रसाद अधिकारी
बाजे : तोय नाथ अधिकारी
ठेगाना : खड्गभन्ज्याङ्ग गा.वि.स.-५, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : ३९२२०
जारी मिति : २०५१/११/०१
जि.प्र.का. : नुवाकोट

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : बुद्धीमाया अधिकारी
बाबु : माया नाथ रिमाल
पति : टिका प्रसाद अधिकारी
ससुरा : तोय नाथ अधिकारी
ठेगाना : खड्गभन्ज्याङ्ग गा.वि.स.-५, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : २४१५
जारी मिति : २०४४/११/२६
जि.प्र.का. : नुवाकोट

२. नाम : अनिता पाण्डे (अधिकारी)
बाबु : रोज नाथ पाण्डे
पति : सालीक राम अधिकारी
ससुरा : टिका प्रसाद अधिकारी
ठेगाना : बिदुर न.पा.-७, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : २५-०१-७०-१०९३९
जारी मिति : २०७०/०५/०६
जि.प्र.का. : नुवाकोट

३. नाम : पार्वती अधिकारी
बाबु : शम्भु प्रसाद सर्मा
पति : कृष्ण प्रसाद अधिकारी
ससुरा : टिका प्रसाद अधिकारी
ठेगाना : बिदुर न.पा.-७, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : २५३००१/३६१
जारी मिति : २०६३/११/१८
जि.प्र.का. : नुवाकोट

४. नाम : भुपेश अधिकारी
बाबु : कृष्ण प्रसाद अधिकारी
बाजे : टिका प्रसाद अधिकारी
ठेगाना : बिदुर न.पा.-५, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : २५-०१-७४-००६४९
जारी मिति : २०७४/०२/११
जि.प्र.का. : नुवाकोट

५. नाम : सालीक राम अधिकारी
बाबु : टिका प्रसाद अधिकारी
बाजे : तोय नाथ अधिकारी
ठेगाना : खड्गभन्ज्याङ्ग गा.वि.स.-५, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : ३९२२०
जारी मिति : २०५१/११/०१
जि.प्र.का. : नुवाकोट

६. नाम : टिका प्रसाद अधिकारी
बाबु : तोय नाथ अधिकारी
बाजे : राम नाथ अधिकारी
ठेगाना : खड्गभन्ज्याङ्ग गा.वि.स.-५, नुवाकोट
हाल : बिदुर न.पा.-५, नुवाकोट
ना.प्र.नं. : १५
जारी मिति : २०४३/०८/२०
जि.प्र.का. : नुवाकोट

धितो राखिएको सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/ नक्सा सिट नं	कि.नं.	क्षेत्रफल (रोपनी)	घर-जग्गा धनी	कैफियत
१.	नुवाकोट	खड्ग भञ्ज्याङ्ग	८/८	६८	८-४-१-०	जाल्पादेवी चिउरा भुजा उद्योग	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२.	नुवाकोट	बिदुर	९/९	६५८	०-२-२-०	कृष्ण प्रसाद अधिकारी	
३.	नुवाकोट	बिदुर	९/९	१०४९	०-९-३-०	कृष्ण प्रसाद अधिकारी	
४.	नुवाकोट	बिदुर	९/९	१२३५	०-०-३-०	कृष्ण प्रसाद अधिकारी	
५.	नुवाकोट	बिदुर	५/५	१३८५	२-११-०-१.५०	कृष्ण प्रसाद अधिकारी	
६.	नुवाकोट	बिदुर	९/९	१७३९	०-१३-०-०	बुद्धीमाया अधिकारी	

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटि पथ, दरबारमार्ग वा शाखा कार्यालय कुलेश्वरमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/०२/१०, बुधबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटि पथ, दरबारमार्ग, काठमाडौं।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

हकदावीको सूचना

सुनसरी जिल्ला, रामधुनी नगरपालिका वडा नं. ६ बस्ने सुर बहादुर थापा मगरको नातिनी, विर बहादुर थापा मगरको छोरी तथा मान बहादुर थापा मगरको श्रीमती नम्रता थापा मगरको मिति २०७९/०३/१५ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं.०३८०५०३०२७६९९३ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी छोरी गंगामाया थापामगरले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, महाराजगंज, काठमाडौं
फोन नं.:- ४०१६१५१ ४०१६१५२

हकदावीको सूचना

ताप्लेजुङ्ग जिल्ला, सिरिजङ्गा गाँउपालिका वडा नं.३ बस्ने देउ बहादुर लिम्बुको नाति, शेर बहादुर लिम्बुको छोरा तथा शैवी शाह लिम्बुको श्रीमान् कुल प्रसाद लिम्बुको मिति २०७९/०४/२५ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं.०३८०५०८०२८९८३२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी श्रीमति शैवी शाह लिम्बुले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, महाराजगंज, काठमाडौं
फोन नं.:- ४०१६१५१ ४०१६१५२

हकदावीको सूचना

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.४ बस्ने कालु गुरुङ्गको नाति, मन बहादुर गुरुङ्गको छोरा तथा बिवा देवी गुरुङ्गको श्रीमान् केश बहादुर गुरुङ्गको मिति २०७९/१२/१६ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं.०३८०५२१०२५००५४मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी छोरा राजेन्द्र गुरुङ्गले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, महाराजगंज, काठमाडौं
फोन नं.:- ४०१६१५१ ४०१६१५२

करार सम्झौता रद्द गर्ने वारे र हिसाव चुक्ता गर्न ३५ दिने सूचना

उपरोक्त सम्वन्धमा ARVAN CONSTRUCTION PVT. LTD भरतपुर १, चितवन को प्रवन्धक संचालक शसक्त सरण गोले अभिषेक (ना.प.न ४३७५३, चितुवन) ले यस रसुवा/ईलाईट/सुर्य-जे.भि को ११ किलो छेपेटार-भालुश्वारा-वारपाक सडक योजना को ठेक्का नं. 11CRP3371364-2072/73-MYC-04 को सम्झौता गरी काम नै अलपत्र पारी लामो समय सम्म सम्पर्क विहीन भै साईटमा तिर्नु र यस कम्पनिले गरेको लगानी करिव २५,०००,००० (अक्षरुपी दुई करोड पचास लाख मात्र) तुरुन्त दाखिला गरिदिनु होला र त्यस कम्पनि/प्रवन्धक संचालक शसक्त सरण गोले अभिषेक सँग मिति २०७८/०५/१ को सम्झौता अनुसार आजको मितिले ३५ दिनमा साईट सुचारु गर्नु होला अन्यथा यसै पत्र साथ सम्झौता रद्द भएको र लिनु पर्ने रकम असुल गर्न अगाडी वढने जानकारी गराईन्छ।

काठ दाउरा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०२/०३

यस समूहले स्वीकृत वन कार्ययोजना बमोजिम चालु आ.व. २०७९/८० मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरू संकलन गरी घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको साल तथा अन्य जातको गोलिया काठ ८८७ थानको ११५०३.४४ क्यु.फिट र साल दाउरा १८ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक डिभिजन वन कार्यालयमा सूचीकृत वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
लालमटिया सामुदायिक वन उपभोक्ता समूह

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ३ जेठ ०८०

निगमले गच्यो नौ महिनामा साढे १६ अर्ब बक्यौता भुक्तानी

अन्तर्राष्ट्रिय बजारको तुलनामा नेपालमा पेट्रोलियमको मूल्य नघटाउँदा उपभोक्ता भने मर्कामा

अजित अधिकारी/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०७९/८० मा आयल निगमले नाफालाई प्राथमिकतामा राखेर गत आव ०७८/७९ देखिको बक्यौता भुक्तानी गर्दै आएको छ। चालू आवको साउनसम्ममा इन्डियन आयल कर्पोरेसन (आइओसी)लाई तेल खरिदबापतको बक्यौता २३ अर्ब थियो। भदौदेखि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउमा सामान्य गिरावट आउन थाले पनि निगमले अन्तर्राष्ट्रिय बजारको तुलनामा नेपालमा मूल्य नघटाएर नाफा रकम बक्यौता भुक्तानीमा खर्च गरेको निगमका प्रवक्ता मनोज ठाकुरले बताए।

डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १० रुपैयाँ घट्यो

आयल निगमले मंगलबार रातिबाट लागू हुने गरी डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १०-१० रुपैयाँका दरले घटाएको छ। निगम सञ्चालक समितिको मंगलबार साँझ बसेको बैठकले डिजेल र मट्टीतेलको मूल्य घटाउने र अन्य पेट्रोलियमको मूल्य यथावत् राख्ने निर्णय गरेको हो। मूल्य घटेपछि काठमाडौंमा डिजेल र मट्टीतेलको खरिद मूल्य एक सय ५५ रुपैयाँ प्रतिलिटर कायम भएको छ। यसअघि २० चैतमा पनि निगमले डिजेल र मट्टीतेलको मूल्य १०-१० रुपैयाँ प्रतिलिटर घटाएको थियो।

इन्डियन आयल कर्पोरेसनले मंगलबार दिउँसो आगामी १५ दिनका लागि पेट्रोलियम पदार्थको नयाँ खरिदर पठाउँदा मूल्य घटाएर पठाएको थियो। नयाँ खरिदमा पेट्रोल ९.५१ रुपैयाँ र डिजेल ८.०८ रुपैयाँ घटेर आएको थियो। मूल्य घटेर आएपछि निगमले नेपाली बजारमा पनि समायोजन गरेको हो।

नाफा रकम बक्यौता तिर्न खर्च भइरहेको छ

● **मनोज ठाकुर**, प्रवक्ता, नेपाल आयल निगम लिमिटेड



आयल निगमले जस्तोसुकै विषम परिस्थितिमा पनि पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्दै आएको छ। डेढ वर्षअघि प्रतिमहिना झन्डै १० अर्ब रुपैयाँसम्म नोक्सानी खेपेर पनि पेट्रोलियमको आपूर्तिमा कुनै असर पर्न दिएका थिएनौं। त्यतिखेर खेपेको नोक्सानीलाई पछिल्लो समय भर्पाई गर्दै आएका छौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

'हामीलाई लिखित पत्र नै पठाएर बक्यौता बुझ्काउन निरन्तर ताकेता भइरहेको थियो। अहिले बक्यौता रकम घटेपछि भने ताकेता कम हुन थालेको छ,' प्रवक्ता ठाकुरले भने, 'कतिसम्म भने कुनै सार्वजनिक कार्यक्रममा पुग्दासमेत नेपालस्थित भारतीय दूतावासका कुनै अधिकारी भेटिए बक्यौता कहिले तिर्ने भनेर लज्जित बनाउने गरेका थिए।' बक्यौता छिटो बुझ्काउनुपर्ने दबाबकै कारण भदौदेखि अलि ठूलो दरमा निरन्तर नाफा राखेर मूल्य निर्धारण गर्दै आएको निगमको भनाइ छ।

प्रवक्ता ठाकुरका अनुसार वैशाख अन्तिमसम्म आइओसीको बक्यौता ६ अर्ब ४० करोडमा झरिसकेको छ। वैशाखमा मात्रै निगमले दुई अर्बभन्दा बढी नाफा गरेको प्रारम्भिक अनुमान छ। वशाख १ देखि १५ सम्म ५९ करोड र १६ देखि ३१ वैशाखसम्म थप एक अर्ब ५३ करोड नाफा अनुमान गरिएको छ।

वैशाखमा गरेको सबै नाफाबापतको रकम आइओसीको बक्यौता तिर्न खर्च हुने निगमले जनाएको छ। आउँदो २२ जुन (९ जेठ)मा तेल खरिदको रकममा बक्यौताबापतको करिब दुई अर्ब थपेर आइओसीलाई भुक्तानी गर्ने कार्यतालिका छ। निगमले प्रत्येक महिनाको ८ र २२ तारिखमा तेल खरिदको पैसा पठाउँछ। आइओसीले बक्यौता रकममा ७ प्रतिशतका दरले ब्याजसमेत तिराउँदै आएको छ। निगमले सरकारबाट लिएको सात अर्ब ऋणको भने ब्याज र किस्ता मात्रै भुक्तानी गर्दै आएको छ। एक महिनाअघि निगमले ऋणको किस्ताबापत ७५ करोड तिरेको थियो। नोक्सानीमा रहेका कारण सरकारी ऋण तिर्न भने ठूलो दबाब नरहेको निगमले जनाएको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललेे पनि विगतमा पेट्रोलियम पदार्थको सहज आपूर्ति गराउँदा ठूलो नोक्सानी खेपेका कारण सो बक्यौता तिर्न जनअपेक्षाअनुसार अहिले मूल्य समायोजन गर्न नसकिएको बताए। 'तेल किन्दा खेपेको नोक्सानी तेल बेचेरै तिर्नुपर्ने अवस्था छ,' मन्त्री रिजालले भने, 'अहिले बक्यौताबापतको रकम भुक्तानी गरौं भन्ने छ। सो बक्यौता भुक्तानी भइसकेपछि भने ठूलो नाफा राखेर इन्धनको मूल्य निर्धारण हुनेछैन।'

■ एकै वर्ष ४९ अर्ब घाटा भएको थियो

आर्थिक वर्ष ०७८/७९ को मंसिरदेखि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ निरन्तर उकालो लागेको थियो। अन्तर्राष्ट्रिय मूल्य ह्वात्तै वृद्धि भए पनि नेपाली बजारमा सोहीदरमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न नसक्दा आयल निगमले उक्त वर्ष ४९ अर्ब नोक्सान व्यहोरेको नायब कार्यकारी निर्देशक नागेन्द्र शाहले बताए। 'एकै आर्थिक वर्षमा ४९ अर्ब नोक्सान भएपछि हामीले सञ्चित कोषमा रहेको रकम प्रयोग गेरेर घाटा पूर्ति गरेका थियौं,' उनले भने।

शाहका अनुसार ०७१ देखि पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य स्वचालित प्रणालीमा लैजाँदा मूल्य स्थिरीकरण कोष शुल्क लगाउनबापत पैसा जम्मा गर्न थालिएको छ। यो कोषमा पेट्रोलबाट १.७५ रुपैयाँ, डिजेल र मट्टीतेलबाट समान १.६५ रुपैयाँ, आन्तरिक हवाई इन्धनबाट १.६० रुपैयाँ र बाह्य हवाई इन्धनबाट १.७६ रुपैयाँ प्रतिलिटर तथा ग्यासबाट १८ रुपैयाँ प्रतिसिलिन्डरका दरले कोषमा रकम जम्मा हुने गरेको छ। यसरी उठेको कुल रकम २० अर्ब गत आवको घाटा पूर्ति गर्न खर्च भएको शाहले बताए। त्यस्तै, कर्मचारी कल्याणकारी कोषको तीन अर्ब रुपैयाँ पनि घाटा पूर्तिमा खर्च भएको उनले जानकारी दिए।

आयल निगमले विभिन्न समयमा नाफा आर्जन गर्दा बोनसबापत छुट्याएको तीन अर्ब ४९ करोड पनि गत आवको घाटापूर्तिमा खर्च भएको उनले बताए। 'यसरी हामीसँग भएका कोषहरूको २६ अर्बभन्दा बढी रकम घाटा पूर्तिमा खर्च गरिएको छ,' उनले भने, 'जसकारण चालू आवको सुरुवातदेखि २३ अर्ब बक्यौता तिर्नबाट कारोबार सुरु भएको थियो।'

बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम, गण्डकीको बढी

पवन तिमिल्सिना/नयाँ पत्रिका

देशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा ठूलो योगदान रहेको बागमती प्रदेशको आर्थिक वृद्धिदर सुस्त देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार चालू आर्थिक वर्षमा बागमतीको वृद्धिदर १.४ प्रतिशत हुने देखिएको छ। यो अन्य ६ प्रदेशको तुलनामा सबैभन्दा कम वृद्धिदर हो।

चालू आवमा केन्द्रीय तथ्यांक कार्यालयले देशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ता मूल्यमा) ५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान गरेको छ। यसमा बागमतीको हिस्सा ३६.८ प्रतिशत पुग्ने कार्यालयको अनुमान छ। जसअनुसार बागमतीको अर्थतन्त्र १९ खर्ब ८१ अर्ब पुग्नेछ। योगदानका हिसाबले सबैभन्दा ठूलो अंश ओगट्ने बागमतीको वृद्धिदर भने अत्यधिक कम छ।

आर्थिक क्रियाकलापका आधारमा बागमतीबाहेक ६ प्रदेशको अर्थतन्त्र कृषि क्षेत्रमा निर्भर देखिन्छ। बागमती प्रदेशको अर्थतन्त्रमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ।

कोसी प्रदेश : चालू आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब आठ खर्ब ४९ अर्ब हुने अनुमान छ। गत आवको संशोधित अनुमान करिब सात खर्ब ८० अर्ब रहेको छ। यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १५.८ प्रतिशत योगदान पुऱ्याउने अनुमान छ। यसैगरी, गत आवमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.४७ प्रतिशत थियो। चालू आवमा संकुचन आई २.० प्रतिशत मात्र कायम रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३३.२ प्रतिशत कृषि क्षेत्रको रहने उल्लेख छ। सबैभन्दा कम योगदान ०.३ प्रतिशत प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहनेछ।

मधेस प्रदेश : चालू आवमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब सात खर्ब सात अर्ब हुने अनुमान छ। गत आवको संशोधित अनुमान करिब ६ खर्ब ५० अर्ब रहेको छ। गत आवमा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको १३.१ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आवमा समेत १३.१ प्रतिशत योगदान पुऱ्याउने अनुमान गरिएको छ। यसैगरी, गत आवमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.६३ प्रतिशत थियो। चालू आवमा संकुचन आई १.६९ प्रतिशत मात्र कायम रहने अनुमान छ।

बागमती प्रदेश : चालू आवमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब १९ खर्ब ८१ अर्ब हुने अनुमान छ। गत आवमा संशोधित अनुमान करिब १८ खर्ब १९ अर्ब छ। गत आवमा देशको कुल गार्हस्थ्य उत्पादनको ३७.९५ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले चालू आवमा ३६.८६ प्रतिशत योगदान पुऱ्याउने अनुमान गरिएको छ। योगदानका हिसाबले सबैभन्दा ठूलो अंश ओगट्ने बागमतीको वृद्धिदर भने अत्यधिक कम छ। चालू आर्थिक वर्षमा बागमतीको वृद्धिदर १.४ प्रतिशत हुने देखिएको छ। गत आवमा यस्तो वृद्धिदर ६.३ प्रतिशत थियो।

गण्डकी प्रदेश : चालू आवमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब चार खर्ब ८२ अर्ब हुने अनुमान छ। गत आवमा संशोधित अनुमान करिब चार खर्ब ३७ अर्ब थियो। गत आवमा देशको कुल गार्हस्थ्य उत्पादनको ८.९ प्रतिशत ओगटेको यस प्रदेशले चालू आवमा ९ प्रतिशत योगदान पुऱ्याउने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान २५.९ कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३ प्रतिशत सहयोगी सेवा क्षेत्रको रहेको छ। चालू आवमा सबैभन्दा बढी गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ३.३ प्रतिशत पुग्ने अनुमान छ। गत आवमा गण्डकीको आर्थिक वृद्धिदर ६.४ प्रतिशत थियो।

लुम्बिनी प्रदेश : चालू आवमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब सात खर्ब ६२ अर्ब हुने अनुमान छ। गत आवमा संशोधित अनुमान करिब ६ खर्ब ९७ अर्ब थियो। गत आवमा देशको कुल गार्हस्थ्य उत्पादनको १४.१ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले चालू आवमा १४.२ प्रतिशत पुऱ्याउने अनुमान छ। लुम्बिनीको आर्थिक वृद्धिदर गत आवमा ५ प्रतिशत रहेको थियो। तर, चालू आवमा २.१ प्रतिशत मात्रै आर्थिक वृद्धि हुने अनुमान गरिएको छ।

कर्णाली प्रदेश : चालू आवमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब दुई खर्ब २१ अर्ब हुने अनुमान छ। गत आवमा संशोधित अनुमान करिब दुई खर्ब एक अर्ब थियो। गत आवमा देशको कुल गार्हस्थ्य उत्पादनको ४.१ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले चालू आवमा समेत ४.१ प्रतिशत नै पुऱ्याउने अनुमान छ। यसैगरी, गत आवमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.३२ प्रतिशत थियो। चालू आवमा संकुचन आई १.९१ प्रतिशत कायम रहने अनुमान छ।

सुदूरपश्चिम प्रदेश : चालू आवमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब तीन खर्ब ७६ अर्ब हुने अनुमान छ। गत आवमा संशोधित अनुमान करिब तीन खर्ब ४५ अर्ब रहेको छ। गत आवमा देशको कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले चालू आवमा समेत उही हिस्सा लिने अनुमान छ। गत आवमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.७८ प्रतिशत थियो भने चालू आवमा संकुचन आई १.७८ प्रतिशत रहने अनुमान छ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स रोकियो, ब्रोकरको रोकिएन

अख्तियारमा विचाराधीन छ उजुरी

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले नयाँ स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रिया रोके पनि ब्रोकरको भने अघि बढाएको छ। स्टक र ब्रोकर लाइसेन्स वितरणमा भ्रष्टाचार भएको आरोप लाग्दै आएको छ। प्रधानमन्त्रीको निर्देशनपछि स्टकको लाइसेन्स प्रक्रिया रोकिएको छ, तर बोर्डले ब्रोकर लाइसेन्स वितरणको प्रक्रियालाई भने तीव्रता दिएको हो।

बोर्डले २ असोजमा सूचना जारी गर्दै स्टक एक्सचेन्ज र ब्रोकर लाइसेन्सका लागि आवेदन माग गरेको थियो। ब्रोकर लाइसेन्सका लागि ३० दिन र नयाँ स्टक एक्सचेन्जका लागि ४५ दिनको समय दिएको थियो। तोकिएको अवधिमा स्टकका लागि तीनवटा र ब्रोकरका लागि ४६ वटा कम्पनीका आवेदन परे।

लाइसेन्स वितरणमा नीतिगत भ्रष्टाचार भएको र त्यसको छानबिन गर्नुपर्ने आवाज संसद्देखि सडकसम्म उठेको छ। स्टकको लाइसेन्समा अनियमितता भएको गुनासो आएपछि सरकारले प्रक्रिया रोक्न बोर्डलाई निर्देशन दिइसकेको छ। बोर्डले स्टक लाइसेन्स वितरणको प्रक्रिया तत्काललाई रोकेको छ। तर, विरोध र विवादलाई बेवास्ता गर्दै ब्रोकर लाइसेन्स वितरणको प्रक्रियालाई भने निरन्तरता दिएको छ। नयाँ ब्रोकर लाइसेन्स वितरणविरुद्ध अख्तियारमा उजुरीसमेत परेको थियो। धितोपत्र दलाल अनुमतिपत्र आर्फैले दिने गरी बोर्डले आवेदन आह्वान गर्नु धितोपत्रसम्बन्धी कानुन र धितोपत्र बजारको सिद्धान्तविपरीत रहेको उजुरीमा उल्लेख छ।

बोर्डले हालसम्म ४३ कम्पनीलाई ब्रोकर लाइसेन्सका लागि आशयपत्र (एलओआई) दिएको छ। लाइसेन्सका लागि आवेदन दिने ४६ मध्ये मापदण्ड पूरा गर्ने ४३ कम्पनीलाई आशयपत्र (एलओआई) दिएको हो।

अख्तियारमा उजुरी रहँदै ब्रोकर लाइसेन्सको पक्रिया अघि बढाइएको भन्दै पुराना ब्रोकर कम्पनीहरूले भने विगतदेखि नै विरोध जनाउँदै आएका छन्। सीमित व्यक्तिलाई नाफा हुने गरी ब्रोकर लाइसेन्स दिएको भन्दै यसमा नीतिगत भ्रष्टाचार भएको र छानबिन गर्नुपर्ने नेपाल ब्रोकर एसोसिएसनको भनाइ रहेको छ। धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले सर्वोच्चबाट नै क्लिन चिट पाएपछि लाइसेन्सको पक्रिया अघि बढाएको बताए।

तर, अहिले आशयपत्र पाएका ४३ नयाँ ब्रोकर कम्पनीले भने पहिलोपटक निष्पक्ष ढंगले लाइसेन्स वितरण भएको उल्लेख गर्दै भ्रष्टाचारको आरोपलाई कपोलकल्पित र भ्रामक भनेका छन्। उनीहरूले विज्ञप्ति निकाल्दै सञ्चालनमा रहेका ब्रोकरको आरोपलाई खण्डनसमेत गरेका छन्। 'स्टक ब्रोकर्स एसोसिएसन अफ नेपालले मिति ०८० साल २ ९ वैशाखमा जारी गरेको भ्रामक, कपोलकल्पित, आधारहीन विज्ञप्तिले सम्पूर्ण ५६ लाख लगानीकर्ताले गरेको अपेक्षामाथिको तुषारापात भएको हाम्रो ठहर छ,' जारी विज्ञप्तिमा उल्लेख छ।

भारत र थाइल्यान्डमा टेलिकमको रोमिङ शुल्क घट्यो

काठमाडौं/ भारत र थाइल्यान्डमा नेपाल टेलिकम (एनटिसी)को प्रिपेड तथा पोस्टपेड मोबाइल प्रयोग गर्दा रोमिङ सेवाबापत लाग्ने महसुल घटाइएको छ। आइटियू डेको अवसरमा टेलिकमले बुधबारदेखि लागू हुने गरी रोमिङ सेवादर घटाएको हो।

नयाँ दरअनुसार भारतमा टेलिकमको सिम लिएर भारतकै कुनै नम्बरमा कल गर्दा प्रतिमिनेट सात रुपैयाँ शुल्क लाग्नेछ। त्यसैगरी, नेपाल वा अन्य देशको जुनसुकै नम्बरबाट आएको कल उठाउँदा पनि प्रतिमिनेट सात रुपैयाँ लाग्नेछ। साथै, भने एसएमएस गर्दा प्रतिएसएमएस सात रुपैयाँ नै लाग्नेछ। यसअघि भारतको कुनै नम्बरमा कल गर्दा प्रतिमिनेट ३० रुपैयाँ, अन्य नम्बरबाट आएको कल उठाउँदा १४ रुपैयाँ र एसएमएस गर्दा २४ लाग्ने व्यवस्था छ।

त्यसैगरी, अब थाइल्यान्डमा एनटिसीको मोबाइलबाट थाइल्यान्डकै नम्बरमा कल गर्दा र नेपालमा भएको नम्बरमा कल गर्दा प्रतिमिनेट ५० रुपैयाँ मात्र लाग्नेछ। साथै, आएको कल उठाउँदा प्रतिमिनेट २५ रुपैयाँ र एसएमएस गर्दा प्रतिएसएमएस १० रुपैयाँ लाग्नेछ। यसअघि थाइल्यान्डमा एनटिसीबाट कुनै नम्बरमा कल गर्दा प्रतिमिनेट एक सय ३५ रुपैयाँ र अन्य नम्बरबाट आएको कल उठाउँदा ९० रुपैयाँ लाग्ने व्यवस्था थियो। साथै, एसएमएस गर्दा प्रतिएसएमएस ३४ रुपैयाँ लाग्ने थियो।

भाखा नाघेको कर्जा बुझ्काउनेबारे कृषि विकास बैंक लि., बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/०२/०३ गते

यस बैंकको तपशिलका कार्यालयहरूबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमअनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपशिलबमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा रानीपौवा, नुवाकोट

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	पिता पतीको नाम	बाजे ससुराको नाम	उद्देश्य	सावाँ रकम रु.	२०८० बैशाख मसान्तसम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम रु.	धितो मंजुरीनामा दिने/ जमानत बस्नेको नाम
१.	गर्बासी रुम्वा निर्माण सेवा प्रो. रेशम बहादुर तामाङ	ककनी गा.वि.स -२ हिले, नुवाकोट	जित बहादुर	मृगे	सरल ठेक्का/ हायर पर्चेज कर्जा	१३६६६४८०	१२७५६२५	१४९४२१०५	मंगले तमाङ/टिका राम तामाङ विक्रम तमाङ/माईलीमाया तामाङ
२.	जय रक्तकाली कन्ट्क्सन प्रा.लि. (संचालक राम प्रसाद भट्ट)	ककनी ३ रानीपौवा, नुवाकोट	धर्मदत्त भट्ट	नारायण भट्ट	सरल ठेक्का कर्जा	३००००००	१७३१५७	३१७३१५७	रमादेबी गुणी भट्ट/अशोक गुणी/ केदार लामिछाने
३.	त्रिशुली होटल प्रो. रत्न कुमारी लामा	ककनी -४, पैतिसकिलो, नुवाकोट	पदम बहादुर	जमान	सरल कृषि कर्जा	९०००००	७३८०५	९७३८०५	भीम बहादुर लामा/ तेज बहादुर लामा
४.	सिंगारे कृषि फर्म प्रो. जीत बहादुर तामाङ	मदानपुर गा.वि.स. - ८ बाराही, नुवाकोट	रत्न बहादुर	सेते बहादुर	बाख्रा पालन	१००००००	९२९७८	१०९२९७८	
५.	सुर्य पोल्ट्री फार्म प्रो. सुर्य बहादुर तामाङ	मदानपुर गा.वि.स. - ९ बाराही, नुवाकोट	इन्द्र बहादुर	च्याङवा राम	कुखुरापालन	९५०००००	७४६२३	१०२४६२३	
६.	दुर्गा प्रसाद ढुङ्गाना	चाउथे-५ ढुंगानागाउँ, नुवाकोट	टिकादत्त	काशीनाथ	तरकारी खेती	७०००००	६९१८६	७६९१८६	
७.	मन मायाँ तामाङ	मदानपुर गा.बि.स. - ८ बाराही, नुवाकोट	जित बहादुर	रत्न बहादुर	तरकारी खेती	३०००००	३४१९९	३३४१९९	
८.	सानु कान्छा तामाङ	ओखरपौवा ५ सानो चित्रे, नुवाकोट	हर्क मान	सनमान	सरल कृषि कर्जा	४५०००००	४७१२४	४९७१२४	
९.	पहलमान तामाङ	ओखरपौवा ३ हुलाकडाँडा, नुवाकोट	चतुरे तमाङ	दौलसिं	सरल कृषि कर्जा	९९०००००	९४२८१	१०८४२८१	सूर्य तमाङ
१०.	प्रिन्स होटल प्रो.हरि बहादुर श्रेष्ठ	ककनी गा.पा.४ रानीपौवा, नुवाकोट	राम बहादुर	बिर बहादुर	सेवा व्यवसाय	१५०००००	८१९९६	१५८१९९६	निकेश श्रेष्ठ
११.	कर्मचन्द्र तामाङ	ककनी गा.पा.४ रानीपौवा, नुवाकोट	धन बहादुर	जित बहादुर	ओ.डी.	१९५०००००	९६८१९	२०४६८१९	रुबिना लामा/ सुकुमाया लामा/ विकास लामा
१२.	ध्लान फर्निचर उद्योग प्रो. कर्मचन्द्र तामाङ	ककनी गा.पा.४ रानीपौवा, नुवाकोट	धन बहादुर	जित बहादुर	फर्निचर उद्योग	१५०००००	८९१३३	१५८९१३३	
१३.	सुदिप पोल्ट्री फर्म प्रो. शुक्र बहादुर तामाङ	ककनी गा.वि.स. वडा नं. २ हिले, नुवाकोट	टेक बहादुर तमाङ	फुल बहादुर	कुखुरापालन	१००००००	७१७७६	१०७१७७६	माइली माया लामा
१४.	कमल प्रसाद गौत्तम	कुमरी गा.वि.स. वडा नं. २ झयालीपौवा, नुवाकोट	भैरव प्रसाद	कृष्ण	ओ.डी.	१००००००	४९०२९	१०४९०२९	कृष्ण कुमारी ढकाल
१५.	कुमार प्रसाद ढकाल	कुमरी गा.वि.स. वडा नं. ८, नुवाकोट	विष्णु प्रसाद	डण्ड पानी	तरकारी खेती	२५०००००	२८९९६	२७८९९६	
१६.	कालीदेबी निर्माण सेवा प्रो. बुद्धि बहादुर लामा	काठमाडौं जिल्ला मनमैजु १, नुवाकोट	इन्द्र बहादुर	दल बहादुर	सरल ठेक्का कर्जा	३००००००	२४०३९९	३२४०३९९	मान बहादुर लामा
१७.	गुणराज पुडासैनी	कुमरी-२ थुम्काटोल, नुवाकोट	गिरी राज	निलकण्ठ	सरल कृषि कर्जा	५०००००	३४६८५	५३४६८५	
१८.	दिपक ढुंगाना	चाउथे-५ ढुंगानागाउँ, नुवाकोट	जगन्नाथ	कृष्ण दत्त	सरल कृषि कर्जा	५०००००	५५८८४	५५५८८४	
१९.	कालीका किराना स्टोर्स प्रो. राज कुमार मुडभरी	कुमरी १ रुपिङ, नुवाकोट	ऋषि राम	धर्मदत्त मुडभरी	ब्यापार	९०००००	५२५८७	९५२५८७	रत्न कुमरी मुडभरी
२०.	गणेश बहादुर लामा	ककनी ०२, नुवाकोट	रत्न बहादुर	टासी लामा	सरल कृषि कर्जा	३०००००	३४३९९	३३४३९९	
२१.	कालुमान तामाङ	ककनी गा.पा. वडा नं. ४ हिलेखर्क, नुवाकोट	काजी मान	बाबुराम	सरल कृषि कर्जा	५०००००	६२५७७	५६२५७७	

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय, काठमाडौं

२१ बुँदे घोषणापत्र जारी गर्दै परिसंघको ‘मेक इन नेपाल स्वदेशी समिट’ सम्पन्न

नयाँ पत्रिका

अर्थमन्त्री डा. प्रकाशशरण महतले स्वदेशमै उत्पादन बढाई उपभोग बढाउने, आयात कम गरी निर्यात बढाउने र रोजगारी सिर्जना गर्नेतर्फ केन्द्रित हुनुपर्ने बताएका छन् ।

नेपाल उद्योग परिसंघले आयोजना गरेको ‘मेक इन नेपाल’ स्वदेशी सम्मेलनमा बोल्दै उनले स्वदेशमा उत्पादन बढाउन नीतिगत र कानुनी समस्या हल गरिदिन सरकार तयार रहेको बताए । अर्थमन्त्री महतले सरकारले पुँजीगत खर्चको प्रभावकारिता नहुनुको कारण पहिचान गरेको भन्दै आगामी आर्थिक वर्षको पहिलो दिनबाटै पुँजीगत खर्च बढाउने उपाय कार्यान्वयन हुने दाबी गरे । बजेट खर्च समयमै खर्च हुँदा अर्थतन्त्र चलायमान हुने तथा उत्पादन पनि बढ्ने भन्दै उनले मौद्रिक नीतिमार्फत अभै परिस्थिति सहज बनाउने विश्वास दिलाए ।

स्वदेशी उत्पादन बढाउने सम्भावनाको क्षेत्रमा स्वदेशदेखि विदेशको लगानी एकत्रित गर्ने सरकारको योजना रहेको उनले बताए । उनले भने, ‘विदेशको लगानी ल्याउने र स्वदेशी लगानीकर्ताका लागि सहजकर्ता बन्ने उपाय हेर्दै छौं ।’ सरकारले स्रोत सीमितताका बाबजुद दिएको सुविधाको लाभ निजी क्षेत्रले लिन नसकेको गुनासो पनि उनले गरे ।

उद्योगमन्त्री रमेश रिजालले परिसंघको मेक इन नेपाल स्वदेशी अभियानले उत्पादन वृद्धि तथा निर्यातमा समेत टेवा पुग्ने भन्दै यसलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाइने बताए । उनले उत्पादन वृद्धिका निमित्त निजी क्षेत्रको उचित माग र विद्यमान समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको उनले बताए ।



परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले आयात रोक्नु समाधान नभई तुलनात्मक लाभका वस्तुहरूको उत्पादन नै बढाएर यसलाई प्रतिस्थापनको बाटोमा जानुपर्ने बताए । यसका लागि औद्योगिक विकासको विकल्प नभएको भन्दै परिसंघले दुई दशकअघि नै यो आवश्यकताको आकलन गरेर नेपालमा उद्योग र औद्योगिक वातावरण प्रवर्द्धनको नेतृत्व गर्दै आएको उनको भनाइ छ ।

आन्तरिक उत्पादनबाट आयात प्रतिस्थापनका साथै सरकारलाई राजस्वको दिगो स्रोतको सुनिश्चितता पनि गर्दै आएको उल्लेख गर्दै अध्यक्ष अग्रवालले परिसंघले सरकारलाई दिएका सुझावहरूमध्ये निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदानलगायतका बुँदा चालू वर्षको बजेटमा पर्नुलाई उपलब्धिका रूपमा लिएको बताए ।

भारतमा मेक इन इन्डिया अभियानअन्तर्गत उच्च सम्भावनाका २५ वटा उद्योगहरू पहिचान गरेर नीतिगत प्राथमिकता दिइएको स्मरण गराउँदै उनले त्यस अभियानबाट उत्पादित वस्तुहरूको ठूलो परिमाण नेपाललेसमेत खपत गरिरहेको बताए । मेक इन नेपाल अभियानअन्तर्गत परिसंघले पनि नेपालको उच्च सम्भावनाका १० क्षेत्र पहिचान गरेको छ । अहिले जग्गाको लागत मात्र कुल लगानीको कम्तीमा २० देखि ३० प्रतिशत पुग्ने भएकाले यसलाई सम्बोधन नगरेसम्म उद्योगी-व्यवसायीले खुलेर लगानी गर्ने अवस्था नरहेको उनको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा अर्थशास्त्री डा. स्वर्णिम वाग्लेले व्यवसायीहरूले समग्र अर्थतन्त्र र राष्ट्रिय हितमा अभियान अगाडि बढाएको बताउँदै सरकार र निजी क्षेत्रबीच सहकार्य हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले आगामी असारदेखि कर्जाको ब्याजदर थप घट्न सक्ने बताए । राष्ट्र बैंकले अर्थतन्त्र जोखिमका वेला अंगीकार गरेको नीतिका कारण थप संकट निम्तनबाट जोगिएको बताउँदै उनले भने, ‘राष्ट्र बैंकले नचाहेको भए अहिले कर्जाको ब्याजदर १८ प्रतिशतसम्म पुग्न सक्थ्यो ।’ राष्ट्र बैंकले हालै परिपत्र जारी गर्दै आधार दर महिनैपिच्छे थपघट गर्न मिल्ने व्यवस्था गरेको छ । उनले प्रत्यक्ष विदेशी लगानी भित्र्याउँदा हुने जस्तोसुकै समस्या सहजीकरण गर्न केन्द्रीय बैंक तयार रहेको आश्वासन पनि दिए ।

नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सुनील केसीले मौद्रिक नीति समीक्षामार्फत लचिलो नीति लिएको र मौद्रिक नीतिको समीक्षाले ब्याजदर घटने संकेत गरेको बताए ।

यस्तै, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले जिडिपीमा उद्योग क्षेत्रको योगदान घट्दै जानुमा सरकारी नीति मात्र कारक नभएको बताए ।

छैटौं चेम्बर एक्स्पो बिहीबारबाट



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सको आयोजनामा छैटौं चेम्बर एक्स्पो काठमाडौंमा हुने भएको छ । आगामी बिहीबार (४ जेठ)बाट भृकुटीमण्डपमा सुरु हुने उक्त एक्स्पो ८ जेठसम्म चल्नेछ । उक्त व्यापार मेलामा स्वदेशी उत्पादनसँगै विभिन्न अन्तर्राष्ट्रिय वस्तुहरूको प्रदर्शनी गरिने आयोजक नेपाल चेम्बर अफ कमर्सले जनाएको छ ।

छैटौं संस्करणमा व्यापारिक अन्तर्क्रिया, आयात-निर्यातको सूचना आदान-प्रदान एवं नेपाली वस्तुहरूको बजारीकरणमा जोड दिइने अध्यक्ष राजेन्द्र मल्लले बताए । मुलुकभित्र आयोजना हुने अन्तर्राष्ट्रियस्तरका व्यापार मेला तथा प्रदर्शनीहरूले उत्पादन, उपभोक्ताको चाहना एवं बजारीकरण तथा व्यापारिक गतिविधिको प्रत्यक्ष अवलोकन गर्न सकिने अध्यक्ष मल्लको भनाइ छ । उनले भने, ‘चेम्बर एक्स्पोले बाह्य व्यापारिक समुदायसँग सहकार्य भई स्वदेशी उद्यमी-व्यवसायीहरूमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नसमेत ज्यादै प्रभावकारी हुनेछ ।’

चेम्बर एक्स्पोमा नेपाली हस्तकलाका उत्पादनहरू, घरेलु तथा खाद्यान्नका सामग्रीहरू, जडीबुटीजन्य वस्तुहरू प्रदर्शनी गरिने चेम्बरले जनाएको छ । यस्तै अटोमोबाइल, विद्युतीय सामग्री, फेसन वेयर, छालाजन्य वस्तुहरूसमेत प्रदर्शनीमा राखिनेछ । मेलाको करिब डेढ लाखजनाले अवलोकन गर्ने व्यापार मेला समितिका सभापति राष्ट्रभूषण चाकुबजीले जानकारी दिए ।

मेलामा नेपाललगायत भारत, पाकिस्तान, बंगलादेश तथा अन्य विभिन्न मुलुकमा उत्पादित सामग्रीका स्टल रहनेछन् । मुलुकको अर्थतन्त्र चलायमान बनाउन एवं गुणस्तरीय वस्तु प्रयोग गर्नका लागि उपभोक्तालाई सचेत गराउने उद्देश्यले मेला आयोजना गरिएको अध्यक्ष मल्लले बताए ।

मेलामा एक सय ५० वटा स्टल रहनेछन् । तीमध्ये ८० वटा स्टल नेपालीले प्रयोग गर्ने जनाइएको छ । मेलामा प्रवेश शुल्क नलाग्ने आयोजकको भनाइ छ ।

कामना सेवा विकास बैंक र अरोगिन हेल्थ केयरबीच छुटसम्बन्धी सम्झौता



काठमाडौं/ कामना सेवा विकास बैंक र अरोगिन हेल्थ केयर एन्ड रिसर्चबीच सम्झौता सम्पन्न भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकले, विशालनगरस्थित अरोगिन हेल्थ केयर एन्ड रिसर्चले प्रदान गर्ने कपाल प्रत्यारोपण र हेयरफल ट्रिटमेन्टमा ४५ प्रतिशतसम्मको छुट पाउने बताइएको छ ।

यस्तै, स्किन केयरमा ३०, डेन्टल केयरमा २०, डे केयरमा १५, फिजियोथेरापीमा पाँच र ल्याब सेवामा २५ प्रतिशतसम्मका आकर्षक छुट प्राप्त गर्ने बैंकले जनाएको छ । बैंकसँग आबद्धताका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिने बताइएको छ । यो सम्झौताबाट ग्राहकले विशेष लाभ लिने बैंकको विश्वास छ ।

ॐ हस्पिटलले बाह्रबिसेमा गऱ्यो निःशुल्क स्वास्थ्य परीक्षण

काठमाडौं/ ॐ हस्पिटल एन्ड रिसर्च सेन्टरले सिन्धुपाल्चोकको बाह्रबिसेमा एकदिने बृहत् निःशुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न गरेको छ । हस्पिटल र हरिमाया बाह्रबिसे फाउन्डेसनको संयुक्त आयोजनमा बाह्रबिसे प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित शिविरमा बाह्रबिसे नगरपालिकाले सहकार्य गरेको हो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले उद्घाटन गरेको सो शिविरमार्फत निःशुल्क स्वास्थ्य परीक्षण र औषधिसमेत उपलब्ध गराएको ॐ हस्पिटलले बताएको छ ।

बाह्रबिसेवरपरका स्थानीयलाई विशेषज्ञ चिकित्सकबाट उपचार सेवा उपलब्ध गराउने उद्देश्यले ॐ अस्पतालले रेडियोलोजी, सामान्य चिकित्सा, जनरल सर्जरी, स्त्री तथा प्रसूतिरोग, मुटुरोग, छाती तथा श्वासप्रश्वास रोग, दन्तरोग, हाडजोर्नी, चर्म तथा यौनरोग, नाक, कान, घाँटी, स्त्री क्यान्सर परीक्षण, मनोरोग तथा फार्मेसी सेवालगायतका विषयहरूमा ३० जनाभन्दा बढी विशेषज्ञ चिकित्सकसहित शिविर सञ्चालन गरेको बताएको छ ।

ॐ हस्पिटल सञ्चालक समितिका अध्यक्षसमेत रहेका सिनियर कन्सल्ट्यान्ट रेडियोलोजिस्ट डा. आनन्दप्रसाद श्रेष्ठको नेतृत्वमा भएको स्वास्थ्य परीक्षण शिविरमा वरिष्ठ चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण गरिनुका साथै अन्य अत्यावश्यकीय परीक्षण र परामर्श गर्न सकिने व्यवस्था मिलाइएको थियो ।

शिविर उद्घाटन कार्यक्रममा बोल्दै स्वास्थ्यमन्त्री बस्नेतले स्वास्थ्य केन्द्रमा तत्काल आवश्यक उपकरणहरू उपलब्ध गराउने र निकट भविष्यमा केन्द्रलाई स्तरोन्नति गरी १० देखि १५ शैय्याको अस्पतालमा स्तरोन्नति गर्ने प्रतिबद्धता व्यक्त गरेको हस्पिटलले जानकारी दियो । शिविरमा चर्म तथा यौनरोगका एक सय एकजना, मनोरोगका ५० जना, इसिजीका ३९ जनासहित अन्य थुप्रै बिरामीले सेवा लिएको हस्पिटलले जनाएको छ ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. ऋणीको विवरण:

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३(ग) बमोजिम, नेपाल सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७३/०९/१० मा दर्ता नं. ५१८६/३२५ कायम भई आन्तरिक राजश्व कार्यालय गौर, रौतहटबाट मिति २०७३/०९/११ मा स्थायी लेखा नं. ६०५५५७४३५ लिई रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं.०८ (साबिक जुडिवेला गा.वि.स वडा नं.०३, रौतहट) स्थित रजिष्टर्ड कार्यालय रहेको **दर्शन कृषि तथा पोल्ट्री फार्म**का प्रोफाईटर तारामान गोले/जोमो माया बोम्जनको नाति, विर बहादुर गोले/सन्तीमाया गोलेको छोरा, निरु लामाको पति, रौतहट जिल्ला, पौराही गा.वि.स, वडा नं.०५, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला चन्द्रपुर न.पा, वडा नं.०१ बस्ने **मोहन बन्धु गोले** (ना.प्र.नं. ३२२०७८/२९९७, जारी मिति २०६७/०३/२१, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तारामान गोलेको नाति, विर बहादुर गोलेको छोरा, रौतहट जिल्ला, पौराही गाविस वडा नं.०५ स्थायी ठेगाना भई हाल चन्द्रपुर न.पा. वडा नं. ०१ रौतहट बस्ने **मोहन बन्धु गोले** (ना.प्र.नं. ३२२०७८/२९९७, जारी मिति २०६७/०३/२१, जिल्ला प्रशासन कार्यालय रौतहट ।

२. आशमान गोलेको नाति, तारामान गोलेको छोरा, सन्तीमाया गोलेको पति, सिन्धुली जिल्ला, डाँडीगुराँसे गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल चन्द्रपुर न.पा. वडा नं.०१ रौतहट बस्ने **विर बहादुर गोले** (ना.प्र.नं. ११९३, जारी मिति २०३९/१२/०७, जिल्ला प्रशासन कार्यालय सिन्धुली) ।

३. तारामान गोलेको बुहारी, विर बहादुर गोलेको पत्नी, रौतहट जिल्ला, पौराही गाविस वडा नं. ०५ स्थायी ठेगाना भई हाल चन्द्रपुर न.पा. वडा नं. ०१ रौतहट बस्ने **सन्ती माया गोले** (ना.प्र.नं. ३२३०७८/४९९, जारी मिति २०६३/१०/०८, जिल्ला प्रशासन कार्यालय रौतहट ।

४. धनबहादुर घिसिङको नातिनी, नरेन्द्र कुमार घिसिङको छोरी, बिरबहादुर गोलेको बुहारी, मोहनबन्धु गोलेको पत्नी रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई हाल चन्द्रपुर न.पा. वडा नं.०१ रौतहट बस्ने **निरु लामा** (ना.प्र.नं. ३२२०८०/२०८४, जारी मिति २०६९/०९/२६, जिल्ला प्रशासन कार्यालय रौतहट ।

धितो सुरक्षणको विवरण:

१. **विर बहादुर गोले**को नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, जुडिवेला गा.वि.स वडा नं.०३, (हाल चन्द्रनिगाहपुर गा.वि.स. वडा नं.०१, रौतहट) स्थित कित्ता नं. ५९५ क्षेत्रफल ०-५-०-० (वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणी **दर्शन कृषि तथा पोल्ट्री फार्म**का सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

२. ऋणीहरुको विवरण:

क) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३(ङ) को ५ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा मिति २०६६/०८/०३ मा दर्ता नं. ३०६७/९१ कायम भई आन्तरिक राजश्व कार्यालय गौर, रौतहटबाट मिति २०६८/११/२९ मा स्थायी लेखा नं. ३०५४१८१४८ लिई रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं.०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय नारायण मिष्ठान्न भण्डार**का प्रोपाईटर जोगी साह सोनारको बुहारी, सत्यनारायण साह सोनारको छोरी, जयनारायण साह सोनारको पत्नि, रौतहट जिल्ला, ककडी गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला चन्द्रपुर न.पा, वडा नं.१० बस्ने घरभरनी देवी (ना.प्र.नं. ३२३०८२/८३४, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

ख) भुईल साह सोनारको नाति, जोगी साह सोनारको छोरी, घरभरनी देवीको पति, रौतहट जिल्ला, डुमरिया(म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **जयनारायण साह सोनार** (ना.प्र.नं. ५९७१, जारी मिति २०४५/०२/१३, जिल्ला प्रशासन कार्यालय, रौतहट ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. भुईल साह सोनारको नाति, जोगी साह सोनारको छोरी, घरभरनी देवीको पति, रौतहट जिल्ला, डुमरिया(म) गा.वि.स., वडा नं.०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **जयनारायण साह सोनार** (ना.प्र.नं. ५९७१, जारी मिति २०४५/०२/१३, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

२. जोगी साह सोनारको बुहारी, सत्यनारायण साह सोनारको छोरी, जयनारायण साह सोनारको पत्नी, रौतहट जिल्ला ककडी गा.वि.स, वडा नं.०३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **घरभरनी देवी** (ना.प्र.नं. ३२३०८२/८३४, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

३. जोगी साह सोनारको नाति, जयनारायण साह सोनार/घरभरनी देवीको छोरा, रौतहट जिल्ला, डुमरिया(म) गा.वि.स, वडा नं.०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **लखन साह सोनार** (ना.प्र.नं. ३२२०८२/१९०५, जारी मिति २०६६/११/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

४. अनुप साह सोनार/मन्जु देवी साहको छोरी, जयनारायण साह सोनार/घरभरनी देवीको बुहारी, लखन साह सोनारको पत्नी, रौतहट जिल्ला, डुमरिया(म) गा.वि.स, वडा नं.०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **रिना कुमारी साह** (ना.प्र.नं. ३२२०८०-६२८, जारी मिति २०७३/०६/१२, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

५. जोगी साह सोनारको नाति, जयनारायण साह सोनार/घरभरनी देवीको छोरा, रौतहट जिल्ला, डुमरिया(म) गा.वि.स, वडा नं.०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **मखन साह सोनार** (ना.प्र.नं. ३२३०८२-८४७, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

६. सुदामा साह सोनारको छोरी, जयनारायण साह सोनार/घरभरनी देवीको बुहारी, मखन साह सोनारको पत्नि, रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **रेणु कुमारी साह** (ना.प्र.नं. ३२२०८०/३७१६, जारी मिति २०७२/०३/२०, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

७. जोगी साह सोनारको नाति, जयनारायण साह सोनार/घरभरनी देवीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला चन्द्रपुर न.पा, वडा नं. १० बस्ने **विजय साह सोनार** (ना.प्र.नं. ३२२०८३/२६८, जारी मिति २०७०/०४/२२, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

८. राजकुमार साह सोनार/लिला देवीको छोरी, जयनारायण साह सोनार/घरभरनी देवीको बुहारी, विजय साह सोनारको पत्नी, रौतहट जिल्ला, चन्द्रपुर नपा, वडा नं.१३, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला चन्द्रपुर न.पा, वडा नं.१० बस्ने **रेखा कुमारी साह** (ना.प्र.नं. ३२२०८०/२२४८, जारी मिति २०७३/११/०९, जिल्ला प्रशासन कार्यालय, रौतहट) ।

धितो सुरक्षणको विवरण:

१. **घरभरनी देवी**को नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं.४, स्थित कित्ता नं.१६३७ र १६५४ क्षेत्रफल क्रमश: ०-१-०-० र ०-०-५-० (वि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय चन्द्रपुर, रौतहट फोन नं. ०५५-५४०६५६/५४०६५७

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/०३

यस फाइनान्सको शाखा कार्यालय खुरखुरे, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ । सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ । तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीको विवरण

नाम : पुर्णमाया गुरुङ
बाबु : धनजीत गुरुङ
पति : सुक बहादुर गुरुङ
ससुरा : शेर बहादुर गुरुङ
ना.प्र.नं. : ७६२९, जि.प्र.का. चितवन ।
मिति : २०४३/११/०३
ठेगाना : विरेन्द्रनगर १, चितवन, हाल : राप्ती - ७, चितवन ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : विनोद गुरुङ बाबु : सुक बहादुर गुरुङ बाजे : शेर बहादुर गुरुङ ना.प्र.नं. : २०३५/०६३, जि.प्र.का. चितवन । मितिः २०६३/०२/३१ ठेगाना : बिरेन्द्रनगर-१, चितवन । हाल : राप्ती-७, चितवन ।	**नाम : रत्ना कुमारी तामाङ** बाबु : विविराम तामाङ पति : विनोद गुरुङ ससुरा : सुक बहादुर गुरुङ ना.प्र.नं. : ६५१००३/९७३, जि.प्र.का. बर्दिया । मिति : २०६७/०५/०६ ठेगाना : तारातल-५, बर्दिया । हाल राप्ती-७, चितवन
नाम : सोम बहादुर गुरुङ बाबु : सुक बहादुर गुरुङ बाजे : शेर बहादुर गुरुङ ना.प्र.नं. : ४८४०४, जि.प्र.का. चितवन । मिति : २०६६/०६/१९ ठेगाना : विरेन्द्रनगर-१, चितवन । हाल : राप्ती-७, चितवन ।	**नाम : शर्मिला खडका** बाबु : भरत बहादुर खड्का पति : सोम बहादुर गुरुङ ससुरा : सुक बहादुर गुरुङ ना.प्र.नं. : ३३२०७९/२८८५४, जि.प्र.का. बारा । मितिः २०६७/०१/२९ ठेगाना : जितपुर -३, बारा । हाल : राप्ती-७, चितवन

२. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर चितवनमा औद्योगिक व्यवसाय ऐन, २०७६ अन्तर्गत मिति २०७७/०४/२२ मा लघु उद्यम दर्ता नं. १७२/०७७/०७८ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुरबाट स्थायी लेखा नं. ६१४०१७१९७ को प्रमाणपत्र प्राप्त **सोम गाईपालन फर्म ।**

प्रोप्राइटरको नाम : पुर्णमाया गुरुङ ।
ठेगाना : राप्ती नगरपालिका वडा नं. ७, चितवन ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : पुर्णमाया गुरुङ बाबु : धनजीत गुरुङ पति : सुक बहादुर गुरुङ ससुरा : शेर बहादुर गुरुङ ना.प्र.नं. : ७६२९, जि.प्र.का. चितवन । मिति : २०४३/११/०३ ठेगाना : विरेन्द्रनगर १, चितवन । हाल : राप्ती - ७, चितवन ।	**नाम : सुक बहादुर गुरुङ** बाबु : शेर बहादुर गुरुङ बाजे : फे लामा ना.प्र.नं. : ६०, जि.प्र.का. चितवन । मिति : २०४५/०४/२० ठेगाना : विरेन्द्रनगर १, चितवन । हाल : राप्ती - ७, चितवन ।

धितो सुरक्षण विवरण

क) मालपोत कार्यालय खैरहनी, चितवनमा पुर्णमाया गुरुङको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, सावित विरेन्द्रनगर वडा नं. १ स्थित कित्ता नं. ११०४ को क्षेत्रफल ५०७.९६ वर्ग मिटरको जग्गा र कित्ता नं. ९३५ को क्षेत्रफल ०-१-०-० (वि-क-धु) भएको घर-जग्गा तथा उल्लेखित कित्ताहरुमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

नक्कली शरणार्थी...

पृष्ठ १ बाट क्रमशः

छुट्टै च्याम्बर थियो । आवेदकलाई विश्वासमा पार्न तत्कालीन गृहसचिव टेकनारायण पाण्डे पनि वेलावेला उनको कार्यालयमा पुग्ने गर्थे । रेटिनासहितको फोटो, डिजिटल फिंगर प्रिन्ट संकलन र फाराम भराइसकेपछि प्रत्येक आवेदकसँग ६ लाख रुपैयाँ असुल गरिन्थ्यो । अधिकांशले आड्टावा शेर्पाको नाममै चेक काटेको र नगद दिनेहरूले पनि उनकै बैंक खातामा जम्मा गरिदिएको पीडितहरूको भनाइ छ ।

०७० मा संविधानसभा सदस्य रहेका रामेछापका शेर्पा ठगीमा मुछिएका कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणनिकट मानिन्छन् । गत १८ चैतमा प्रहरी कार्यालयमै पुगेर उनले पैसा फिर्ता गराइदिने आश्वासन दिँदै खाणलाई बयानमा नपोल्न अभियुक्तहरूसँग आग्रह गरेका थिए । त्यसको दुई-चार दिनमै केही रकम फिर्ता पनि गरिएको सूचना प्रहरीले पाएको छ । पूर्वगृहमन्त्री खाण अहिले प्रहरी हिरासतमै छन् ।

पीडितका अनुसार आवेदन भरेका अधिकांश युवा दोलखा र रामेछापका छन् । शेर्पाले नक्कली भुटानी शरणार्थी बनाएबापत ५० लाख तिर्नुपर्ने आवेदकहरूलाई बताएका थिए । जसमध्ये ६ लाख रुपैयाँ फाराम भर्ने क्रममा लिने भनिएको थियो । २४ लाख नक्कली भुटानी शरणार्थीको कार्ड आएपछि र बाँकी २० लाख भिसा झरेपछि दिने सहमति गरिएको थियो । फाराम भर्ने क्रममै ६ लाख भने असुल गरिसकिएको थियो । यो धन्दामा शेर्पाले तीन सयभन्दा धेरैसँग रकम उठाएको पीडितहरूको भनाइ छ ।

नयाँ पत्रिकाको सम्पर्कमा आएका एक पीडितले भने, 'आड्टावा शेर्पाले भुटानी शरणार्थी बनाएर अमेरिका, अस्ट्रेलियालगायतका राम्रा देश पठाइदिने र त्यसका लागि ५० लाख लाग्छ भनेका थिए । गाउँगाउँबाट युवा जम्मा गराएर फाराम भर्न लगाए । मैले पनि फारम भरेपछि ६ लाख बुझाएको हुँ ।'

दोस्रो लटमा पैसा उठाउन सानेपामा दुई कोठा भाडामा लिएर कार्यालय सञ्चालन गरिएको थियो । जहाँ कागजपत्र मिलाउन सरकारी कर्मचारीको जस्तै ड्रेस भएका कर्मचारी खटिएका थिए । पहिलो लटमा रकम उठाउन पुल्चोकस्थित साझा पेट्रोल पम्पनजिक र तेस्रो तटको कार्यालय सानेपाकै अर्को भवनमा राखिएको उनीहरूले बताएका छन् ।

शेर्पाले एक वर्षअघि दोस्रो लटका लागि ठूला दुई कोठा रहेको कार्यालय खोलेका थिए । पहिलो कोठामा नक्कली भुटानी शरणार्थीका आवेदकलाई जम्मा गरिन्थ्यो भने अर्कोमा उनीहरूका लागि आवश्यक कागजात मिलाउने र रकम बुझ्ने धन्दा गरिन्थ्यो । नयाँ पत्रिकाको सम्पर्कमा आएका दोलखा घर भएका एक पीडितका अनुसार सरकारी पोसाकजस्तै ड्रेसमा हुने कर्मचारीले आवेदकको आँखाको रेटिनासहितको फोटो खिच्थे, जसका लागि आवश्यक क्यामेराजडित अत्याधुनिक कम्प्युटर त्यहीँ जडान गरिएको थियो । आवेदकको डिजिटल फिंगर प्रिन्ट लिने मेसिन पनि व्यवस्था गरिएको थियो ।

पीडितका अनुसार नक्कली भुटानी शरणार्थीका लागि छुट्टै आवेदन फाराम निर्माण गरिएको थियो । फारामको माथिल्लो भागमा एकातर्फ गृह मन्त्रालयलाई सम्बोधन गरिएको छ भने अर्कोतर्फ आवेदकको फोटो टाँसिएको छ । मध्यभागमा निवेदन दिनुको कारण र अन्तिममा आवेदकको नाम, जन्ममिति, लिंग, बाबुको नाम, भुटानको ठेगाना, भुटान छाडेको मिति, नेपाल प्रवेश गरेको मिति, हाल नेपालमा बसेको ठाउँ, परिवारका सदस्यको नामावली, जन्ममिति र नाता उल्लेख गरिएको विवरण भर्ने व्यवस्था गरिएको छ ।

बाहिरै फाराम भराएर मात्रै उनीहरूले कार्यालयमा प्रवेश गर्न पाउने व्यवस्था गरिएको थियो । कार्यालयमा प्रवेश गर्नुअघि प्रत्येक आवेदकको शरीर खानतलासी हुन्थ्यो । मोबाइल, क्यामेराजस्ता सामग्री बाहिरै राख्नुपर्थ्यो । खानतलासी गरेर मात्रै भित्र पठाइन्थ्यो । 'राष्ट्रिय परिचयपत्रको फोटो खिचेजस्तै हाम्रो फोटो खिचियो । पाँचवटै औंलाको फिंगर प्रिन्ट लिइयो । काम गर्नेहरू सबै सरकारी कर्मचारीको पोसाकमा थिए । घाँटीमा पनि सरकारी कर्मचारीको जस्तै कार्ड पनि झुन्ड्याएका थिए । कागजात तयार गर्ने ठाउँमा मोबाइल लैजान बन्देज गरिएको थियो,' रामेछापका अर्का एक पीडितले भने ।

शरणार्थीको नाममा विदेश पठाईदिने नाममा आड्टावाले ठगी गरेको थाहा पाएपछि पीडितहरूले गत माघमा नेपाल शेर्पा संघमा उजुरी दिएका थिए । अधिकांश पीडित शेर्पा समुदायकै भएकाले फसेको रकम उठाउन पहल गरिदिन भन्दै उनीहरूले संघमा उजुरी दिएका थिए । आड्टावा र पीडितहरूलाई सँगै राखेर संघका महासचिव लाक्पा शेर्पाले विवाद मिलाउन पहल पनि गरेका थिए । छलफलमा आड्टावाले दुई महिनाभित्र सबै पीडितको रकम फिर्ता गर्ने प्रतिबद्धता जनाएको महासचिव शेर्पाले बताए । तर, केही पीडितबाहेक अधिकांशको रकम फिर्ता गरिएको छैन ।

'भुटानी शरणार्थी बनाएर विदेश पठाईदिने भन्दै आड्टावा शेर्पाले रकम असुल गऱ्यो । तर, हालसम्म न परिचय पत्र बनाईदियो, न रकम फिर्ता गऱ्यो भनेर पीडितहरू संघमा उजुरी लिएर आएका थिए । हामीले आड्टावालाई बोलाएर छलफल पनि गर्‍यौं । दुई महिनाभित्र सबैको रकम फिर्ता गर्छु भनेका थिए । तर, पछि रकम फिर्ता गरे कि गरेनन् त्यस विषयमा अपडेट छैन,' महासचिव शेर्पाले नयाँ पत्रिकासँग भने ।

जिल्ला प्रहरी परिसर टेकुका प्रमुख एसएसपी दानबहादुर कार्कीले कार्यालय नै स्थापना गरेर ठगी गरेको उजुरी नआए पनि अहिले आड्टावाबारे अनुसन्धान भइरहेको बताए । 'त्यही विषयमा त हामीकहाँ उजुरी आएको छैन । तर, हामी अनुसन्धान गरिरहेका छौं । वास्तविकता खुल्दै जाला,' उनले भने ।

बाहिरिए तीन भिडियो क्लिप

आड्टावा शेर्पाले नक्कली भुटानी शरणार्थी बनाउन कागजपत्र तयार गर्दाको सन्दर्भका तीन भिडियो क्लिप पीडितहरूले उपलब्ध गराएका छन् । पहिलो भिडियो क्लिपमा आड्टावा आफैं देखिन्छन् भने उनको सामुन्ने केही युवा छन् । पीडितका अनुसार युवाहरू नक्कली भुटानी शरणार्थी बन्न तयार भएकाहरू हुन् । उक्त भिडियो ललितपुरकै बखुन्डोलस्थित बिगमार्टसँगै रहेको टिड्लट्स रेस्टुरेन्टमा जम्मा हुँदाको हो । पीडितका अनुसार भिडियो ३ मे २०२२ मा खिचिएको हो ।

त्यस्तै, आड्टावाले सानेपामा खोलेको दोस्रो लटको कार्यालयमा नेपाली युवाहरू जम्मा भएको अर्को भिडियो छ, जहाँ शेर्पा भने देखिएका छैनन् । उक्त भिडियो आँखाको रेटिनाको फोटो र फिंगर प्रिन्ट लिन लाइनमा बस्दाको समयको भएको पीडितले बताए । युवाहरू बसेकोभन्दा अर्को कोठामा रेटिनाको फोटो र फिंगर प्रिन्ट लिने गरिन्थ्यो, जहाँ क्यामेरा लैजान बन्देज गरिएको थियो । शरीर खनतलासी गर्न सोही कोठाबाहिर सूक्ष्म ढंगले खानतलासी गरिन्थ्यो ।

त्यस्तै, तेस्रो भिडियो पनि सार्वजनिक भएको छ, जहाँ आड्टावा र पीडितबीच विवाद भएको देखिन्छ । भिडियोमा आड्टावा युवाबाट घेरिएका छन् । रकम फिर्ताका लागि युवाले उनलाई दबाब दिइरहेका छन् । शेर्पा भने सम्झाउने प्रयास गरिरहेका देखिन्छन् । उनीसँगै मिलन गौतम नामका अर्का युवा पनि देखिन्छन् । पीडितका अनुसार नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य योजनाकारमध्ये मिलन पनि एक हुन् । उनकै नेतृत्वमा रामेछाप, दोलखा र सिन्धुपाल्चोकबाट युवा भेला गरिएका थिए । भिडियोमा उनी पनि युवालाई आश्वासन दिइरहेका देखिन्छन् । घटना सर्वजनिकपछि मिलन अहिले फरार छन् ।

नयाँ पत्रिकाको सम्पर्कमा आएका पीडितले भने, 'आड्टावालाई पैसा उठाउन लगाउने दृश्यमा देखिएको तिनै व्यक्ति हुन् । उनकै आश्वासनपछि आड्टावाले युवा भेला गरेर रकम संकलन गरेका थिए । हामीसँग कुराकानी गर्दा उनले आफूलाई मिलन गौतम भनेर परिचय दिन्थे । घर झापा भन्थे ।'

अनुसन्धानका लागि तीन दिनको म्याद थप

हिरासतमा रहेका आड्टावाविरुद्ध जिल्ला अदालत काठमाडौंले तीन दिनको म्याद थप गरेको छ । तर, उनलाई हिरासत नभई टूमा सेन्टरमा राखिएको छ । हिरासतमा ट्वाइलेट जाने क्रममा लडेर घाइते भएका उनलाई प्रहरीले अस्पतालमा राख्ने निर्णय गरेको हो । टाउकोमा चोट लागेका उनको अवस्था उपचारपछि सामान्य छ । टाउकोमा सात टाँका लगाइएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले आड्टावाविरुद्ध तीन दिनको म्याद थप भएको र उनी घाइते भएकाले अस्पतालमा राखिएको बताए ।

अनुसन्धान...

पृष्ठ १ बाट क्रमशः

निश्चितजस्तै रहेको स्रोत बताउँछ । साथै केही अभियुक्तविरुद्ध लिखतसम्बन्धी कसुर (किर्ते) मुद्दा चल्नेछ । राज्यविरुद्धको अपराधको कसुर आकर्षित हुने कि नहुने अन्योल नै छ । ठगी मुद्दामा सात वर्षसम्म र त्यसमा संगठित अपराध मुद्दा जोडिँदा थप ५० प्रतिशत सजाय हुने कानुनी प्रावधान छ । जसअनुसार सबैलाई कम्तीमा साढे १० वर्ष कैद सजायको मागदाबी गर्ने प्रहरी तयारी छ । विशिष्ट श्रेणी तथा सांसद पदमा रहेकालाई थप दुई वर्ष सजाय हुने माग दाबी पनि लिने सम्भावना छ । यसबाहेक सरकारी पदमा रहेकाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सर्वसाधारणको हकमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा उनीहरूको सम्पत्ति छानबिनका लागि लेखिपठाउने तयारी छ । जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दानबहादुर कार्की अनुसन्धान अन्तिम चरणमा पुगेको बताउँछन् । 'हदम्याद हेरेर अनुसन्धान अन्तिम चरणमा पुगेको छ,' उनी भन्छन्, 'एक-दुई दिनमै अनुसन्धान प्रतिवेदन सरकारी वकिलमा बुझाउँछौं ।'

संगठित अपराध मुद्दामा ६० दिनभित्र मुद्दा चलाउनुपर्ने प्रावधानका कारण १० जेठभित्र यससम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता हुनेछ । उच्चपदस्थ जोडिएकाले मुद्दालाई कमजोर बनाउन प्रहरी तथा सरकारी वकिललाई दबाब दिने चलखेल विभिन्न व्यक्तिबाट भइरहेको स्रोत बताउँछ ।

सुरुमा दबाबकै कारण प्रहरीले उच्चपदस्थमाथि अनुसन्धान गर्न सकेन । पछि अनुसन्धान सुरु गरे पनि प्रमाण जुटाउन पर्याप्त समय नभएको प्रहरी अधिकारी बताउँछन् । जसकारण पक्राउ परेका बिचौलियाले पैसा बुझाएँ भनेर नाम लिएका थप व्यक्तिको हकमा प्रहरी अनुसन्धान अधुरै हुन पुगेको छ । 'पछि प्रमाण जुटेको अवस्थामा पूरक अभियोजन लैजानेबारे छलफल गरिरहेका छौं,' प्रहरी स्रोत भन्छ, 'त्यसो गर्दा अन्य व्यक्तिमाथि सर्धै जोखिम हुने भएकाले अहिले नै सबै टुंगो लगाउन दबाब परिरहेको छ ।'

■ खाण र

रायमाझीको इन्कारी बयान

यो मुद्दामा पक्राउ परेका पूर्वउपप्रधानमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी तथा पूर्वगृहमन्त्री एवं कांग्रेस नेता बालकृष्ण खाणको बयान सकिएको छ । रायमाझीको बयान सोमबार बेलुका नै सकिएको हो भने खाणको सोमबार र मंगलबार बयान लिइएको हो । दुवैजनाले इन्कारी बयान दिएको स्रोत बताउँछ ।

'रायमाझीजीले फटाफट प्रश्नका जवाफ दिनुभयो,' अनुसन्धानमा आबद्ध प्रहरी भन्छन्, 'तर, खाणले शब्द-शब्द ख्याल गरेर बोलेका छन्, धेरैजसोमा थाहा छैन भन्ने जवाफ छ ।' उनले छोटो-छोटो बोल्दै सबै आरोप अस्वीकार गरेका छन् । तर, दुवैजनाविरुद्ध बलिया प्रमाण रहेको प्रहरी अधिकारी बताउँछन् ।

सोमबार बयानका क्रममा मुख्य प्रश्नमा प्रवेश गरेलगत्तै स्वास्थ्यको कारण देखाएर खाणले बयान रोकेका थिए । त्यसपछि कानुन व्यवसायीहरूसँग विस्तृत छलफल गरेर मात्र मंगलबार बोलेका हुन् । 'तर, धेरै बाठो हुन खोज्दा उहाँ बयानमा चुक्नुभएको छ,' प्रहरी स्रोतले भन्यो । खाणले गृहमन्त्री हुँदा बालकृष्ण पन्थी कार्यदलको प्रतिवेदन कार्यान्वयनमा लैजाने भनेर मन्त्रिपरिषद् बाट निर्णय गराउनेदेखि प्रतिवेदन नै किर्ते गरेर नाम थप्नेलगायत काम गरेको प्रहरी दाबी छ । बिचौलिया मात्र नभई पक्राउ परेका सचिव टेकनारायण पाण्डेले समेत उनको विपक्षमा बयान दिएका छन् ।

खाण निलम्बन...

पृष्ठ १ बाट क्रमशः

कुनै निर्णय लिने तयारी नभएको बताएका छन् । मंगलबार राजधानीमा पत्रकार भेटघाटमा प्रतिक्रिया दिँदै उनले अनुसन्धानबाट नतिजा आइसकेपछि निर्णयमा पुग्ने बताए । उनले कांग्रेस सांसदद्वय आरजु राणा र मञ्जु खाणको विषयमा आधार अनगंल प्रचार र मिडिया ट्रायल भएको उनको जिकिर थियो ।

'नक्कली शरणार्थी प्रकरण गम्भीर विषय हो । पार्टीले गम्भीरताका साथ लिएको छ । आरोपित व्यक्तिमा बालकृष्ण खाण पनि हुनुहुन्छ । उहाँले आफूलाई निर्दोष साबित गर्छु भन्नुभएको छ । नक्कली शरणार्थी प्रकरणमा दूधको दूध पानीको पानी होस् । पार्टी स्पष्ट छ, निर्दोष नफसून्, दोषी नउम्किऊन् । परिपक्व अनुसन्धानबाट नतिजा आइसकेपछि हामी के गर्ने भन्ने निर्णय गर्छौं,' उनले भने, 'मञ्जु खाणको विषयमा विदेश पुग्नुभयो भनेर आएको छ । यसमा पार्टीले फलो गर्ने कुरा भएन । आरजु राणाको केसमा उहाँले आफ्नो भनेर आएको अडियो छानबिन होस् भनेर आफैंले साइबर ब्युरोमा उजुरी गर्नुभएको छ । आधारविना मिडिया ट्रायल गरेर दोषी करार गर्नुहुँदैन ।'

सभापति शेरबहादुर देउवाले पार्टी पदाधिकारी तथा पूर्वपदाधिकारीसँग भने छलफल र राय लिइरहेका छन् । निर्णय लिन कार्यसम्पादन या कार्यसमितिको बैठक भने आह्वान गरिएको छैन । यसकारण तत्काल खाणलाई निलम्बन गर्ने निर्णय हुने अवस्था छैन । कांग्रेसका एक पदाधिकारीका अनुसार खाण पक्राउ परिसकेको अवस्थामा पनि संस्थापन केही नेताहरू भने निलम्बनको विपक्षमा छन् । महामन्त्री गगन थापाले मंगलबार नै नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेकाको जिम्मा पार्टीले नलिने स्पष्ट पारेका छन् । शरणार्थी प्रकरणमा पक्राउ परेका नेता बालकृष्ण खाणलाई निलम्बन गर्नुपर्ने भन्दै उनले आफ्नो धारणा सार्वजनिक गरेका हुन् । थापाले पटक-पटक यस विषयमा आफूले पार्टी बैठकमा धारणा राखेको, तर सुनुवाइ नभएको वक्तव्यमा उल्लेख गरेका छन् ।

'नक्कली भुटानी शरणार्थी प्रकरणमा पार्टीका केन्द्रीय तहदेखि विभिन्न जिम्मेवारीमा रहेका व्यक्तिहरू संलग्न रहेको आरोपमा पक्राउ परिसकेपछि अब यो पक्राउ परेका व्यक्तिको निजी विषय हो । पार्टीमा क्रियाशील कुनै व्यक्ति भ्रष्टाचार वा अपराधमा संलग्न हुन सक्छ । तर, थाहा भएको दिन पार्टीले त्यसको भारी बोक्न सक्दैन, बोक्नु हुँदैन । पार्टीको तर्फबाट हामीले भन्ने यति मात्र हो- अनुसन्धान निष्पक्ष हुनुपर्छ, निर्दोष पर्नुहुन्न, दोषीले सजाय पाउनुपर्छ । दोषी र निर्दोष छुट्याउने कानुनी प्रक्रियाबाट हो,' थापाले भनेका छन् ।

थापाले आरोप लागेपछि मुद्दाको किनारा नलागेसम्म जिम्मेवारीबाट अलग राख्नुपर्ने पक्षमा आफू अडिग रहेको उल्लेख गरेका छन् । कांग्रेसमा विगतका परम्परा देखाएर आरोप लागेकालाई निलम्बन नगर्नु गलत रहेको तर्क गरेका छन् । आफ्नो धारणाबारे अडिग रहने र पार्टीमा प्रस्तुत हुने उनको भनाइ छ । 'यति गम्भीर आरोप लागिसकेपछि मुद्दाको अन्तिम किनारा नलागेसम्म जुनसुकै तहको जिम्मेवारीमा रहेको व्यक्ति स्वतः पार्टीको जिम्मेवारीबाट अलग रहनुपर्छ अन्यथा पार्टीले निलम्बन गर्नुपर्छ । पार्टी सभापति, पदाधिकारीसँगको बैठक, सार्वजनिक मञ्चमा मैले यो विचार राखेको छु । पार्टीभित्र, बाहिर, औपचारिक, अनौपचारिक बैठक सबैमा हिजो पनि, आज पनि र भोलि पनि मेरो धारणा यही नै रहनेछ,' थापाले भनेका छन्, 'पार्टीका कतिपय साथीहरूबाट कांग्रेसको यस्तो परम्परा नभएको भन्ने विचार पनि आएका छन् । यसमा पनि म प्रस्ट छु । गलत परम्परा तोडिनुपर्छ । परम्पराका नाममा घातक प्रवृत्तिलाई पार्टीले बोक्न सक्दैन, बोक्नु हुँदैन ।'

यस विषयमा कांग्रेसले आधिकारिक धारणा सार्वजनिक नगरे पनि महामन्त्री थापाले वक्तव्यमा यो नै कांग्रेसको आधिकारिक धारणा भएको जिकिर गरेका छन् । 'नक्कली भुटानी शरणार्थी प्रकरणमा यो नै नेपाली कांग्रेस पार्टीको धारणा हो,' थापाले भनेका छन् । उनले यो प्रकरणमा हुने प्रवृत्तिको पक्षपोषण सबैको मापनको विषय हुने उनको तर्क छ । शरणार्थी प्रकरण ठगीको विषय मात्र नभई संगठित अपराध, मानव बेचबिखन र देशद्रोह भएको महामन्त्री थापाको ठहर छ ।

कांग्रेसमा यसअघि आरोप लागेका नेताहरूलाई पनि निलम्बन गरिएको विगत छैन । चर्चित बालुवाटार प्रकरणमा आरोप लागेका तत्कालीन उपसभापति विजय गच्छदारलाई पनि कांग्रेसले निलम्बन गरेको थिएन । बरु मुद्दा विचाराधीन रहेकै अवस्थामा गच्छदार १४औं महाधिवेशनमा सभापति शेरबहादुर देउवाको प्यानलबाट उपसभापतिमा उम्मेदवार बने । साथै, गत प्रतिनिधिसभा निर्वाचनमा पनि उनले प्रत्यक्षतर्फ सुनसरी ३ बाट टिकट पाएका थिए । तर, दुवै निर्वाचनमा गच्छदार पराजित बन्न पुगे । सभापति देउवाले मनोनयनको अधिकार प्रयोग गर्दै उनलाई केन्द्रीय सदस्य बनाएका छन् ।

त्यस्तै, विशेष अदालतबाट भ्रष्टाचार आरोप ठहर भएका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री टेकबहादुर गुरुङलाई पनि कुनै कारबाही गरिएको छैन । उनी पनि हाल केन्द्रीय सदस्यकै हैसियतमा छन् । गत २५ फागुनमा ३१ करोड भ्रष्टाचार भएको ठहर गर्दै विशेष अदालतले कांग्रेस केन्द्रीय सदस्य तथा पूर्वमन्त्री गुरुङसहित नौजनालाई दोषी ठहर गरेको थियो । मनाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित गुरुङ सांसदबाट भने निलम्बित छन् ।

भ्रातृसंस्था पनि विभाजित

शरणार्थी विषयलाई लिएर कांग्रेसका भ्रातृसंस्थाहरूसमेत विभाजित बनेका छन् । लामो समयसम्म पनि बसेको नेविसंघ भने भर्खरै सडकमा आएको छ । तरुण दलले भने आरोप लागेका नेताहरूको बचाउमा विज्ञप्ति निकालिरहेको छ । २७ वैशाखमा नेविसंघ अध्यक्ष दुजाङ शेर्पाले विज्ञप्ति जारी गरेर नक्कली भुटानी शरणार्थी प्रकरणमा तथ्य र प्रमाणका आधारमा अनुसन्धान अघि बढाई दोषीलाई कानुनबमोजिम कारबाही हुनुपर्ने भन्दै आधिकारिक धारणा जारी गरेका थिए । नेविसंघ पछिल्लो समय भ्रष्टाचारीले उन्मुक्ति पाउन नहुने भन्दै सडक आन्दोलनमा देखिन थालेको छ ।

तर, तरुण दलले भने खाणको संलग्नताबारेको विषय बाहिरिएपछि विज्ञप्ति निकालेर आधारहीन भएको संज्ञा दिएको थियो । २३ वैशाखमा तरुण दल अध्यक्ष विद्वान् गुरुङले खाणको नाम जोडिएको विषयमाथि विज्ञप्ति निकालेर आधारहीन भएको संज्ञा दिएका थिए । त्यस्तै, यो प्रकरणमा समानुपातिक सांसद तथा केन्द्रीय सदस्य आरजु देउवाको नाम जोडेर अनर्गल प्रचार भएको भन्दै विज्ञप्ति जारी गरेको छ । तरुण दलले विज्ञप्तिमार्फत यस्ता संवेदनशील विषयमा आधारहीन आरोप नलगाउनसमेत आग्रह गरेको छ ।

विद्युतीय...

पृष्ठ १ बाट क्रमशः

विवरण सार्वजनिक गरिने उनले बताए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विगतमा पनि प्रहरी, भन्सार र एयरलाइन्सका कर्मचारीको मिलेमतोमा सुन तस्करी हुने गरेका थिए । अहिले नयाँ शैलीमा सुन तस्करी हुने गरेको तथ्य बाहिर आएको छ । सो समूहले विगतमा पनि त्यसरी विद्युतीय चुरोटभित्र लुकाएर सुन तस्करी गरेको हुन सक्ने प्रहरी आशंका छ । यसैबीच, छुट्टै तस्करीमा सघाएको भन्दै रसुवा भन्सारका कर्मचारीमाथि पनि भन्सार विभागले छानबिन थालेको छ । मिलेमतोका आधारमा न्यून बिजीकरण गरेको प्रमाण भेटिएपछि भन्सार विभागले रसुवा भन्सारका प्रमुख नारायण भण्डारीलगायतमाथि छानबिन थालेको हो ।

संघीय मामिलामन्त्री...

पृष्ठ १ बाट क्रमशः

सम्बन्ध नभएका चौधरीलाई प्रमुख कार्यकारी निर्देशक भएका छन् । संघीय मामिलामन्त्रीमा नियुक्त भएलगत्तै मोदीले चौधरीलाई उपस्वकीय सचिवमा नियुक्त गरेका थिए । पाँच वर्षको कार्य अवधि हुने प्रतिष्ठानको प्रमुखलाई सरकारले चाहेमा पुनः बढीमा दुई वर्षको म्याद थप गरिदिन सक्छ । स्थानीय विकास कार्यसँग सम्बन्धित स्थानीय तहका व्यक्तिका लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्य बोकेको प्रतिष्ठानमा विषयविज्ञ र अनुभवीलाई प्राथमिकता नदिई राजनीतिक पहुँचका आधारमा चौधरीले नियुक्ति पाएका हुन् ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को दफा १२ मा नेपाल सरकारले प्रशिक्षणसम्बन्धी काममा विशेष अनुभव प्राप्त व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न वा तोक्न व्यवस्था छ । यसमा चौधरीको अनुभव छैन । तर, उनले विशिष्ट श्रेणीबराबरको तलब सुविधा हुने गरी प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्त पाएका छन् । कार्यकारी निर्देशक चौधरीले भने आफू प्रक्रियाबमोजिम नै नियुक्त भएको बताए । 'मेरो योग्यता पुगेको छ,' उनले भने । मन्त्रालयका प्रवक्ता कमलप्रसाद भट्टराईले भने योग्यतालगायत सबै प्रक्रिया पुगेपै उनको नियुक्तिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव गरिएको बताए । 'यो नेपाल सरकारले गरेको निर्णय हो,' उनले भने । प्रतिष्ठानले सात सय ५३ वटै स्थानीय तहमा तालिम सञ्चालन गर्छ भने सबै प्रदेशमा अन्तर्गतका कार्यालय छन् । प्रतिष्ठानले प्रशिक्षणका पाठ्यक्रम तयार गर्ने तथा प्रदेशका पाठ्यक्रम स्वीकृत गर्ने तथा मान्यता दिनेसम्मको अधिकार राख्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय घोराही, दाङबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीतकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीतकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीतकर्तालाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी /प्रोप्राईटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरणः
ऋणीको नाम : संजिता आल्मोनियम उद्योग दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ प्रा.फ.र.नं. : ४८८/६३२८, दर्ता मिति : २०७३/१०/१४ पान नं.: ६०५६९२०५९, ठेगाना : घोराही-११, दाङ **प्रोप्राईटर/जमानीकर्ताको नाम : गोपाल नेपाली** बाबुको नाम : कोट वहादुर सार्की बाजेको नाम : जिवे सार्की ठेगाना : धर्ना-०७, दाङ, हाल : घोराही-०५, दाङ ना.प्र.न. : ५२३०२१/३६० जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ **कर्जा शिर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा कार्यालय : घोराही, दाङ** **जमानीकर्ताको विवरणः** १) **नाम : संजय नेपाली** बाबुको नाम : तारालाल नेपाली बाजेको नाम : कोट वहादुर सार्की ठेगाना : घोराही-०५, दाङ ना.प्र.न. : ५२-०१-७६-०२७२५ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ २) **नामः प्रेमा कुमारी सार्की** बाबुको नाम : शुक्र राज सार्की पतिको नाम : तारा लाल नेपाली ससुराको नामः कोट वहादुर सार्की ठेगाना : धर्ना-०७, दाङ, हाल : घोराही-०५, दाङ ना.प्र.न. : ५२३०२१/१३१ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ	३) **नाम : तारालाल नेपाली** बाबुको नाम : कोट वहादुर सार्की बाजेको नाम : जिवे सार्की ठेगान : धर्ना-०७, दाङ, हाल : घोराही-०५, दाङ ना.प्र.न. : १९८/५४४ जारी गर्ने कार्यालय : जि.प्र.का, दाङ ४) **नाम : कोट वहादुर सार्कि** बाबुको नाम : जिवे सार्कि बाजेको नाम : नरे ठेगाना : धर्ना-०७, दाङ, हाल : घोराही-०५, दाङ ना.प्र. नं. : ५३२३/३७५ जारी गर्ने कार्यालय : जि.का., दाङ ५ नामः जुरेली सर्केनी पतिको नाम : कोट वहादुर सार्कि ससुराको नाम : जिवे सार्कि ठेगाना : धर्ना-०७, दाङ, हाल : घोराही-०५, दाङ ना.प्र.न. : २१७/११६२ जारी गर्ने कार्यालय : जि.का., दाङ ६ नाम : मञ्जु नेपाली बाबुको नाम : सिउ प्रसाद सार्की पतिको नामः गोपाल नेपाली ससुराको नाम : कोट वहादुर सार्कि ठेगाना : धर्ना-०७, दाङ हाल : घोराही-०५, दाङ ना.प्र.न. : ५२३०२१/४६६ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय दाङमा कोट वहादुर सार्किको नाममा दर्ता कायम रहेको जिल्ला दाङ घोराही-८/ख स्थित कि.न ३३४३ को क्षेत्रफल ६७.७२ व.मि र जिल्ला दाङ धर्ना-९/ख स्थित कि.न.२०० को क्षेत्रफल १३२०.६९ व.मि को जग्गा तथा सोमा निमार्ण रहेको घर टहरा र सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय प्रगतिनगर, नवलपुरको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि ७ दिने

बुधबार ३ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.इ.न. १७/०६९/०७०

क्यानले इपिएल आयोजना गर्न दिने

एभरेस्ट प्रिमियर लिग आयोजना गर्न दिने भएपछि इपिएलले क्यानविरुद्धको मुद्दा फिर्ता लिएसँगै क्यान र इपिएलबीचको लडाइँसमेत समाप्त भएको छ

नयाँ पत्रिका
काठमाडौं, २ जेठ

एभरेस्ट प्रिमियर लिग (इपिएल)का संस्थापक आमिर अख्तरले नेपाल क्रिकेट संघ (क्यान)विरुद्धको मुद्दा फिर्ता लिएका छन् । क्यान र भारतीय कम्पनी सेभेन थ्री स्पोर्टस्बीचको सम्झौता गैरकानुनी जनाउँदै अख्तरले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

क्यानले सेभेन थ्री स्पोर्टस्सँग सहकार्य गर्दै नेपाल टी-२० लिग क्रिकेट प्रतियोगिता आयोजना गरेको थियो । क्यानले आफ्नो इतिहासमै पहिलोपटक टी-२० फ्रेन्चाइज लिग आयोजना गर्दा विवादास्पद बनेको थियो । क्यानले इपिएल आयोजना गर्न विश्वास दिलाएपछि अख्तरले मुद्दा फिर्ता लिएका हुन् ।

गत फागुनमा बसेको क्यानको साधारणसभाले भारतीय कम्पनीसँगको सम्झौता रद्द भएकाले इपिएललाई मुद्दा फिर्ता लिन अनुरोध गरेको थियो । मुद्दा फिर्ता भएपछि आपसी सहमतिमा इपिएल सञ्चालनका लागि बोर्ड बैठकबाट आवश्यक निर्णय गरिने क्यानले उल्लेख गरेको थियो । यससँगै इपिएल आयोजनाका लागि बाटो खुलेको थियो ।

'क्यानले भारतीय कम्पनीसँगको सम्झौता रद्द गरेको छ, हामीलाई इपिएल पुरानै शैलीमा गर्ने विश्वास दिलाएको छ,' इपिएलका अख्तरले भने, 'त्यसपछि हामीले क्यानविरुद्धको मुद्दा फिर्ता लिएका हौं ।'

■ इपिएलमा विश्वचर्चित खेलाडी

अख्तरले भारतीय कम्पनीसँग कानुनविपरीत सम्झौता गरेकाले नेपाली क्रिकेटप्रतिको चिन्ताका कारण मुद्दा हालेको बताएका छन् । 'हामीलाई नेपाली क्रिकेटको धेरै चिन्ता लागेको थियो, क्यानले सम्झौता रद्द गर्ने निर्णय गरेसँगै हामीले पनि मुद्दा फिर्ता लिएका हौं,' उनले भने, 'क्यानले अब इपिएल आयोजना गर्न स्वीकृति प्रदान गर्नेछ ।' अख्तरले अन्तर्राष्ट्रिय क्यालेन्डरअनुसार इपिएल आयोजना गर्ने बताएका छन् । दुई वर्षअघि भएको इपिएलमा पाकिस्तानका विश्वचर्चित पाकिस्तानी अलराउन्डर साहिद अफ्रिदीसमेतले प्रतिस्पर्धा गरेका थिए । इपिएलमा विश्वका चर्चित खेलाडीहरूको उपस्थिति रहने गरेका थिए । नेपाल टी-२० लिगमा इपिएलमा आबद्ध विदेशी स्तरका खेलाडी थिएनन् ।

डेढ वर्षयता क्यान र इपिएलबीच आपसी लडाइँ चलिरहेको थियो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को प्रतिबन्धमा क्यान रहँदा इपिएलले खेलाडीलाई चलायमान बनाउन एभरेस्ट प्रिमियर लिग आयोजना गरेको थियो ।

क्यान प्रतिबन्धमा रहेका बेला पोखरा प्रिमियर लिग र धनगढी प्रिमियर लिगसमेत आयोजना भएका थिए । यद्यपि, यी दुईवटा टी-२० लिगका आयोजकले प्रतियोगिता आयोजना गर्न सकिरहेका छैनन् । तर, अख्तरले पनि इपिएललाई एक नयाँ उचाइमा पुऱ्याउँदै घरेलु क्रिकेटलाई व्यावसायिक बनाउने कार्य गरेका थिए । आइसिसीबाट प्रतिबन्ध फुकुवा भएपछि क्यानले तत्कालै नेपाल टी-२० लिग हुने घोषणा गरेको थियो । क्यानले आयोजना गर्ने टी-२० लिगले मात्र अन्तर्राष्ट्रिय मान्यता पाउने र यसै किसिमका नेपालमा आयोजना हुने लिगले मान्यता नपाउने जनाएको थियो ।

क्यानको यस निर्णयसँगै इपिएल चिढियो ।

गत वर्ष इपिएल आयोजना हुने समयमै क्यानले स्वीकृति प्रदान गरेन । त्यसपछि इपिएलमा आबद्ध फ्रेन्चाइज टोलीका मालिकहरूले घरेलु क्रिकेट प्रतियोगितामा आफूहरूले लगानी नगर्ने चेतावनी दिए । ती मालिकहरूले घुमाउरो रूपमा नेपाल टी-२० लिगमा लगानी गर्ने जनाएका थिए । यद्यपि, क्यानले नेपाल टी-२० लिग गऱ्यो ।

भारतीय कम्पनीको हालिमुहाली

भारतीय कम्पनीको प्रत्यक्ष हालिमुहाली भएको नेपाल टी-२० मा फिक्सिङदेखि सट्टेबाजीसमेत भयो । लिगमा आबद्ध खेलाडीहरूले नै आफूलाई 'खेल मिलेमतो' गर्न प्रस्ताव आएको खुलासा गरेपछि आइसिसी, राष्ट्रिय खेलकुद परिषद् तथा सिबिआईले अनुसन्धान गरेका थिए । आइसिसीका प्रतिनिधि नेपालमा आएर नै अनुसन्धान गरेका थिए । नेपाल टी-२० लिगमा खेल मिलेमतो र सट्टेबाजहरू चलायमान हुँदा इपिएलले यसको कडा विरोध जनाएको थियो ।

दिनदिनै नेपाल टी-२० लिगमा विवाद बढेपछि भारतीय कम्पनी बीचमै भागेर गयो । अनुसन्धानका क्रममा नेपालका पूर्वक्रिकेटरहरू समातिए । चर्को विरोधपछि क्यानको गत फागुनमा भएको साधारणसभाबाट सेभेन थ्री स्पोर्टस्सँगको सम्झौता खारेज गर्ने निर्णय गऱ्यो । इपिएलका संस्थापक अख्तरले क्यानसँगको लडाइँ समाप्त भएको बताएका छन् । 'सम्भवतः क्रिकेटमा लडाइँ सकियो, हामीलाई पहिलाकै जस्तै इपिएल गर्न पाउने क्यानले स्पष्ट पारेको छ,' अख्तरले भने, 'अब हामी यसको तयारीमा लाग्छौं ।'

शीर्ष स्थानमा चर्च ब्वाइजको दुई अंकको अग्रता

काठमाडौं/ नवप्रवेशी चर्च ब्वाइज युनाइटेड क्लबले सहिद स्मारक 'ए' डिभिजन लिगको शीर्ष स्थानमा दुई अंकको अग्रता लिएको छ । दशरथ रंगशालामा भएको खेलमा चर्च ब्वाइजले सातदोबाटो युथ क्लबलाई १-० को भिनो अन्तरले हराउँदै शीर्ष स्थानमा केवल दुई अंकको अग्रता लिएको हो । चर्च ब्वाइजले १८ खेलबाट ३३ अंक जोडेको छ । दोस्रो स्थानमा रहेको जावलाखेलले समान खेलबाट ३१ अंक बटुलेको छ ।

> सातदोबाटो युथ क्लबलाई १-० को भिनो अन्तरले हराएपछि चर्च ब्वाइजको दोस्रो स्थानमा रहेको जावलाखेलमाथि दुई अंकको अग्रता

पहिलोपटक माथिल्लो डिभिजन लिग खेलिरहेको चर्च ब्वाइजले १८ खेलमा नौ जित र ६ बराबरी नतिजा निकालेको छ । चर्च ब्वाइज तीन खेलमा मात्र पराजित भएको छ । यसैगरी, दोस्रो स्थानमा रहेको जावलाखेलले १८ खेलमा नौ जित र चार बराबरी सामना गरेको छ । जावलाखेलले पाँच खेलमा अंक गुमाएको थियो ।

लिगको तेस्रो स्थानमा दुईपटकको साबिक विजेता मच्छिन्द्र क्लब रहेको छ । मच्छिन्द्रले १८ खेलबाट ३० अंक जोडेको छ । मच्छिन्द्रले आठ जित, ६ बराबरी र चार खेलमा हारको सामना गरेको छ । मच्छिन्द्र र चर्च ब्वाइजबीच तीन अंकको दूरी रहेको छ ।

सुभाषको निर्णायक गोल

दशरथ रंगशालामा चर्च ब्वाइज र सातदोबाटोबीचको खेल प्रतिस्पर्धात्मक भयो । खेलको पहिलो हाफमा दुवै क्लबले गोलरहित बराबरी खेलेका थिए । खेलको ६३औं मिनेटमा सुभाष गुरुङले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए । सातदोबाटोका खेलाडीले डिबक्सभित्र राम्रोसँग बललाई क्लियर गर्न नसकेको फाइदामा गुरुङले सहजै गोल गरे । खेलमा थप गोल भएन । उनकै गोलमा चर्च ब्वाइजले महत्त्वपूर्ण तीन अंक हात पाऱ्यो । सातदोबाटो २६ अंकका साथ पाँचौं स्थानमा रह्यो ।



तनाव कम गर्दै पुलिस

नेपाल पुलिस क्लबले रेलिगेसन क्षेत्रको तनाव कम पार्दै छ । लिगअन्तर्गत मंगलबार भएको विभागीय डर्बीमा पुलिसले नेपाल एपिएफलाई १-० ले हराएको छ । च्यासल मैदानमा महत्त्वपूर्ण तीन अंक बटुलेको पुलिसले रेलिगेसन तनाव थप कम गरेको छ । पुलिसले २२ अंक जोडेको छ । एपिएफको पनि समान २२ अंक छ । पुलिस पहिलो लेगमा एपिएफसँग २-० ले पराजित भएको थियो । पुलिस १०औं स्थानमा उक्लेको छ । एपिएफ ११औं स्थानमा छ । रेलिगेसन क्षेत्रमा फ्रेन्ड्स र खुमलटार रहेका छन् ।

जैसवालले जिते हेटौंडा मेयर कप



काठमाडौं/ नेपाल बुद्धिचाल च्याम्पियन रूपेश जैसवालले हेटौंडा मेयर कप राष्ट्रव्यापी खुला रेटिङ प्रतियोगिताको उपाधि जितेका छन् । हेटौंडामा पाँच दिनसम्म चलेको प्रतियोगितामा जैसवालले सर्वाधिक अंक बटुल्दै उपाधि र एक लाख रुपैंयाँ हात पारे । फिडे मास्टर सुरवीर लामा दोस्रो स्थानमा रहे । उनले ५० हजार रुपैयाँ जिते । अनिल राजवाहकले तेस्रो स्थानमा रहँदै २५ हजार रुपैयाँ जितेका छन् ।

> हेटौंडामा पाँच दिनसम्म चलेको प्रतियोगितामा जैसवालले सर्वाधिक अंक बटुल्दै उपाधिसँगै एक लाख रुपैयाँ हात पारे

प्रतियोगितामा २१ जना खेलाडी पुरस्कृत भएका छन् । प्रतियोगितामा चौथो स्थानमा विलमलाल श्रेष्ठ रहे । उनले २० हजार रुपैयाँ जितेका छन् । पाँचौं स्थानका सुस्मत दाहालले पनि २० हजार रुपैयाँ हात पारे । पुरुषोत्तम चौलागाईं, कृष्ण थापा, क्षितिज भण्डारी, निकेन कुवास्थ तथा श्रीलंकाकी एसडी रणसिंगेले जनही १५ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा उत्कृष्ट स्थानीय खेलाडी सुन्दर कार्की, महिला खेलाडी सिन्धिरा जोशी र उत्कृष्ट भेट्रान नवीन तण्डुकार घोषित भएका छन् ।

यसैगरी, यू-१२ मा अबिन पाण्डे, उत्कृष्ट यू-१४ आयुष डेमनदौरा र यू-१६ तर्फ पुरुषोत्तम सिलवाल विजेता बनेका छन् ।

यू-१८ मा रिसोन थापा, बेस्ट अनरेटेडमा रूपेशप्रसाद पालिखेल र बेस्ट रेटिङ १४०० मा सुजन कुमाल बने । उत्कृष्ट खेलाडीहरूले जनही १० हजार रुपैयाँ जितेका छन् । मकवानपुर जिल्ला बुद्धिचाल संघ र हेटौंडा चेस क्लबको आयोजनामा भएको प्रतियोगितामा विजेता खेलाडीहरूलाई बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले पुरस्कृत गरिन् । उनले बुद्धिचाल खेललाई बागमती प्रदेशको पाठ्यक्रममा समावेश बनाउने सुझावका आधारमा सम्बन्धित संघसस्थाहरूसँग समन्वय गरिने बताइन् ।

बागमती प्रदेश खेलकुद ७ जेठमा

मकवानपुर/ **दोस्रो** बागमती प्रदेश खेलकुद प्रतियोगिता ७ जेठमा हुने भएको छ । बागमती खेलकुद विकास परिषद्को आयोजनामा हुने प्रतियोगितामा १३ जिल्लाका खेलाडीले भाग लिने परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा दुई हजार पाँच सय खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा सात सय ९४ पदकका लागि प्रतिस्पर्धा हुने भण्डारीले बताए ।

विभिन्न १३ वटा खेलमा प्रतिस्पर्धा हुने प्रतियोगिताका खेल हेटौंडा, काठमाडौं, चितवन र ललितपुरमा हुनेछन् । सचिव भण्डारीका अनुसार हेटौंडामा ९ खेल र दुईवटा खेल काठमाडौंमा हुनेछन् । यसैगरी, चितवन र ललितपुरमा एक-एकवटा खेल खेलाइनेछ । प्रतियोगितामा फुटबल, भलिबल, एथलेटिक्स, तेक्वान्दो, कराँते, बक्सिङ, उसु, जुडो, क्रिकेट, रग्बी, ब्याडमिन्टन, पौडी र आइटिएफ तेक्वान्दोका खेल सञ्चालन हुनेछन् । खेलकुदमा दुई सय १९ वटा स्वर्ण, त्यतिकै संख्यामा रजत पदक र ३ सय ५६ कांस्य पदकका लागि खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रत्येक विधाका विजेताले पाँच हजार, उपविजेताले चार हजार र तेस्रो हुनेले तीन हजार रुपैयाँ प्राप्त गर्ने सदस्यसचिव भण्डारीले जानकारी दिए । प्रतियोगिता आयोजनाका लागि ९ करोड ४२ लाख रुपैयाँ लागत अनुमान गरिएको छ । दोस्रो संस्करणमा रग्बी, उसु, आइटिएफ तेक्वान्दो, पौडी र जुडो खेल थपिएको भण्डारीले बताए ।

हाफ म्याराथन हुने

विराटनगर/ ऐतिहासिक तथा पर्यटकीय स्थल विराट राजाको दरबार क्षेत्रको प्रचार प्रसारका लागि हाफ म्याराथन प्रतियोगिता हुने भएको छ । विराटनगर-१८ भेडियारीदेखि सुनसरीको बर्जु तालसम्म हाफ म्याराथन प्रतियोगिता हुने पर्यटन, वन तथा वातावरण मन्त्रालय कोसी प्रदेशका सचिव डा. सञ्जीव राईले बताए । हाफ म्याराथन २३ किलोमिटरको दूरीमा आयोजना हुनेछ । पुरुष र महिला गरी सयजना खेलाडीले भाग लिनेछन् । प्रतियोगितामा प्रथम हुनेलाई एक लाख, दोस्रोलाई ७५ हजार र तेस्रो स्थानमा रहने खेलाडीलाई ५० हजार रुपैयाँ प्रदान गरिनेछ । यसैगरी, महिलातर्फ ५ किलोमिटर दौडको विजेताले २५ हजार, उपविजेताले २० हजार र तेस्रो हुनेले १५ हजार रुपैयाँ पाउने सचिव राईले बताए ।

एसिया छनोटमा नेपालसहित ११ टोलीले खेल्ने

काठमाडौं/ मलेसियाले आइसिसी टी-२० महिला विश्वकप क्रिकेटअन्तर्गत एसियन छनोट प्रतियोगिताको आयोजना गर्ने भएको छ । मलेसियाले एसियन छनोट खेल अगस्ट-सेप्टेम्बरमा गर्दै छ । प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले अर्को वर्ष बंगलादेशमा आयोजना हुने आइसिसी महिला टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले मंगलबार महिला टी-२० विश्वकपको रोडम्याप सार्वजनिक गरेको हो । एसिया छनोट २८ अगस्टदेखि ६ सेप्टेम्बरसम्म मलेसियामा हुनेछ । प्रतियोगितामा नेपालसहित ११ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । एसिया छनोटमा नेपाल, मलेसिया, थाइल्यान्ड, युएई, हङकङ, भुटान, चीन, बहराइन, कुवेत, कतार र म्यानमारले प्रतिस्पर्धा गर्नेछन् ।

यसैगरी, एसियासँगै दक्षिण अफ्रिका र युरोपबाट समान दुई टोली विश्वकपका लागि छानिनेछन् । अमेरिका र इस्ट एसिया प्यासिफिक क्षेत्रबाट एक-एक टोलीले विश्वकपमा स्थान बनाउने आइसिसीले जनाएको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन, काठमाडौं

आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०।०२।०३ गते)

यस डिभिजनको मिति २०७९/१२/२१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. १३/२०७९/८० को बोलपत्र आव्हान सूचनाअनुसार तपसिलका ठेक्काका लागि म्यादभित्र E-Bid मार्फत् दर्ता भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ४ बमोजिम सारभूत रूपमा प्रभावग्राही भएका तपसिल बमोजिमका सफल बोलपत्रदाताको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१(ज) को उपनियम ५ अनुसार मिति २०८०/०२/१० गते दिनको १:०० बजे यस डिभिजनमा खोलिने भएकाले सफल बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस डिभिजनमा उपस्थितिका लागि समेत यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं., कार्य विवरण	सफल बोलपत्रदाता
RDKTM/337011384/079/80/063; Improvement of Service Lanes (Both Sides) of Jadibuti Manohara Bridge Section of Araniko Highway	1. A.L.Is Well Construction Pvt. Ltd. 2. B.S.P. Nirman Sewa Pvt. Ltd. 3. Kutumba/Bishwojyoti J/V 4. Simran Builders Pvt.Ltd. 5. Sujal -M.D. Bro J.V 6. Riddhima/Suru/Akrit J/V 7. Indrayani/ Durpana J/V 8. Munal/Dhoom J/V 9. Mahakali/Sunapati J/V

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०२/०२)

प्रस्तुत विषयमा छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरीको लागि तपसिलमा उल्लेखित पदहरुको सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकोले नेपाली नागरिकहरुबाट आवश्यक न्युनतम शैक्षिक योग्यता, नागरिकता प्रमाणपत्र, सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र (नवीकरण भएको) र कार्य अनुभवको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको २ प्रती फोटो लगायत अन्य सबै आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि र आवेदन शुल्क वापतको रकम यस गा. पा. को ग १. १ आन्तरिक राजश्व खाता (छिन्नमस्ता गा.पा.) न. ३५९०४०१०००००७ ग्लोबल आई एम इ बैंक छिन्नमस्ता शाखा मा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गरि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्न आव्हान गरिन्छ, साथै आवेदन दिने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट कार्यालय समयमा फारम बुझाउन सकिने व्यहोरा अनुरोध छ ।

सि. नं.	विज्ञापन नं.	पद	तह	माग संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता	आवेदन दस्तुर
१	१/२०७९/०८०	रोजगार सहायक	सहायक पाचौं	१	नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको, मान्यता प्राप्त शैक्षिक संस्थानवाट कम्तिमा ३ महिनाको आधारभुत कम्प्युटर तालिम प्राप्त गरेको	५००
२	२/२०७९/०८०	प्राविधिक सहायक	सहायक पाचौं	१	नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल ईन्जिनियरिंगमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण गरी मान्यता प्राप्त शैक्षिक संस्थानबाट कम्तिमा ३ महिनाको आधारभुत कम्प्युटर तालिम प्राप्त गरेको	५००
३	३/२०७९/०८०	हे.अ.	सहायक पाँचौ	३	नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे.अ. कोर्स उतिर्ण गरेको	५००
४	४/२०७९/०८०	अ.न.मि.	सहायक चौथो	४	नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थावाट अ.न.मि. कोर्स उतिर्ण गरेका	४००
५	५/२०७९/०८०	कृषि स्नातक प्राविधिक	अधिकृत छैठौं	१	कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानविषयमा स्नातक उतिर्ण	१०००
६	६/२०७९/०८०	पशु चिकित्सक	अधिकृत छैठौं	१	पशुपंक्षी विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा B.VSC/A.H./B.V.Sc. वा सो सरहको विषयमा स्नातक उतिर्ण	१०००
७	७/२०७९/०८०	का.स.	श्रेणि विहीण	५	सामान्य लेखपढ	४००

उमेरको हद :
१८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको

अनुभव :
विज्ञापन न. २ को हकमा पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सकने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको लाई ग्राह्यता र अन्यको हकमा अनुभवको प्रमाणपत्र अनुसार ग्राह्यता ।

परीक्षाको किसिम :
प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन, लिखित तथा अन्तर्वार्ता परीक्षा (का.स. को हकमा अन्तरवार्ता मात्र)

परीक्षाको मिति :
दरखास्त संकलन पछि सुचना गरिने छ ।

अन्य :
(१) प्रचलित कानुन द्वारा अयोग्य नभएको ।
(२) पेश गरिने सम्पूर्ण प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।
(३) आवेदन फारम यस गा. पा. मा सुचनामा तोकिएको आवेदन दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।
(४) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com